# शैक्षिक निकायहरूको कार्यसम्पादन २०७३/७४
# समष्टिगत प्रतिवेदन
## २०७४

**प्रतिवेदन तयार गर्ने**
डा. पेशल खनाल
डा. प्रेम फ्याक

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर

# शैक्षिक निकायहरूको कार्यसम्पादन २०७३/७४: समष्टिगत प्रतिवेदन २०७४
**Performance Audit of Educational Institutions 2017: Overall Report, 2018**


**प्रतिवेदन तयार गराउने निकाय**
शैक्षिक गुणस्तर परीक्षण केन्द्र,
सानोठिमी, भक्तपुर

**प्रतिवेदन तयार गरेको वर्ष र महिना**
२०७४ माघ

**प्रतिवेदन तयार गर्ने निकाय**
वैकल्पिक विकास अध्ययन केन्द्र, पुल्चोक, ललितपुर



**प्रतिवेदन तयार गर्ने**
डा. पेशल खनाल
डा. प्रेम फ्याक

**तथ्याङ्क विश्लेषण गर्ने**
प्रा. डा. योगेन्द्रबहादुर गुरुङ

**भाषा सम्पादन गर्ने**
डा. राजेन्द्र खनाल



**प्रकाशक**
शैक्षिक गुणस्तर परीक्षण केन्द्र,
सानोठिमी, भक्तपुर



**© प्रकाशकमा**



**मुद्रक**

# प्राक्कथन

विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादनमा सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले कार्यसम्पादन परीक्षण गर्ने अभ्यास विश्वका विभिन्न देशमा प्रचलित छ। नेपालमा पनि विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण गर्ने कार्यले संस्थागत स्वरूप धारण गरिसकेको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट बार्षिक रुपमा गरिने यस्ता कार्यसम्पादन परीक्षणको प्रतिवेदन प्रकाशन गर्ने कार्य विगत वर्षहरूदेखि निरन्तर रूपमा हुँदै आएको छ। यसै क्रममा आ.व. २०७३/२०७४ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा ताप्लेजुङ, सिरहा, भक्तपुर, रसुवा, कपिलवस्तु, म्याग्दी, मुगु र डडेल्धुरा गरी ८ जिल्लाका ४१३ माध्यमिक विद्यालय, ७९ स्रोतकेन्द्र तथा ८ जिशिकाहरूको कार्यसम्पादन परीक्षण गरिएको थियो। विज्ञहरूको सहभागितामा परामर्शदात्री संस्थाको संलग्नतामा सञ्चालन गरिएको कार्यसम्पादन परीक्षणबाट प्राप्त प्रत्येक विद्यालय तथा निकायको परीक्षण नतिजाका आधारमा जिल्लागत परीक्षण नतिजाको प्रतिवेदनसमेतलाई अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ। यो प्रतिवेदनमा परीक्षण साधनअनुसार प्राप्त नतिजालाई माइक्रोसफ्ट एक्सलमा प्रविष्ट गरी विभिन्न तथ्याङ्कीय विधिहरूको प्रयोग गरेर सो नतिजाको विश्लेषणसहित तुलनात्मक प्रस्तुति गरिएको छ। कार्यसम्पादन स्तरको विश्लेषण गर्दा विद्यालय, स्रोतकेन्द्र तथा जिशिकाहरूको तुलना तथा सूचकको क्षेत्रका आधारमा देखिएको अवस्थालाई प्रस्तुत गर्नका साथै ती तीनओटै निकायहरूको कार्यसम्पादनमा अन्तरसम्बन्ध रहे वा नरहेकोसमेत विश्लेषण गर्ने प्रयास गरिएको छ।

प्रस्तुत प्रतिवेदन लेखन कार्यमा संलग्न डा. पेशल खनाल तथा डा. प्रेम फ्याक लगायत यस कार्यको जिम्मेवारी वहन गर्ने वैकल्पिक विकास अध्ययन केन्द्रबाट यो प्रतिवेदन तयार गर्नका लागि भएको योगदान प्रशंसनीय छ। प्रतिवेदन लेखनका लागि आवश्यक जानकारी तथा विवरणहरू उपलब्ध गराउनुको साथै मस्यौदाको छलफलमा सक्रियतापूर्वक सहभागी भई महत्त्वपूर्ण सुझाव प्रस्तुत गर्नुहुने यस केन्द्रका उपनिर्देशकहरू रुद्रप्रसाद अधिकारी तथा उत्तरकुमार पराजुलीको योगदान समेत सह्रानीय रहेको छ। यो प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक सहयोग पुऱ्याउने यस केन्द्रका शा.अ.श्री नगेन्द्र प्रसाद दाहाललाई धन्यवाद छ। यस क्रममा परीक्षणमा सहभागी भएका सबै विद्यालय, स्रोतकेन्द्र तथा जिशिकाहरू, परीक्षण कार्यमा संलग्न सबै परीक्षकहरू तथा परीक्षणको जिम्मेवारी लिने संस्थाहरू, परीक्षण कार्यमा सहयोग गर्ने केन्द्रका कर्मचारीलगायत परीक्षणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैलाई धन्यवाद छ।

प्रतिवेदनमा उल्लिखित नतिजाले सम्बन्धित विद्यालय, स्रोतकेन्द्र तथा जिशिकाहरूको कार्यसम्पादन स्तरलाई यथार्थको नजिकबाट चित्रण गरेको कुरा सम्बन्धित विद्यालयका प्रअ, स्रोतकेन्द्रका स्रोतव्यक्ति तथा जिशिअहरूले परीक्षणका क्रममा व्यक्त गरेका प्रतिक्रियाबाट स्पष्ट हुन्छ। तसर्थ, यसले सम्बन्धित विद्यालय तथा निकायको कार्यसम्पादन यथार्थ अवस्थालाई सङ्केत गरेको देखिन्छ। परीक्षणको नतिजाबाट सम्बन्धित विद्यालय तथा निकायहरूलाई आआफ्नो कार्यसम्पादनमा सुधार गर्न तथा समग्र शैक्षिक प्रणालीमा नीतिगत सुधारको मार्ग निर्धारण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। कार्यसम्पादन परीक्षण गरिएका प्रत्येक विद्यालय, स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयमा परीक्षणको नतिजा सम्बन्धित परीक्षकद्वारा नै परीक्षण पश्चात् प्रस्तुत गरिएको हुँदा ती निकायहरूले सोही आधारमा आफ्ना सुधार योजना निर्माण र कार्यान्वयन गर्न सक्दछन्। यस प्रतिवेदनबाट मुख्य गरी समग्र शैक्षिक नीति तथा कार्यक्रमका लागि पृष्ठपोषण प्राप्त हुनाका साथै तुलनात्मक अध्ययनका लागि सहजीकरण हुने विश्वास गरिएको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विभिन्न विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने कार्य नियमितरूपमा भई रहने हुँदा यस प्रकारका प्रतिवेदनहरूलाई आगामी दिनमा कसरी अझ प्रभावकारी र उपलब्धिमूलक बनाउन सकिन्छ भन्ने बारेमा सम्बन्धित सबैबाट सल्लाह र सुझावको अपेक्षा गरिएको छ ।


**डा. लेखनाथ पौडेल**

सहसचिव

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

# कृतज्ञता ज्ञापन

शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षणको तथ्याङ्क विश्लेषण र तुलनात्मक अवस्थाको लेखाजोखा गर्नेजस्तो महत्वपूर्ण जिम्मेवारी प्रदान गर्नुहुने र तयार गरिएको ड्राफ्ट प्रतिवेदनमा आवश्यक सुझाव दिई सुधारको मौका दिनुहुने शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख तथा सहसचिव डा. लेखनाथ पौडेल तथा उक्त केन्द्रका सम्पूर्ण कर्मचारीहरूप्रति वैकल्पिक विकास अध्ययन केन्द्रका तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षणको तथ्याङ्क विश्लेषण र तुलनात्मक अवस्थाको लेखाजोखा गर्ने कार्यलाई सफलतापूर्वक सम्पन्न गर्ने कार्यमा संलग्न सबैको जिम्मेवारीलाई उच्च मूल्याङ्कन गर्दै सबैमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

सर्वप्रथम, चाडपर्वको बिदामा समेत आफ्नो समय दिएर तथ्याङ्क इन्ट्री गर्ने कार्यमा सहयोग पुऱ्याउने लालकुमारी मगर र सुनिता राईलाई विशेष धन्यवाद दिन चाहन्छु ।

तथ्याङ्क रुजु गरी तालिका तयार गरिदिने र तथ्याङ्क विश्लेषणमा विशेष सहयोग पुऱ्याइदिने प्रा. डा. योगेन्द्रबहादुर गुरुङप्रति आभार व्यक्त गर्दछु । प्राप्त तथ्याङ्क र नतिजाको आधारमा रिपोर्ट तयार गर्ने कार्यमा संलग्न डा. पेशल खनाल र डा. प्रेम फ्याकलाई विशेष धन्यवाद दिन्छु । साथै, भाषा सम्पादनमा सहयोग गर्नुहुने डा. राजेन्द्र खनाल प्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यस कार्यका सिलसिलामा प्राविधिक सहयोग पुऱ्याउनुहुने यस वैकल्पिक विकास अध्ययन केन्द्रका सचिव भीम राईप्रति कृतज्ञता व्यक्त गर्दछु ।

**बालकृष्ण माबुहांग**
अध्यक्ष
वैकल्पिक विकास अध्ययन केन्द्र,
पुल्चोक, ललितपुर

# विषयसूची

**खण्ड १: परिचय ........ १**

१.१ पृष्ठभूमि ........ १

१.२ नेपालको अभ्यास ........ २

१.३ कार्यसम्पादन परीक्षणको उद्देश्य ........ ४

१.४ कार्यसम्पादनका सैद्धान्तिक ढाँचा ........ ६

१.४.१ विद्यालय कार्यसम्पादन परीक्षणको ढाँचा, क्षेत्र र आधार ........ ६

१.४.२ स्रोतकेन्द्रको कार्यसम्पादन परीक्षण ढाँचा ........ ११

१.४.३ जिल्ला शिक्षा कार्यालयको कार्यसम्पादन परीक्षण ढाँचा ........ १३

१.५ परीक्षणका विधि र प्रक्रिया ........ १६

१.६ तथ्याङ्कको सङ्कलन, विश्लेषण र प्रस्तुतीकरण प्रक्रिया ........ १८

**खण्ड २: विद्यालय कार्यसम्पादन नतिजाको विश्लेषण ........ १९**

२.१ कार्यसम्पादनको तुलनात्मक अवस्था ........ १९

२.१.१ कार्यसम्पादनको समष्टिगत स्थिति ........ १९

२.१.२ लगानी ........ २०

२.१.३ प्रक्रिया ........ २६

२.१.४ उपलब्धि ........ ३५

२.२ कार्यसम्पादनको सामान्य प्रवृत्ति ........ ४२

२.३ सिफारिस र सुझाव ........ ४४

२.३.१ नीतिगत सुझाव ........ ४४

२.३.२ कार्यक्रमगत सुझाव ........ ४४

२.४ निष्कर्ष ........ ४५

खण्ड ३: स्रोतकेन्द्र स्तरीय कार्यसम्पादन परीक्षणको नतिजा ........ ४६

३.१ स्रोतकेन्द्रको कार्यसम्पादनको तुलनात्मक अवस्था ........ ४६

३.१.१ स्रोतकेन्द्रको योजना निर्माण, कार्यान्वयन र केन्द्र व्यवस्थापन ........ ४७

३.१.२ स्रोतकेन्द्र स्तरीय कार्यक्रम सञ्चालन ........ ४९

३.१.३ स्रोतकेन्द्रमा तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ........ ५१

३.१.४ विद्यालयका कार्यक्रममा सहजीकरण र अनुगमन ........ ५२

३.१.५ विद्यालयमा स्रोतकेन्द्रको सहयोग ........ ५३

३.१.६ नतिजा ........ ५५

३.१.७ प्रवर्तनात्मक कार्य ........ ५६

३.१.८ सेवाग्राही सन्तुष्टि ........ ५७

३.२ कार्यसम्पादनको सामान्य प्रवृत्ति ........ ५८

३.३ सिफारिस र सुझावहरू ........................................................................ ५९
३.३.१ नीतिगत सुझावह........................................................................ ५९
३.३.२ कार्यक्रमगत सुझावहरू ........................................................................ ५९
३.४ निष्कर्ष ........................................................................ ६०

**खण्ड ४: जिल्ला शिक्षा कार्यालयको कार्यसम्पादन नतिजाको विश्लेषण .................................. ६१**
४.१ कार्यसम्पादनको तुलनात्मक अवस्था........................................................................ ६१
४.२ कार्यसम्पादनको सामान्य प्रवृत्ति ........................................................................ ६३
४.३ सिफारिस र सुझावहरू ........................................................................ ६३
४.३.१ नीतिगत सुझावहरू ........................................................................ ६३
४.३.२ कार्यक्रमगत सुझावहरू........................................................................ ६४
४.४ निष्कर्ष ........................................................................ ६४

**खण्ड ५.विद्यालय, स्रोतकेन्द्र र जि.शि.का. कार्यसम्पादन नतिजाको तुलनात्मक अवस्था............... ६५**
५.१ समष्टिगत नतिजाको विश्लेषण ........................................................................ ६५
५.२ सूचकमा आधारित तुलनात्मक अवस्था ........................................................................ ६५

**खण्ड ६ समग्र सिफारिस र सुझावहरू........................................................................ ६७**
६.१ नीतिगत सुधारकालागि सिफारिस र सुझावहरू........................................................................ ६७
६.२ कार्यक्रमगत सुधारका लागि सिफारिस र सुझावहरू ........................................................................ ६८
६.३ कार्यसम्पादन परीक्षण नतिजाको प्रयोग ........................................................................ ६९
६.४ आगामी समयमा कार्यसम्पादन परीक्षण प्रतिवेदन तयारीका लागि सिफारिस र सुझावहरू..... ७०

**सन्दर्भसूची ........................................................................ ७१**

# तालिकाहरू


तालिका १. २०७२/७३ सम्म कार्यसम्पादन परीक्षण सम्पन्न गरिएका विद्यालय तथा निकायहरूको सङ्ख्यात्मक विवरण ........ ३
तालिका २. आ. व. २०७३/७४ मा कार्यसम्पादन परीक्षण गरिएका शैक्षिक निकायहरुको सङ्ख्यात्मक विवरण ........ ४
तालिका ३. कार्यसम्पादन परीक्षणका क्षेत्र तथा उपक्षेत्र ........ ६
तालिका ४. विद्यालय कार्यसम्पादनका सूचक ........ ७
तालिका ५. विद्यालय कार्यसम्पादन परीक्षणका लागि आधार ........ ९
तालिका ६. स्रोतकेन्द्रको कार्यसम्पादन परीक्षणका क्षेत्र, सूचक र स्तर निर्धारणका आधार ........ ११
तालिका ७. जिल्ला शिक्षा कार्यालयको कार्यसम्पादन मूल्याङ्कनका आधार ........ १३
तालिका ८. जिल्लागत रूपमा विद्यालयहरूको कार्यसम्पादनको औसत अवस्था ........ १९
तालिका ९. लगानीका क्षेत्रहरूमा विद्यालयहरूको कार्यसम्पादनको समष्टिगत स्थिति ........ २०
तालिका १०. विद्यालयको भौतिक अवस्थाको जिल्लागत स्थिति ........ २२
तालिका ११. विद्यालयमा उपलब्ध जनशक्तिका आधारमा विद्यालय कार्यसम्पादनको जिल्लागत स्थिति समुदायको सहभागिता र लगानी ........ २५
तालिका १२. समुदायले विद्यालयमा गरेको लगानीको जिल्लागत अवस्था ........ २५
तालिका १३. प्रक्रियामा आधारित विद्यालय कार्यसम्पादनको जिल्लागत स्थिति ........ २७
तालिका १४. कक्षा शिक्षणका विभिन्न सूचकमा विद्यालय कार्यसम्पादनको तुलनात्मक अवस्था ........ २८
तालिका १५. विद्यार्थी मूल्याङ्कनका क्षेत्रमा भएका कार्यसम्पादनको जिल्लागत स्थिति ........ ३०
तालिका १६. शिक्षकको पेसागत विकासको तुलनात्मक स्थिति ........ ३१
तालिका १७. नेतृत्व र व्यवस्थापनको आधारमा विद्यालयको कार्यसम्पादनको जिल्लागत स्थिति ........ ३३
तालिका १८. विद्यालय कार्यसम्पादनमा सह तथा अतिरिक्त क्रियाकलापको स्थिति ........ ३४
तालिका १९. उपलब्धिमा आधारित कार्यसम्पादनको जिल्लागत अवस्था ........ ३६
तालिका २०. नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दरका आधारमा जिल्लागत कार्यसम्पादनको अवस्था ........ ३७
तालिका २१. विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा विद्यालय कार्यसम्पादनको जिल्लागत स्थिति ........ ३९
तालिका २२. विद्यालय कार्यसम्पादनमा सेवाग्राही सन्तुष्टिको जिल्लागत अवस्था ........ ४०
तालिका २३. शिक्षकको पेसागत सन्तुष्टिका आधारमा कार्यसम्पादनको जिल्लागत स्थिति ........ ४१
तालिका २४. स्रोतकेन्द्र कार्यसम्पादनको तुलनात्मक अवस्था ........ ४६
तालिका २५. स्रोतकेन्द्रको योजना निर्माण, कार्यान्वयन र केन्द्र व्यवस्थापन अवस्थाको जिल्लागत स्थिति ४८
तालिका २६. स्रोतकेन्द्र स्तरीय कार्यक्रम सञ्चालनको जिल्लागत अवस्था ........ ४९
तालिका २७. स्रोतकेन्द्रमा तथ्याङ्क तथा अभिलेख व्यवस्थापनको जिल्लागत स्थिति ........ ५१
तालिका २८. स्रोतकेन्द्रद्वारा विद्यालयका कार्यक्रममा सहजीकरण र अनुगमनको जिल्लागत स्थिति ........ ५२
तालिका २९. विद्यालयमा स्रोतकेन्द्रको सहयोगको जिल्लागत स्थिति ........ ५४
तालिका ३०. स्रोतकेन्द्रस्तरीय विद्यार्थी नतिजाको जिल्लागत अवस्था ........ ५५
तालिका ३१. प्रवर्तनात्मक कार्यमा स्रोतकेन्द्रको कार्यसम्पादनको जिल्लागत स्थिति ........ ५६
तालिका ३२. सेवाग्राही सन्तुष्टि स्रोतकेन्द्रको कार्यसम्पादनको जिल्लागत स्थिति ........ ५७
तालिका ३३. जि.शि.का.हरूको कार्यसम्पादनको तुलनात्मक अवस्था ........ ६१

# चित्रहरू


चित्र १ : विद्यालय कार्यसम्पादन ढाँचा ........ ७
चित्र २ : विद्यालयको समष्टिगत कार्यसम्पादनको जिल्लागत स्थिति ........ २०
चित्र ३ : लगानीका आधारमा विद्यालयको समग्र कार्यसम्पादन स्तरको जिल्लागत स्थिति ........ २१
चित्र ४ : लगानीका क्षेत्रमा भएको कार्यसम्पादनको जिल्लागत अवस्था ........ २१
चित्र ५ : विद्यालयको भौतिक अवस्थाको जिल्लागत स्थिति ........ २३
चित्र ६ : शिक्षक/जनशक्तिको जिल्लागत अवस्था ........ २५
चित्र ७ : समुदायको सहभागिता र लगानीको जिल्लागत स्थिति ........ २६
चित्र ८ : प्रक्रियामा आधारित कार्यसम्पादनको जिल्लागत स्थिति ........ २७
चित्र ९ : प्रक्रिया अन्तर्गतका सूचकमा जिल्लास्तरको तुलनात्मक स्थिति ........ २८
चित्र १० : कक्षा शिक्षण प्रभावकारिताको जिल्लागत स्थिति ........ २९
चित्र ११ : विद्यार्थी मूल्याङ्कनमा आधारित कार्यसम्पादनको जिल्लागत स्थिति ........ ३०
चित्र १२ : शिक्षकको पेसागत स्थितिको जिल्लागत स्थिति ........ ३२
चित्र १३ : नेतृत्व र व्यवस्थापनको जिल्लागत स्थिति ........ ३४
चित्र १४ : सह/अतिरिक्त क्रियाकलापसँग सम्बन्धित कार्यसम्पादनको जिल्लागत स्थिति ........ ३५
चित्र १५ : उपलब्धि अन्तर्गतका सूचकमा जिल्लास्तरको तुलनात्मक स्थिति ........ ३७
चित्र १६ : नियमिततामा वृद्धि र विद्यालय र कक्षा दोहोऱ्याउने दरमा कमी आएको आधारमा कार्यसम्पादको जिल्लागत स्थिति ........ ३८
चित्र १७ : सिकाइ उपलब्धिको जिल्लागत स्थिति ........ ३९
चित्र १८ : विद्यालय कार्यसम्पादनमा सेवाग्राही सन्तुष्टिको जिल्लागत स्थिति ........ ४०
चित्र १९ : शिक्षकको पेसागत सन्तुष्टिको जिल्लागत स्थिति ........ ४२
चित्र २० : स्रोतकेन्द्रको कार्यसम्पादनको समष्टिगत नतिजा ........ ४७
चित्र २१ : स्रोतकेन्द्रको योजना निर्माण, कार्यान्वयन र केन्द्र व्यवस्थापनको जिल्लागत स्थिति ........ ४९
चित्र २२ : स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालनको जिल्लागत स्थिति ........ ५०
चित्र २३ : स्रोतकेन्द्रमा तथ्याङ्क तथा अभिलेख व्यवस्थापनको जिल्लागत स्थिति ........ ५२
चित्र २४ : स्रोतकेन्द्रद्वारा विद्यालय कार्यक्रमको सहजीकरण/अनुगमनको जिल्लागत स्थिति ........ ५३
चित्र २५ : विद्यालयमा स्रोतकेन्द्रको सहयोगको जिल्लागत स्थिति ........ ५४
चित्र २६ : स्रोतकेन्द्रमा उपलब्ध तथ्याङ्कको आधारमा विद्यालयको नतिजाको जिल्लागत स्थिति ........ ५६
चित्र २७ : स्रोतकेन्द्रमा हुने प्रवर्तनात्मक कार्यको जिल्लागत स्थिति ........ ५७
चित्र २८ : स्रोतकेन्द्रको कार्यसम्पादनमा सेवाग्राही सन्तुष्टिको जिल्लागत स्थिति ........ ५८
चित्र २९ : जि.शि.का. कार्यसम्पादनको समष्टिगत नतिजा ........ ६२

# खण्ड १: परिचय

## १.१ पृष्ठभूमि

शैक्षिक निकायहरूले प्रदान गर्ने सेवा तथा कार्यहरूको स्वतन्त्र परीक्षण गरी गुणस्तर र जवाफदेहिता सुनिश्चित गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office) को स्थापना भएको हो । परीक्षणको एउटा महत्त्वपूर्ण पक्षका रूपमा यस केन्द्रले आफ्नो नियमित कार्यक्रमअन्तर्गत शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण गर्दछ । यस केन्द्रले सम्बन्धित क्षेत्रका विज्ञहरूको सहयोगमा कार्यसम्पादन परीक्षणका लागि निश्चित ढाँचा तथा साधन तयार गरेको छ । सो साधनको प्रयोग गरी शिक्षा क्षेत्रमा विशिष्ट प्रकृतिको ज्ञान, अनुभव र योग्यता भएका विज्ञहरूबाट कार्यसम्पादन कार्य अगाडि बढाइन्छ । जिम्मेवारी दिइएका विज्ञहरूले सम्बन्धित निकायको स्थलगत भ्रमण गरी कार्यसम्पादनको क्रममा तयार गरिएका अभिलेखको अध्ययन, सरोकारवालासँगको छलफल, अन्तरक्रिया तथा कक्षा अवलोकनसमेत गरी त्यहाँको यथार्थ अवस्थाको लेखाजोखा गर्दछन् । तोकिएको परीक्षण साधन प्रयोग गरेर विभिन्न विधिबाट तथ्याङ्क तथा सूचना सङ्कलन गरी त्यसबाट प्राप्त भएको प्रमाणमा आधारित भई कार्यसम्पादनको स्तर निर्धारण गरिन्छ ।

शैक्षिक निकायहरूले प्रदान गर्ने निश्चित सेवा तथा कार्यहरू सेवाग्राही तथा सरोकारवालासम्म पुऱ्याउनका लागि भौतिक पूर्वाधार, मानव संसाधन र वित्तीय स्रोतको लगानीको प्रभावकारिता, मितव्ययिता, कार्यकुशलता र पारदर्शिताका सम्बन्धमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट छनौट भएका संस्थामार्फत यो कार्यसम्पादन परीक्षण सम्पन्न गरिँदै आएको छ । यस प्रकारको बाह्य परीक्षण वा मूल्याङ्कनले शैक्षिक कार्यक्रम र संस्थाहरूको स्तर निर्धारण गर्दछ र त्यसैका आधारमा पृष्ठपोषणसम्बन्धी निर्णयहरू लिइन्छ । यस प्रकारको कार्यसम्पादन परीक्षण विद्यालय, स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयको मितव्ययिता, कार्यकुशलता र प्रभावकारितालाई मुख्य आधार मानी सम्पन्न गर्ने गरिएको छ ।

कार्यसम्पादन परीक्षणको मुख्य सैद्धान्तिक आधारमा मितव्ययिता, कार्यकुशलता र प्रभावकारितालाई लिइएको छ (INTOSAI, 2015):

- **मितव्ययिताको सिद्धान्त** : यसले खर्चलाई न्यून राख्नु भन्ने बुझाउँछ । परीक्षण गरिएको निकायको क्रियाकलापका लागि प्रयोग गरिएको स्रोत सही समयमा, आवश्यक मात्रामा र गुणस्तरको र सबभन्दा उपयुक्त मूल्यमा उपलब्ध गराउनु पर्दछ ।

- **कार्यकुशलताको सिद्धान्त** : यसले उपलब्ध स्रोतबाट सकेसम्म बढी उपलब्धि प्राप्त गर्ने भन्ने बुझाउँछ । यसले मात्रा, गुणस्तर र उपज वा उपलब्धि (Output or achievements) को आधारमा प्रयोग गरिएको स्रोत, दिइएको परिस्थिति र हासिल गरेको नतिजाबीचको सबभन्दा राम्रो सम्बन्ध देखाउँछ ।

- **प्रभावकारिताको सिद्धान्त** : यसले निर्धारित उद्देश्य हासिल गर्ने भन्ने बुझाउँछ । यो निर्धारित विशिष्ट लक्ष्य, उद्देश्य वा अपेक्षित नतिजा हासिल गर्नेसँग सम्बन्धित छ ।

उल्लिखित तीन महत्वपूर्ण पक्षहरूलाई आधार मानी शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा निम्नलिखित मापदण्डका आधारमा कार्यसम्पादन परीक्षण गर्ने गरिएको छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७३, पृ.१–२) :

- **उद्देश्य पूरा भए वा नभएको** : तोकिएका उद्देश्य कुन हदसम्म पूरा गरेका छन् ?
- **मितव्ययिता** : कार्यक्रमले कुन हदसम्म न्यूनतम लगानीमा अधिकतम उपलब्धि हासिल गरेको छ ?
- **पारदर्शिता** : निर्णय प्रक्रिया र अन्य सूचनाको सरोकारवालालाई कुन हदसम्म जानकारी दिने गरिएको छ ?
- **सहभागिता** : निर्णय प्रक्रियामा सरोकारवालाको कुन हदसम्म सहभागिता भएको छ ?
- **प्रभावकारिता** : कार्यक्रमको प्राप्ति वा उपलब्धिले कुन हदसम्म सकारात्मक परिणाम ल्याएका छन् ?
- **सन्तुष्टि** : कार्यक्रममा संलग्न व्यक्ति र सेवाग्राही कार्यक्रमबाट कुन हदसम्म सन्तुष्ट भएका छन् ?
- **योजना** : कार्यक्रममा कुन हदसम्म योजना निर्माण र कार्यान्वयन भएका छन् ?
- **नेतृत्व** : कार्यक्रमको नेतृत्व कुन हदसम्म सबल र प्रजातान्त्रिक छ ?
- **व्यवस्थापन** : कार्यक्रमको आर्थिक, प्रशासनिक र मानव संसाधन व्यवस्थापन कुन हदसम्म चुस्त रहेको छ ?
- **निष्पक्षता र समता** : सेवाग्राहीलाई सेवा प्रदान गर्दा पक्षपातरहित र उनीहरूको विशेष आवश्यकताका आधारमा सुविधामूलक ढङ्गले गरिएको छ वा छैन ?
- **सर्वसुलभता** : कार्यक्रमले प्रदान गर्ने सेवा निशुल्क वा थोरै शुल्कमा र कुनै पनि प्रशासनिक झन्झट विना प्राप्त हुन सक्छ कि सक्दैन ?

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले वैकल्पिक विकास अध्ययन केन्द्रलाई नेपालका आठ जिल्लाका जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र र विद्यालयहरूको कार्यसम्पादन परीक्षणबाट प्राप्त नतिजाको तुलनात्मक विश्लेषण गर्ने जिम्मेवारी दिएको थियो । शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा तोकिएको विधि, प्रक्रिया र साधनको प्रयोग गरी सम्पन्न गरिएको कार्यसम्पादन परीक्षणबाट प्राप्त नतिजालाई विज्ञहरूको संलग्नतामा तथ्याङ्कशास्त्रीय विश्लेषण गरी यो प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## १.२ नेपालको अभ्यास

नेपालमा शिक्षा क्षेत्रमा कार्यसम्पादन परीक्षणको अभ्यासको व्यवस्थित थालनी भएको धेरै समय भएको छैन । विगतमा शैक्षिक संस्थाहरूले के कसरी कार्यसम्पादन गरेका छन् भनेर केही छिटफुट अनुसन्धान र मूल्याङ्कन हुने गरे तापनि नेपालमा शैक्षिक निकाय र विद्यालयहरूको कार्यप्रभावकारिता, कार्यसक्षमता र सेवाप्रवाहको

गुणस्तरीयताको लेखाजाखा गर्न कार्यसम्पादन स्तरको परीक्षणको अवधारणालाई विद्यालय क्षेत्र सुधार योजना सन् २००९ देखि मात्र व्यवस्थित रूपमा आत्मसात गरी कार्यान्वयन गरिएको देखिन्छ । प्रचलित ऐन, नियम, निर्देशिका तथा नीतिद्वारा निर्धारित प्रत्येक संगठनका कार्यविवरणका विशिष्टीकृत सूचकका आधारमा शिक्षा मन्त्रालय अन्तर्गतका निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सन् २०१२ देखि गरिंदै आएको छ । कार्यसम्पादन परीक्षणका क्रममा प्रयोग गर्ने गरिएका परीक्षण साधनहरुलाई समसामयिक परिमार्जन गरी सन् २०१५ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले जिल्ला शिक्षा कार्यालय कार्यसम्पादन परीक्षण साधन २०७२, स्रोतकेन्द्र कार्यसम्पादन परीक्षण साधन २०७२ र सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण साधन २०७२ तयार गरेको थियो । सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण साधन २०७२ मा उल्लेख भएअनुसार उच्च माध्यमिक विद्यालयका लागि १८६, माध्यमिक विद्यालयका लागि १८३ र निम्न माध्यमिक विद्यालय र प्राथमिक विद्यालयका लागि १६३ सूचक राखिएका थिए । उल्लिखित क्षेत्रअन्तर्गतका सूचकहरू सम्बन्धमा प्राप्त जानकारी र प्रमाणहरूका आधारमा अत्युत्तम, उत्तम, मध्यम र न्यून गरी चार स्तरमा परीक्षण गर्ने गरिएको थियो (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७२) । यसैगरी क्षे.शि.नि., शै.ता.के. तथा विभिन्न केन्द्रीय निकायहरुका समेत परीक्षण साधन तयार गरी कार्यसम्पादन परीक्षण गरिएको थियो ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा आर्थिक वर्ष २०७२/७३ सम्म कार्यसम्पादन परीक्षण सम्पन्न गरिएका विद्यालय तथा निकायहरूको सङ्ख्यात्मक विवरण निम्नानुसार रहेको छ :

**तालिका १. २०७२/७३ सम्म कार्यसम्पादन परीक्षण सम्पन्न गरिएका विद्यालय तथा निकायहरूको सङ्ख्यात्मक विवरण**

| आर्थिक वर्ष | विद्यालय | स्रोतकेन्द्र | जि.शि.का | क्षे.शि.नि | शै.ता.के | केन्द्रीय निकाय |
|---|---|---|---|---|---|---|
| २०६८/६९ | ३० | ० | ५ | ० | ० | २* |
| २०६९/७० | ४८ | ० | १० | ० | ० | ० |
| २०७०/७१ | ४२ | ८ | ८ | ० | ० | ० |
| २०७१/७२ | ३३ | ११ | १५ | १ | ० | ० |
| २०७२/७३ | २६ | ७ | ७ | २ | १ | १* |

* *केन्द्रीय निकायहरुतर्फ आ.ब.२०६८/६९ मा अनौपचारिक शिक्षा केन्द्र र पाठ्यक्रम विकास केन्द्र तथा आ.ब.२०७२/७३ मा विद्यालय शिक्षक किताबखानाको कार्यसम्पादन परीक्षण गरिएको थियो ।*

उल्लिखित निकायहरूको निर्धारित सङ्ख्यामा गरिएको कार्यसम्पादन परीक्षणका क्रममा अनुसन्धानका आधारभूत विधि, प्रक्रिया र पद्धतिको अवलम्बन गर्दै संस्थाहरूको स्थलगत अवलोकन तथा प्रत्यक्ष र परोक्षरूपमा सरोकारवालासँग अन्तरक्रिया गरिएको थियो । परीक्षणका लागि पूर्व शिक्षा प्रशासक तथा विश्वविद्यालयमा कार्यरत विज्ञहरूको समूह बनाई परीक्षकका लागि सञ्चालित अभिमुखीकरणमा सहभागी

भएपछि कार्यक्षेत्रमा पठाइएको थियो । परीक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको विश्लेषण गरी प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो । प्रारम्भिक प्रतिवेदन विज्ञ कार्यशालामा प्रस्तुत गरी प्राप्त पृष्ठपोषणका अधारमा प्रतिवेदनलाई अन्तिम रूप दिइएको थियो ।

कार्यसम्पादन परीक्षणलाई अझ व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा २०७३ सालमा विद्यालय, जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रका लागि कार्यसम्पादन परीक्षण ढाँचा तयार गरी सोही ढाँचाका आधारमा परीक्षणका क्षेत्र, उपक्षेत्र र सूचकहरू तयार गरेको छ। आ. व. २०७३/७४ मा सोही ढाँचाका आधारमा तयार गरिएका परीक्षण साधनहरू प्रयोग गरी आठ जिल्लाका माध्यमिक विद्यालयहरू, स्रोतकेन्द्रहरू र जिल्ला शिक्षा कार्यालयहरुको कार्यसम्पादन परीक्षण गरिएको थियो। आ. व. २०७३/७४ मा प्रयोग गरिएको कार्यसम्पादन परीक्षण साधनका परीक्षणका क्षेत्र, उपक्षेत्र र सूचकहरू खण्ड १.४ मा प्रस्तुत गरिएको छ।

आ. व. २०७३/७४ मा आठ जिल्लाका निम्निलिखित सङ्ख्याका (तालिका २) विद्यालय, स्रोतकेन्द्र र जि.शि.का. हरुको कार्यसम्पादन सम्पन्न गरिएको छ भने उक्त परीक्षणबाट प्राप्त नतिजाको तुलनात्मक विश्लेषणमा आधारित भई यो प्रतिवेदन तयार गरिएको छ।

**तालिका २. आ. व. २०७३/७४ मा कार्यसम्पादन परीक्षण गरिएका शैक्षिक निकायहरुको सङ्ख्यात्मक विवरण**

| जिल्ला | विद्यालय | स्रोतकेन्द्र | जि.शि.का. | जम्मा |
|---|---|---|---|---|
| ताप्लेजुङ | ५४ | १४ | १ | ६९ |
| सिरहा | ७२ | ११ | १ | ८४ |
| रसुवा | २० | ८ | १ | २९ |
| भक्तपुर | ५१ | ८ | १ | ६० |
| म्याग्दी | ६० | १२ | १ | ७३ |
| कपिलवस्तु | ७१ | १० | १ | ८२ |
| मुगु | २२ | ८ | १ | ३१ |
| डडेल्धुरा | ६३ | ८ | १ | ७२ |
| जम्मा | ४१३ | ७९ | ८ | ५०० |

## १.३ कार्यसम्पादन परीक्षणको उद्देश्य

यस परीक्षणको मुख्य उद्देश्य शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण गरी सुधारको क्षेत्र पहिचान गर्नु हो । विद्यालय, स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयका लगानी, प्रक्रिया र उपलब्धिका विभिन्न क्षेत्रहरूमा प्राप्त सूचक तथा प्रमाणहरूका आधारमा वस्तुगत अवस्थाको परिमाणात्मक मूल्याङ्कन गर्नु यस परीक्षणको

विशिष्ट उद्देश्य हो । यसका साथै कार्यसम्पादन सुधारका क्षेत्रहरू पहिचान गरी सम्बन्धित निकायलाई उपयुक्त पृष्ठपोषण प्रदान गर्नु पनि यस कार्यसम्पादन परीक्षणको उद्देश्य रहेको छ । समग्रमा विद्यालय, स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयको कार्यसम्पादन परीक्षणबाट निम्नलिखित उद्देश्य हासिल गर्ने अपेक्षा गरिएको छ :

- जिल्लाका विद्यालय, स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयले शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि गरेको प्रयासको वर्तमान अवस्थाको लेखाजोखा गर्ने ।
- कार्यसम्पादनका सम्बन्धमा देखिएका सबल पक्षहरूको लेखाजोखा गर्ने ।
- कार्यसम्पादनका सम्बन्धमा देखिएका सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गर्ने ।
- परीक्षणका नतिजाहरूको आधारमा शैक्षिक निकायहरूको कार्यसम्पादन सुधार गर्न उचित सल्लाह र सुझाव प्रदान गर्ने ।

उल्लिखित उद्देश्यहरूमा आधारित यस अध्ययनका निम्नलिखित विशिष्ट उद्देश्यहरू रहेका छन् :

- विद्यालयहरूको भौतिक अवस्था, मानव संसाधन र समुदायको लगानीको अवस्था लेखाजोखा गरी सोको स्तर निर्धारण गर्ने ।
- विद्यालयमा शिक्षण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, शिक्षकको पेसागत विकास, नेतृत्व, व्यवस्थापन र अतिरिक्त क्रियाकलापको अवस्था लेखाजोखा गर्ने ।
- विद्यालयले प्रदान गरेको सेवाको आधारमा प्राप्त उपलब्धि, जस्तै : नियमितता, कक्षा दोहोऱ्याउने दर र छाड्ने दर तथा सिकाइ उपलब्धिको लेखाजोखा गर्ने ।
- जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रको योजना निर्माण, कार्यान्वयन र व्यवस्थापनको अवस्था लेखाजोखा गरी स्तर निर्धारण गर्ने ।
- जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्र स्तरीय कार्यक्रम सञ्चालनको अवस्था लेखाजोखा गर्ने ।
- जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रमा तथ्याङ्क तथा अभिलेख व्यवस्थापनको अवस्था मूल्याङ्कन गर्ने ।
- जिल्ला शिक्षा कार्यालय र विद्यालयका कार्यक्रम कार्यान्वियनमा स्रोतकेन्द्रको सहजीकरण तथा अनुगमनको अवस्था मूल्याङ्कन गर्ने ।
- जिल्ला शिक्षा कार्यालय र विद्यालयमा स्रोतकेन्द्रले पुऱ्याएको सहयोगको अवस्था मूल्याङ्कन गर्ने ।
- जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्र स्तरीय विद्यालयहरूको नतिजाको आधारमा स्रोतकेन्द्रको मूल्याङ्कन गर्ने ।
- जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रमा भएका प्रवर्तनात्मक कार्यको लेखाजोखा गर्ने ।
- सेवाग्राहीको सन्तुष्टिका आधारमा जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र र विद्यालयको कार्यको मूल्याङ्कन गर्ने ।
- परीक्षणका नतिजाहरूको आधारमा शैक्षिक निकायहरूको कार्यसम्पादन सुधार गर्न सम्बन्धित निकाय, शिक्षा मन्त्रालय तथा अन्य सरोकारवालालाई पृष्ठपोषण प्रदान गर्ने ।

## १.४ कार्यसम्पादनका सैद्धान्तिक ढाँचा

### १.४.१ विद्यालय कार्यसम्पादन परीक्षणको ढाँचा, क्षेत्र र आधार

विभिन्न देशका विद्यालयको कार्यसम्पादनको पुनरावलोकन गरी विद्यालय कार्यसम्पादन परीक्षणका पक्षहरू र नेपालका सामुदायिक विद्यालयहरूको यथार्थलाई मुख्य आधार बनाई कार्यसम्पादन परीक्षणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षण ढाँचा तयार पारेको छ । उक्त ढाँचाअनुसार विद्यालय तथा अन्य शैक्षिक निकायहरूमा लगानी, प्रक्रिया र उपलब्धिसँग सम्बन्धित सूचना तथा प्रमाणहरूको लेखाजोखा गरी यो कार्यसम्पादन परीक्षण सम्पन्न गरिएको थियो ।


यस ढाँचाअनुसार संलग्न परीक्षणका क्षेत्र, उपक्षेत्र र सूचकहरूको विवरण निम्नलिखित तालिकामा उल्लेख गरिएको छ :

**तालिका ३. कार्यसम्पादन परीक्षणका क्षेत्र तथा उपक्षेत्र**

<table>
<tr><th>लगानी</th><th>प्रक्रिया</th><th>उपलब्धि</th></tr>
<tr><td>१. भौतिक संरचना</td><td>४. कक्षा शिक्षण</td><td>९. नियमितता र कक्षा दोहोऱ्याउने तथा छाड्ने दर</td></tr>
<tr><td>२. शिक्षण मानव संसाधन र स्थायित्व</td><td>५. विद्यार्थी मूल्याङ्कन</td><td>१०. सिकाइ उपलब्धि</td></tr>
<tr><td rowspan="3">३. समुदायको सहभागिता र लगानी</td><td>६. शिक्षकको पेसागत विकास</td><td>११. सेवाग्राही सन्तुष्टि</td></tr>
<tr><td>७. नेतृत्व र व्यवस्थापन</td><td rowspan="2">१२. शिक्षकको पेसागत सन्तुष्टि</td></tr>
<tr><td>८. अतिरिक्त क्रियाकलाप</td></tr>
</table>

उल्लिखित क्षेत्र र उपक्षेत्रलाई लगानी, प्रक्रिया र उत्पादनको शीर्षकसँग सम्बन्धित गराएर शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार गरेको निम्नानुसारको ढाँचालाई यस परीक्षणमा उपयोग गरिएको थियो ।

**चित्र १. विद्यालय कार्यसम्पादन ढाँचा**




*स्रोत : शै.गु.प.के, २०७३*

उल्लिखित १२ उपक्षेत्रबाट विभिन्न सङ्ख्यामा पर्ने गरी कार्यसम्पादन परीक्षणका जम्मा ८८ ओटा सूचकहरू निर्धारण गरिएका छन् ।

**तालिका ४. विद्यालय कार्यसम्पादनका सूचक**

| उपक्षेत्र | सूचक सङ्ख्या | सूचक |
|---|---|---|
| भौतिक संरचना | १६ | विद्यालयको हाताको क्षेत्रफल, खेलमैदान, कक्षाकोठाको उपलब्धता र प्रयोग, कक्षाकोठा गुणस्तर, फर्निचर, बिजुली, कम्प्युटरको उपलब्धता, शिक्षण सिकाइमा कम्प्युटरको प्रयोग, चमेनागृहको उपलब्धता र सेवा प्रवाह, पानी र साबुनको उपलब्धता, खेलकुद सामग्री, शौचालय, पुस्तकालय/बुक कर्नरको उपलब्धता र प्रयोग, विज्ञान प्रयोगशालाको उपलब्धता र प्रयोग, घेराबारा (कम्पाउण्डवाल), कक्षाकोठामा प्रयोग हुने पाटी |
| शिक्षण मानव संसाधन र स्थायित्व | ७ | कक्षा र विषयको अनुपातमा शिक्षक सङ्ख्या, शिक्षकको योग्यता, लैङ्गिक अनुपात, नियुक्तिको प्रकार, शिक्षकमा सूचना प्रविधि (कम्प्युटर र इन्टरनेट/इमेल) सम्बन्धी क्षमता, शिक्षक उपस्थिति, प्रअद्वारा गरिएको शिक्षकको कार्यसम्पादन स्तरको मूल्याङ्कन |

| | | |
|---|---|---|
| समुदायको सहभागिता र लगानी | ४ | जग्गा, भवन, आर्थिक सहयोग, समुदायको सहभागिता |
| कक्षा शिक्षण | १० | योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, छलफल र अन्तरक्रियात्मक शिक्षण, शिक्षणमा प्रविधि (कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट सामग्री, मोबाइल फोन) को प्रयोग, वैयक्तिक भिन्नतामा आधारित सहयोगात्मक शिक्षण, गृहकार्य, शिक्षणमा सकारात्मक पुनर्वल (प्रोत्साहन, हौसलासमेत), शिक्षण सुधार योजना, कार्यमूलक अनुसन्धान, कक्षाकोठा व्यवस्थापन |
| विद्यार्थी मूल्याङ्कन | ६ | निरन्तर विद्यार्थी मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कनको प्रयोग, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, परीक्षाफलको विश्लेषण र पृष्ठपोषण |
| शिक्षकको पेसागत विकास | ७ | पेसागत विकासका लागि अवलम्बन गरिएका उपाय, शिक्षकको पेसागत विकास (TPD) तालिममा सहभागिता, विद्यालयको आयोजनामा क्षमता विकास तालिम/स्रोत कक्षा सञ्चालन, स्मारिका, बुलेटिन, पत्रिका वा भित्तेपत्रिका प्रकाशन, अवलोकन भ्रमण, नियमित अध्ययन सामग्रीको व्यवस्था, प्रोत्साहन र सुविधा |
| नेतृत्व र व्यवस्थापन | १७ | विव्यसको गठन, विव्यसको बैठक र निर्णय, विव्यस निर्णय कार्यान्वयन, शिक्षक अभिभावक संघको गठन र क्रियाशीलता, शिक्षक अभिभावक संघको बैठक, शिअसंको निर्णय कार्यान्वयन, अभिभावक भेला र निर्णय, सामाजिक परीक्षण, शिक्षक स्टाफ बैठक र शैक्षिक निर्णय, महत्त्वपूर्ण विषयमा प्र.अ. को निर्णय, विव्यसको निर्णय प्रक्रिया, विद्यालय सुधार योजना, वार्षिक योजना र कार्यक्रम, तिनको कार्यान्वयन, स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग, सुशासन र पारदर्शिता, अभिलेख व्यवस्थापन, आर्थिक व्यवस्थापन |
| सह/अतिरिक्त क्रियाकलाप | ६ | सह/अतिरिक्त क्रियाकलापको योजना, सह/अतिरिक्त क्रियाकलाप योजनाको कार्यान्वयन, सह/अतिरिक्त क्रियाकलाप सञ्चालन, प्रतियोगितामा विद्यालयको सहभागिता, सह/अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता, बालक्लब, रेडक्रस, स्काउट, सदनको गठन |
| नियमितता, कक्षा दोहोऱ्याउने र छाड्नेदर | ६ | नियमितता कक्षा - ५, नियमितता कक्षा - ८, विद्यालय छाड्ने दर - कक्षा ५, विद्यालय छाड्ने दर - कक्षा ८, कक्षा दोहोऱ्याउने दर - कक्षा ५, कक्षा दोहोऱ्याउने दर - कक्षा ८ |

| | | |
|---|---|---|
| सिकाइ उपलब्धि | ५ | गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा - ५ नेपाली, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा - ५ गणित, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा - ८ नेपाली, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा ८ गणित, एस.एल.सी. औसत GPA |
| सेवाग्राही सन्तुष्टि | २ | अभिभावक, विद्यार्थी |
| शिक्षकको पेसागत सन्तुष्टि | २ | विद्यालय कार्यप्रगतिका सम्बन्धमा सन्तुष्टि, आफ्नो पेसा सम्बन्धमा सन्तुष्टि |
| जम्मा | ८८ | |

***स्रोत : शै.गु.प.के., २०७३***

लगानी, प्रक्रिया र उपलब्धिका ३ क्षेत्रका १२ उपक्षेत्रमा पर्ने विभिन्न सूचकहरूमा प्रत्येक विद्यालयको वास्तविक अभिलेख र तथ्याङ्क अध्ययन गरेर, स्थलगत अवलोकन गरेर र सरोकारवालासँग अन्तरवार्ता लिएर निर्धारित मापदण्डको आधारमा ० - उपलब्ध नभएको, १ - कमजोर, २ - मध्यम र ३ - उत्तममध्ये एकमा चिनो लगाई स्तर निर्धारण गरिएको छ। प्रत्येक विद्यालयले लगानी, प्रक्रिया र उपलब्धिका क्षेत्रमा प्राप्त गरेको कूल प्राप्ताङ्कका आधारमा लगानी, प्रक्रिया, उपलब्धि र सेवा प्रदान गरेको विद्यार्थी सङ्ख्यालाई क्रमशः २५%, ३०%, ४०% र ५% अङ्कभार छुट्याई विद्यालयको कार्यसम्पादनको अन्तिम मूल्याङ्कन गरिएको छ।

उल्लिखित आधारमा तयार गरिएको विद्यालयको कार्यसम्पादन मूल्याङ्कनको समष्टिगत ढाँचा निम्नानुसार रहेको छः

**तालिका ५. विद्यालय कार्यसम्पादन परीक्षणका लागि आधार**

| क्र.सं. | क्षेत्र | उपक्षेत्र र सूचक सङ्ख्या | पूर्णाङ्क | स्तर निर्धारण र मूल्याङ्कनका आधार |
|---|---|---|---|---|
| १ | I. लगानी | विद्यालयको भौतिक संरचना (१६) | ४८ | ० - १६ कमजोर<br>१७ - ३२ मध्यम<br>३३ -४८ राम्रो |
| २ | | शिक्षण (७) | २१ | ० - ७ कमजोर<br>८ - १४ मध्यम<br>१५ - २१ राम्रो |
| ३ | | समुदायको सहभागिता र लगानी (४) | १२ | ० - ४ कमजोर<br>५ - ८ मध्यम<br>९ - १२ राम्रो |
| जम्मा (I) २७ | | | ८१ | ० - २७ कमजोर<br>२८ - ५४ मध्यम<br>५५ - ८१ राम्रो |

| | | | | |
|---|---|---|---|---|
| ४ | II. प्रक्रिया | कक्षा शिक्षण (१०) | ३० | ० - १० कमजोर<br>११ - २० मध्यम<br>२१ - ३० राम्रो |
| ५ | | विद्यार्थी मूल्याङ्कन (६) | १८ | ० - ६ कमजोर<br>७ - १२ मध्यम<br>१३ - १८ राम्रो |
| ६ | | शिक्षकको पेसागत विकास (७) | २१ | ० - ७ कमजोर<br>८ - १४ मध्यम<br>१५ - २१ राम्रो |
| ७ | | नेतृत्व र व्यवस्थापन (१७) | ५१ | ० - १७ कमजोर<br>१८ - ३४ मध्यम<br>३५ - ५१ राम्रो |
| ८ | | सह/अतिरिक्त क्रियाकलाप (६) | १८ | ० - ६ कमजोर<br>७ - १२ मध्यम<br>१३ - १८ राम्रो |
| जम्मा (II) ४६ | | | १३८ | ० - ४६ कमजोर<br>४७ - ९२ मध्यम<br>९३ - १३८ राम्रो |
| ९ | III.उपलब्धि | विद्यार्थी नियमितता, कक्षा दोहोर्‍याउने र विद्यालय छाड्ने दर (६) | १८ | ० - ६ कमजोर<br>७ - १२ मध्यम<br>१३ - १८ राम्रो |
| १० | | सिकाइ उपलब्धि (५) | १५ | ० - ५ कमजोर<br>६ - १० मध्यम<br>११ - १५ राम्रो |
| ११ | | सेवाग्राही सन्तुष्टि (२) | ६ | ० - २ कमजोर<br>३ - ४ मध्यम<br>५ - ६ राम्रो |
| १२ | | शिक्षकको पेसागत सन्तुष्टि (२) | ६ | ० - २ कमजोर<br>३ - ४ मध्यम<br>५ - ६ राम्रो |
| जम्मा (III) १५ | | | ४५ | ० - १५ कमजोर<br>१६ - ३० मध्यम<br>३१ - ४५ राम्रो |
| जम्मा (I + II + III) ८८ | | | २६४ | |

*स्रोत : शै.गु.प.के., २०७३*

## १.४.२ स्रोतकेन्द्रको कार्यसम्पादन परीक्षण ढाँचा

जिल्ला शिक्षा कार्यालयको मातहतमा रहेर स्रोतकेन्द्रले आफ्नो कार्यक्षेत्रअन्तर्गत रहेका विद्यालयहरूको कार्यसम्पादनमा सहयोग पुऱ्याउन र ती विद्यालयहरूको शैक्षिक गुणस्तर माथि उकास्न तोकिएका जिम्मेवारी पूरा गर्नुपर्दछ । यसरी पूरा गर्नुपर्ने जिम्मेवारीलाई मूल आधार मानेर शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट स्रोतकेन्द्रको कार्यसम्पादन परीक्षणको ढाँचा र साधन निर्माण गरिएको छ ।

स्रोतकेन्द्रको कार्यसम्पादन परीक्षण ढाँचामा ८ क्षेत्र अन्तर्गत ४९ सूचक निर्धारण गरिएका छन्, जसलाई तालिका ६ मा देखाइएको छ ।

**तालिका ६. स्रोतकेन्द्रको कार्यसम्पादन परीक्षणका क्षेत्र, सूचक र स्तर निर्धारणका आधार**

| क्र. सं. | क्षेत्र | सूचक सङ्ख्या | सूचक | पूर्णाङ्क | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|
| क. | स्रोतकेन्द्रको योजना निर्माण, कार्यान्वयन र केन्द्र व्यवस्थापन | ९ | वार्षिक कार्ययोजना निर्माण, वार्षिक कार्ययोजना कार्यान्वयन, मासिक कार्ययोजना निर्माण, मासिक कार्ययोजना कार्यान्वयन, स्रोतकेन्द्र सुधार योजना (RCIP) निर्माण, स्रोतकेन्द्र सुधार योजना (RCIP) कार्यान्वयन, स्रोतकेन्द्र कार्यालय व्यवस्थापन, सूचना तथा सञ्चार व्यवस्थापन, स्रोतकेन्द्र व्यवस्थापन समिति गठन र क्रियाशीलता | २७ | ० – ९ कमजोर<br>१० – १८ मध्यम<br>१९ – २७ उत्तम |
| ख. | स्रोतकेन्द्र स्तरीयकार्यक्रम सञ्चालन | ८ | प्रअ बैठक, विषय शिक्षक बैठक, कार्यमूलक अनुसन्धान तथा अन्य अनुसन्धान, परीक्षा व्यवस्थापन, विद्यार्थी सिकाइ उपलब्धि परीक्षण, शिक्षक पेसागत विकास तथा तालिम, सह तथा अतिरिक्त क्रियाकलाप, सरोकारवालाको क्षमता अभिवृद्धि (प्रअ, विव्यस, शिअसं, गाशिस/नशिस) | २४ | ० – ८ कमजोर<br>९ – १६ मध्यम<br>१७ – २४ उत्तम |
| ग. | स्रोतकेन्द्रमा तथ्याङ्क तथा अभिलेख व्यवस्थापन | ६ | विद्यालय तथ्याङ्क सङ्कलन र सत्यापन, साक्षरता तथा विद्यालय बाहिरका बालबालिकाको तथ्याङ्क, तथ्याङ्क विश्लेषण र प्रकाशन, प्रबोधीकरण र सम्प्रेषण, शैक्षिक उपलब्धि अभिलेख व्यवस्थापन र विश्लेषण, शिक्षक का.स.मू. व्यवस्थापन | १८ | ० – ६ कमजोर<br>७ – १२ मध्यम<br>१३ – १८ उत्तम |

| क्र. सं. | क्षेत्र | सूचक सङ्ख्या | सूचक | पूर्णाङ्क | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|
| घ. | विद्यालयका कार्यक्रम कार्यान्वयनमा सहजीकरण/ अनुगमन | ७ | पाठ्यक्रम र पाठ्यपुस्तकको उपलब्धता, कार्यान्वयन र अनुगमन, छात्रवृत्ति वितरण र अनुगमन, भौतिक सुविधा विस्तार, लेखापरीक्षण र वेरुजु फछ्र्यौट, वि.व्य.स. गठन, शि.अ.सं गठन, सामाजिक परीक्षण | २१ | ० – ७ कमजोर<br>८ – १४ मध्यम<br>१५ – २१ उत्तम |
| ङ. | विद्यालयमा स्रोतकेन्द्रको सहयोग | ७ | विद्यालय सुपरिवेक्षणको योजना, विद्यालय सुपरिवेक्षणको नियमितता, सुपरिवेक्षणका क्रममा कक्षा अवलोकन, प्रअ/शिक्षकसँग बैठक, नमुना कक्षा प्रदर्शन, सिकाइ उपलब्धि सुधार योजना, निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन र अनुगमन | २१ | ० – ७ कमजोर<br>८ – १४ मध्यम<br>१५ – २१ उत्तम |
| च | नतिजा | ७ | कक्षा ५ का विद्यार्थीको सिकाइ उपलब्धि स्तर, कक्षा ८ का विद्यार्थीको सिकाइ उपलब्धि स्तर, कक्षा १० का विद्यार्थीको सिकाइ उपलब्धि स्तर, आधारभूत तहमा विद्यार्थी टिकाउ दर, कक्षा १० पूरा गर्ने दर, कक्षा १–५ को खुद भर्ना दर, कक्षा १–८ को खुद भर्ना दर | २१ | ० – ७ कमजोर<br>८ – १४ मध्यम<br>१५ – २१ उत्तम |
| छ. | प्रवर्तनात्मक कार्य | २ | प्रवर्तनात्मक कार्य, स्थानीय स्रोत परिचालन गरी थप कार्यक्रम सञ्चालन | ६ | ० – २ कमजोर<br>३ – ४ मध्यम<br>५ – ६ उत्तम |
| ज | सेवाग्राही सन्तुष्टि | ३ | शिक्षक, अभिभावक, अन्य (नागरिक समाज, NGO, CBOs) | ९ | ० – ३ कमजोर<br>४ – ६ मध्यम<br>७ – ९ उत्तम |
| जम्मा | | ४९ | | १४७ | |

*स्रोत : शै.गु.प.के., २०७३*

### १.४.३ जिल्ला शिक्षा कार्यालयको कार्यसम्पादन परीक्षण ढाँचा

विद्यालय शिक्षा र तत्सम्बन्धी समग्र व्यवस्थापनका कार्यक्रमहरूको कार्यान्वयन शिक्षा विभागमार्फत जिल्ला स्तरमा जिल्ला शिक्षा कार्यालयबाट हुँदै आएको छ। जिल्ला शिक्षा कार्यालयद्वारा सम्पादन हुनुपर्ने कार्यहरू शिक्षा ऐन र नियमद्वारा निर्देशित छन्। यस प्रकारका कार्यहरू सम्पादन हुन सके वा सकेनन् भनी लेखाजोखा गर्न र ती कार्यालयलाई जवाफदेही बनाउन र सुधारका लागि आवश्यक पृष्ठपोषणसमेत प्रदान गर्ने उद्देश्यले शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सम्बन्धित क्षेत्रका विज्ञता भएका बाह्य परीक्षकहरूको सहयोगमा जि.शि.का.को पनि कार्यसम्पादन परीक्षण गर्ने उद्देश्य राखेको छ।

**तालिका ७. जिल्ला शिक्षा कार्यालयको कार्यसम्पादन मूल्याङ्कनका आधार**

| क. सं. | क्षेत्र | सूचक सङ्ख्या | सूचक | पूर्णाङ्क | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|
| क. | योजना निर्माण, कार्यान्वयन | ८ | जिल्ला शिक्षा योजना, ASIP/AWPB कार्यान्वयन, कार्यक्रम (ASIP/AWPB) को समीक्षा बैठक, अनुगमन योजना, विपद् व्यवस्थापनसम्बन्धी योजना निर्माण र कार्यान्वयनमा समन्वय, आर्थिक प्रगति, भौतिक प्रगति, चालु आ.व.को कार्यक्रमको प्रबोधीकरण | २४ | ० – ८ कमजोर<br>९ – १६ मध्यम<br>१७ – २४ उत्तम |
| ख. | जिल्ला स्तरीय कार्यक्रम सञ्चालन | १४ | प्र.अ., वि.व्य.स. र शिक्षक अभिभावक संघको तालिम/गोष्ठी, विद्यालयको परीक्षाफल विश्लेषण तथा पृष्ठपोषण (विषयगत र कक्षागत रुपमा), शिक्षक दरवन्दी मिलान (तहगत र विषयगत), विद्यालय निरीक्षक स्रोतव्यक्तिको कार्यको अनुगमन, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका उपलब्धताको अनुगमन, जिल्ला स्तरीय परीक्षा व्यवस्थापन, विद्यालय लेखा परीक्षण, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन, विद्यार्थी सिकाइ उपलब्धि परीक्षण, शिक्षक पेसागत विकास तथा तालिम, सह तथा अतिरिक्त क्रियाकलाप (खेलकुद, साँस्कृतिक | ४२ | ० – १४ कमजोर<br>१५ – २८ मध्यम<br>२९ – ४२ उत्तम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यक्रम, वादविवाद, चित्रकला आदि), विद्यालयलाई बजेट निकासा व्यवस्थापन, बेरूजु न्यूनीकरण, बेरूजु फछ्र्यौट | | |
| ग. | विद्यालय सुपरिवेक्षण तथा अनुगमन | ८ | सुपरिवेक्षणको योजना निर्माण (जिशिअ, उजिशिअ, विनि, शाअको), जिशिअ, उजिशिअ, विनि, शाअबाट भएको सुपरिवेक्षण, निरीक्षण प्रतिवेदन, कक्षा अवलोकन (अवलोकन फारामको प्रयोग गरेर जिशिअ, उजिशिअ, विनि, शाअबाट), नमुना (Model) कक्षा प्रदर्शन (जिशिअ, उजिशिअ, विनि, शाअबाट), प्रधानाध्यापक तथा शिक्षक बैठक सञ्चालन, शिक्षण सिकाइमा सहयोग पुऱ्याउने विशेष काम (जिशिकाको आफ्नै पहलमा), सुपरिवेक्षणको समीक्षा (जिल्लास्तरको) | २४ | ० – ८ कमजोर<br>९ – १६ मध्यम<br>१७ – २४ उत्तम |
| घ. | तथ्याङ्क तथा अभिलेख व्यवस्थापन | ८ | विद्यालय तथ्याङ्क सङ्कलन र सत्यापन, साक्षरतासम्बन्धी तथ्याङ्क, विद्यालय बाहिरका बालबालिकाको तथ्याङ्क, तथ्याङ्क विश्लेषण, प्रबोधीकरण, सम्प्रेषण र प्रकाशन, विद्यालय सेवा सुविधा तथा बजेट अनुदान निकासामा शैक्षिक तथ्याङ्कको प्रयोग, शैक्षिक उपलब्धि अभिलेख व्यवस्थापन र विश्लेषण, शिक्षक का.स.मू. व्यवस्थापन, विद्यालय शिक्षक र कर्मचारी अभिलेख व्यवस्थापन | २४ | ० – ८ कमजोर<br>९ – १६ मध्यम<br>१७ – २४ उत्तम |
| ङ. | आन्तरिक व्यवस्थापन प्रक्रिया | ९ | कार्य जिम्मेवारी, विद्युतीय साधनको अवस्था, नागरिक बडापत्र, स्टाफ बैठक, गुनासो सुनुवाइको व्यवस्था, कार्य प्रगति समीक्षा, कार्यालय सरसफाइ र व्यवस्थापन, सहायता कक्षको व्यवस्थापन, कर्मचारी लगबुक | २७ | ० – ९ कमजोर<br>१० – १८ मध्यम<br>१९ – २७ उत्तम |

| | | | | | |
|---|---|---|---|---|---|
| च | शैक्षिक व्यवस्थापकीय पक्ष | ११ | शैक्षिक अवस्थाको तुलनात्मक विवरण, प्रमुख शैक्षिक सूचकहरू पहिचान र समीक्षा, विद्यालय वर्गीकरण (संस्थागत विद्यालयको), गैरसरकारी संघ/संस्थासँगको समन्वय, अनौपचारिक शिक्षा कार्यक्रमहरूको प्रभावकारिता, सामाजिक परीक्षण, विद्यालय सुधार योजना निर्माण, प्रयोग र अद्यावधिक, विद्यालयको सम्पत्ति र भौतिक अवस्थाको अभिलेख, छात्रवृत्ति व्यवस्थापन, जिल्ला शिक्षा समितिको गठन र बैठक, जिल्ला शिक्षा समितिको सक्रियता र योगदान | ३३ | ० – ११ कमजोर<br>१२ – २२ मध्यम<br>२३ – ३३ उत्तम |
| छ. | नतिजा | १४ | प्राथमिक तह (कक्षा ५) को विद्यार्थीको अंग्रेजी, गणित र नेपाली विषयमा औसत सिकाइ उपलब्धि, आधारभूत तह (कक्षा ८) को विद्यार्थीको गणित र नेपाली विषयमा औसत सिकाइ उपलब्धि, प्राथमिक तह (कक्षा १-५) को खुद भर्ना दर, आधारभूत तह (कक्षा १-८) को खुद भर्ना दर, माध्यमिक तह (कक्षा ९-१०) को खुद भर्ना दर, प्राथमिक तह (कक्षा ५ सम्म) को विद्यार्थीको टिकाउ दर (Survival rate), आधारभूत तह (कक्षा ८ सम्म) को विद्यार्थीको टिकाउ दर (Survival rate), माध्यमिक तह (कक्षा १०) का विद्यार्थीको ग्रेड, साक्षरता दरमा भएको प्रगति, महिला शिक्षक प्रतिशत, महिला प्र.अ. सङ्ख्या, कक्षा १ मा कक्षा दोहोऱ्याउने दर, पूर्वप्राथमिक तहको कूल भर्ना दर, पूर्वप्राथमिक तहको अनुभव लिई कक्षा १ मा भर्ना हुनेको दर | ४२ | ० – १४ कमजोर<br>१५ – २८ मध्यम<br>२९ – ४२ उत्तम |

| | | | | | |
|---|---|---|---|---|---|
| ज | प्रवर्तनात्मक कार्य | २ | प्रवर्तनात्मक कार्य, स्थानीय स्रोत परिचालन गरी कार्यक्रम सञ्चालन | ६ | ० – २ कमजोर<br>३ – ४ मध्यम<br>५ – ६ उत्तम |
| झ | सेवाग्राही सन्तुष्टि | ५ | शिक्षक (सहजकर्ताहरू समेत), अभिभावक, वि.व्य.स / शि.अ.संपदाधिकारी, सामुदायिक अध्ययन केन्द्रका पदाधिकारीहरू, अन्य (नागरिक समाज, NGO, CBOs) | १५ | ० – ५ कमजोर<br>६ – १० मध्यम<br>११ – १५ उत्तम |
| जम्मा | | ७९ | | २३७ | |

*स्रोत : शै.गु.प.के., २०७३*

## १.५ परीक्षणका विधि र प्रक्रिया

शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षणको प्रक्रियालाई निम्न चरणबाट अघि बढाइएको थियो ।

- **परीक्षणका लागि परामर्शदात्री संस्थाको छनौट र सम्झौता :** शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सर्वप्रथम तोकिएका प्रक्रिया पूरा गरी परामर्शदात्री संस्थाहरूको छनौट गरेको थियो । तत्पश्चात, केन्द्रले तोकिएको प्रक्रिया र साधन प्रयोग गरी कार्यसम्पादन परीक्षण सम्पन्न गर्न निश्चित कार्यसर्तका आधारमा ती संस्थाहरूसँग सम्झौता सम्पन्न गरेको थियो ।

- **परीक्षण साधन अद्यावधिक :** शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विज्ञहरूको सहयोगमा अघिल्ला वर्षहरूमा कार्यसम्पादन परीक्षण गरिएका साधनहरूमा आवश्यक परिमार्जन एवम् सुधार गर्दै प्रयोगको लागि अन्तिम रूप दिएको थियो ।

- **परीक्षकको नियुक्ति :** जिल्ला स्थित शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षणका लागि सर्वप्रथम शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तोकेको योग्यताका आधारमा कम्तीमा एम. एड. तह उत्तीर्ण गरी विश्वविद्यालयको कम्तीमा उपप्राध्यापक तहमा न्यूनतम ५ वर्ष वा शिक्षा क्षेत्रमा १० वर्ष अनुभव हासिल गरेका कम्तीमा उपसचिव तहमा काम गरेको अनुभव भएका परीक्षकहरूको छनौट र नियुक्त गरिएको थियो । यसरी परीक्षकहरू नियुक्ति गर्दा स्थानीय रूपमा प्राप्त हुने जनशक्तिलाई विशेष प्राथमिकता दिइएको थियो ।

- **परीक्षकको अभिमुखीकरण :** शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षणको लागि परीक्षकहरूको नियुक्ति पश्चात् शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कार्यसम्पादन गरिने जिल्लाको अवस्थिति र परीक्षकहरूको ठेगानालाई समेत विचार गरी अधिकतमलाई पायक पर्ने गरी काठमाडौं, भैरहवा, डडेल्धुरा र सिरहा चार स्थानमा परीक्षकका लागि अभिमुखीकरण तालिम सञ्चालन गरिएको थियो । तालिमको पहिलो दिन परीक्षकहरूलाई कार्यसम्पादन परीक्षणको सैद्धान्तिक अवधारणा, ढाँचा र सोका लागि प्रयोग गरिने

साधनका बारेमा जानकारी प्रदान गरिएको थियो । यस क्रममा परीक्षकहरूलाई निश्चित समूहमा विभाजन गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा तयार पारिएको कार्यसम्पादन परीक्षण ढाँचा तथा परीक्षण साधन वितरण गरिएको थियो । प्रत्येक समूहले विद्यालय, स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयका परीक्षण साधनहरू सूक्ष्म अध्ययन गरी आफ्ना बुझाइ तथा चासोलाई प्रस्तुतीकरण गरेका थिए । समूहका सदस्यले आफूलाई अस्पष्ट भएका कुरालाई राखेका थिए भने शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विज्ञहरूले परीक्षकका त्यस्ता अस्पष्टतालाई प्रस्ट पारेका थिए । तालिमको दोस्रो दिन परीक्षकहरू समूह समूहमा विभाजित भएर स्रोतकेन्द्र र विद्यालयको भ्रमण गरी कार्यसम्पादन परीक्षणका विधि र साधनहरूको स्थलगत परीक्षण अनुभव प्राप्त गरेका थिए । तालिमको अन्तिम दिन स्थलगत कार्यको समूहगत प्रस्तुतीकरण, प्रश्नोत्तर र छलफल भएको थियो भने शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आवश्यक जानकारी र निर्देशन प्रदान गरेको थियो ।

- **स्थलगत कार्य :** परीक्षकहरूले तालिम लिएपछि आफूले नियुक्ति पाएका शैक्षिक निकायहरूको स्थलगत भ्रमण गरी कार्यसम्पादन परीक्षण गरेका थिए । परीक्षणको सुरुआत परिचयात्मक बैठकबाट गरेर अन्त्यमा प्राप्त गरिएको नतिजालाई आवश्यक पृष्ठपोषणका लागि सरोकारवालासमक्ष प्रस्तुतसमेत गरिएको थियो । परीक्षणको क्रममा उपलब्ध सबै जानकारी, तथ्याङ्क र प्रमाणहरू केलाउने, कक्षा अवलोकन गर्ने र सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गरी त्यसको पुष्टि गर्ने काम भएको थियो । एउटा निकायमा न्यूनतम ३ दिनको स्थलगत कार्य गरी परीक्षकहरूले तोकिएको विधि र आधार प्रयोग गरी कार्यसम्पादन परीक्षण कार्य पूरा भएको थियो ।

- **अनुगमन तथा पृष्ठपोषण :** शैक्षिक गुणस्तर परीक्षण केन्द्र तथा परीक्षणका लागि छनौट भई परीक्षण सञ्चालन गर्ने प्रत्येक संस्थाबाट स्थलगत कार्यको क्रममा परीक्षकहरूको कार्यको सुपरिवेक्षण गरी आवश्यक पृष्ठपोषण र प्राविधिक सहयोग प्रदान गरिएको थियो । यस कार्यले परीक्षकहरूलाई आफूलाई समस्यामूलक लागेका कुराहरू प्रस्ट हुन सजिलो पारेको थियो भने परीक्षणको वैधतालाई सुनिश्चित गर्नसमेत सहयोग पुगेको थियो ।

- **तथ्याङ्कको विश्लेषण र जिल्लागत प्रतिवेदन निर्माण :** जिल्लाबाट कार्यसम्पादन परीक्षणका प्रश्नावली र अन्य तथ्याङ्क प्राप्त भइसकेपछि विद्यालय, स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयको अलग अलग तथ्याङ्कलाई माइक्रोसफ्ट एक्सेल सफ्टवेयरमा प्रविष्ट गरी तुलनात्मक विश्लेषण गरी परीक्षण सञ्चालन गर्ने प्रत्येक संस्थाबाट जिल्लागत प्रतिवेदन तयार गरिएको थियो ।

- **समष्टिगत प्रतिवेदन निर्माण :** कार्यसम्पादन परीक्षण गरिएका आठैओटा जिल्लाबाट आएका तथ्याङ्कलाई पुनः एकीकृत रूपमा विश्लेषण गरी तुलनात्मक नतिजालाई प्रस्तुत गरी यो समष्टिगत प्रतिवेदन तयार गरिएको छ ।

## १.६ तथ्याङ्कको सङ्कलन, विश्लेषण र प्रस्तुतीकरण प्रक्रिया

एकीकृत प्रतिवेदन तयार पार्ने क्रममा निम्नानुसारको प्रक्रिया अवलम्बन गरिएको थियो :

- आठै जिल्लाबाट प्राप्त भएका कार्यसम्पादन परीक्षणका साधनमा रहेका अलग अलग सूचकमा प्राप्त नतिजालाई माइक्रोसफ्ट एक्सेल (Microsoft Excel) मा दोहोरो प्रविष्टि गरियो ।
- तथ्याङ्कको दोहोरो प्रविष्टि पछि देखिएका त्रुटिलाई परीक्षण साधनसँग दाजेर हेरी शुद्धीकरण गरियो ।
- प्रत्येक सूचकमा प्राप्त नतिजालाई प्रस्तुत गर्ने क्रस तालिकाको निर्माण गरियो ।
- ती सूचकहरूलाई निर्धारित ढाँचाबमोजिम विभिन्न शीर्षकमा (जस्तैः लगानी, प्रक्रिया, उपलब्धि) एकीकृत गरी जिल्लागत नतिजाको गणना गरियो ।
- जिल्लागत नतिजाको तुलनात्मक तालिका र चित्रमा प्रस्तुतीकरण गरियो । कूल अङ्क र प्रतिशतको गणना गरी तथ्याङ्कशास्त्रीय विश्लेषण गरियो ।
- जिल्लागत नतिजालाई पुनः एकीकृत गरी समष्टिगत नतिजामा आधारित एकीकृत प्रतिवेदन तयार गरियो ।
- यो एकीकृत प्रतिवेदन तयार गर्दा आठै जिल्लाका प्रतिवेदनहरूको पनि अध्ययन गरिएको थियो ।

# खण्ड २: विद्यालय कार्यसम्पादन नतिजाको विश्लेषण

## २.१ कार्यसम्पादनको तुलनात्मक अवस्था


यस अन्तर्गत नतिजाका आधारमा कार्यसम्पादनको समष्टिगत स्थिति, लगानी, प्रक्रिया र उपलब्धिको अवस्था विश्लेषण गरिएको छ ।

### २.१.१ कार्यसम्पादनको समष्टिगत स्थिति

आठ जिल्लाका विद्यालयहरूको औसत कार्यसम्पादन स्तर सामान्य (६३.२%) रहेको छ । कार्यसम्पादन स्तरको तुलनात्मक मानलाई हेर्दा भक्तपुर जिल्लाका विद्यालयहरूको स्थिति मध्यम (७०.७%) रहेको छ भने म्याग्दी (६५.६%), कपिलवस्तु (६४.१%), डडेल्धुरा (६३.८%), ताप्लेजुङ (६२.३%), सिरहा (५८.२%) र मुगु (५६.४%) जिल्लाका विद्यालयको अवस्था सामान्य रहेको छ । विद्यालयको समष्टिगत कार्यसम्पादनको अवस्थालाई तालिका ८ र चित्र २ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८. जिल्लागत रूपमा विद्यालयहरूको कार्यसम्पादनको औसत अवस्था**

| क्र.सं. | जिल्ला → / सूचक/क्षेत्र ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लगानी (पूर्णाङ्क २५) | १८.३ | १४.८ | १६.६ | १२.४ | १६.७ | १४.१ | १४.५ | १४.६ | १५.६ (६२.४%) |
| २ | प्रक्रिया (पूर्णाङ्क ३०) | २१.९ | २०.५ | १८.६ | १७.० | १९.३ | १८.७ | १४.७ | २०.० | १८.८ (६२.६%) |
| ३ | उपलब्धि (पूर्णाङ्क ४०) | २८.५ | २५.३ | २४.८ | २३.६ | २७.६ | २५.१ | २४.१ | २६.१ | २५.७ (६४.२५%) |
| ४ | सेवा प्रदान गरेको विद्यार्थी सङ्ख्या (पूर्णाङ्क ५) | २.० | ३.२ | ४.१ | ३.४ | २.० | २.७ | ४.९ | १.६ | ३.१ (६२.०%) |
| जम्मा प्राप्ताङ्क (पूर्णाङ्क १००) | | ७०.७ | ६३.८ | ६४.१ | ५६.४ | ६५.६ | ६०.६ | ५८.२ | ६२.३ | ६३.२ |



चित्र २ - विद्यालयको समष्टिगत कार्यसम्पादनको जिल्लागत स्थिति


## २.१.२ लगानी

लगानीका क्षेत्रहरूमा विद्यालयहरूको कार्यसम्पादनको समष्टिगत स्थिति हेर्दा भक्तपुर जिल्लाका विद्यालयहरूको स्थिति सबैभन्दा उच्च (६९.५१%) र मुगु जिल्लाको स्थिति सबैभन्दा न्यून (५२.२२%) रहेको पाइयो । अन्य जिल्लाहरूमा म्याग्दी (६६.३०%), कपिलवस्तु (६२.७१%), डडेल्धुरा (६०.९९%), ताप्लेजुङ (५९.२६%), सिरहा (५८.०२%) र रसुवा (५५.६८%) को स्थिति सामान्य रहे तापनि तुलनात्मक रूपमा ताप्लेजुङ, सिरहा र रसुवा जिल्लाको अवस्था म्याग्दी, कपिलवस्तु, डडेल्धुरा भन्दा कमजोर रहेको देखियो । उल्लिखित सबै जिल्लाहरूको कार्यसम्पादन स्तर ५०% देखि ७०% सम्म रहेकाले सबै जिल्लाहरूको अवस्था सामान्य रहेको मान्न सकिन्छ ।


**तालिका ९. लगानीका क्षेत्रहरूमा विद्यालयहरूको कार्यसम्पादनको समष्टिगत स्थिति**

| क्र. सं. | जिल्ला → / सूचक/क्षेत्र ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयको भौतिक अवस्था (पूर्णाङ्क ४८) | ३४.७ | २५.७ | ३०.३ | २०.१ | २९.७ | २४.० | २५.४ | २४.८ | २७.६ (५७.५%) |
| २ | शिक्षक (पूर्णाङ्क २१) | १५.१ | १६.६ | १३.८ | १६.० | १५.६ | १५.१ | १५.२ | १५.८ | १५.१ (७१.९%) |
| ३ | समुदायको सहभागिता र लगानी (पूर्णाङ्क १२) | ६.५ | ७.१ | ६.७ | ६.२ | ८.४ | ६.० | ६.४ | ७.४ | ७.० (५८.३%) |
| जम्मा प्राप्ताङ्क | | ५६.३ | ४९.४ | ५०.८ | ४२.३ | ५३.७ | ४५.१ | ४७ | ४८ | ४९.७ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | ८१ | ८१ | ८१ | ८१ | ८१ | ८१ | ८१ | ८१ | ८१ |
| प्राप्ताङ्क) प्रतिशत | | ६९.५१ | ६०.९९ | ६२.७२ | ५२.२२ | ६६.३० | ५५.६८ | ५८.०२ | ५९.२६ | ६१.३६ |

चित्र ३. लगानीका आधारमा विद्यालयको समग्र कार्यसम्पादनस्तरको जिल्लागत स्थिति




चित्र ४. लगानीका क्षेत्रमा भएको कार्यसम्पादनको जिल्लागत अवस्था




**विद्यालयको भौतिक अवस्था**

यस कार्यसम्पादन परीक्षणअन्तर्गत विद्यालयहरुको भौतिक अवस्थाको लेखाजोखा गर्दा भक्तपुर जिल्लाका विद्यालयको अवस्था मध्यम (७२.२२%) र मुगु जिल्लाको स्थिति सबैभन्दा कमजोर (४१.८६%) रहेको पाइयो। विद्यालयको भौतिक अवस्थाका आधारमा अन्य जिल्लाहरुलाई श्रेणीकरण गर्दा कपिलवस्तु (६३.१२%), म्याग्दी


(६१.८८%), डडेल्धुरा (५३.५४%), सिरहा (५२.८६%), ताप्लेजुङ (५१.५८%), रसुवा (५०.००%) को स्थिति मध्यमस्तरको रहेको छ ।

विभिन्न जिल्लाको सूचकका आधारमा ० देखि ३ को स्केलमा विद्यालयको अवस्था हेर्दा विद्यालयको हाताको क्षेत्रफलको अवस्था सिरहा जिल्लाको स्थिति सबैभन्दा राम्रो (२.६) छ भने मुगु र रसुवाको स्थिति सबैभन्दा कमजोर (१.९) देखिन्छ । तराईका जिल्लामा विद्यालयको हाताको क्षेत्रफल राम्रो देखिन्छ भने पहाडी जिल्लामा कमजोर छ । कक्षाकोठाको उपलब्धता र प्रयोग सबै जिल्लामा मध्यम देखिन्छ भने कक्षाकोठाको गुणस्तर हेर्दा रसुवाको सबैभन्दा कमजोर (१.७) साथै मुगु र ताप्लेजुङको स्थिति तुलनात्मक रूपमा कमजोर (१.९) देखिन्छ । फर्निचर, बिजुलीको उपलब्धता, कम्प्युटरको उपलब्धता, शिक्षण सिकाइमा कम्प्युटरको प्रयोग, चमेनागृह, पानी र साबुनको उपलब्धता, खेलकुद सामग्री, शौचालय, पुस्तकालय तथा बुक कर्नरको उपलब्धता र प्रयोग, घेराबारको अवस्थामा भक्तपुर जिल्लाको स्थिति मध्यमस्तरको देखिन्छ । तलको तालिकाले आठै ओटा जिल्लाका विद्यालयहरूको भौतिक अवस्थाको तुलनात्मक जानकारी प्रस्तुत गर्दछ ।

**तालिका १०. विद्यालयको भौतिक अवस्थाको जिल्लागत स्थिति**

| क्र. सं. | जिल्ला → / सूचक/क्षेत्र ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | प्युठान | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | विद्यालय हाताको क्षेत्रफल | २.१ | २.२ | २.५ | १.९ | २.३ | १.९ | २.६ | २.२ | २.३ |
| 2 | खेलमैदान | १.५ | १.७ | १.८ | १.७ | १.८ | १.३ | २.० | १.९ | १.८ |
| 3 | कक्षाकोठाको उपलब्धता र प्रयोग | २.८ | २.९ | २.९ | २.५ | २.९ | २.५ | २.८ | २.८ | २.८ |
| 4 | कक्षाकोठाको गुणस्तर | २.४ | २.१ | २.८ | १.९ | २.० | १.७ | २.४ | १.९ | २.२ |
| 5 | फर्निचर | २.१ | १.८ | १.७ | १.२ | २.० | १.७ | १.६ | १.९ | १.८ |
| 6 | बिजुलीको उपलब्धता | २.८ | १.५ | २.४ | १.० | २.० | १.५ | १.२ | १.८ | १.८ |
| 7 | कम्प्युटरको उपलब्धता | २.७ | १.५ | १.३ | १.१ | २.७ | १.६ | ०.६ | १.८ | १.६ |
| 8 | शिक्षण सिकाइमा कम्प्युटरको प्रयोग | २.० | १.१ | १.१ | ०.५ | १.२ | ०.८ | ०.५ | ०.९ | १.० |
| 9 | चमेना गृह र सेवा | १.६ | ०.४ | ०.५ | ०.१ | ०.६ | ०.४ | ०.३ | ०.३ | ०.५ |
| 10 | पानी र साबुनको उपलब्धता | २.६ | १.५ | २.३ | १.० | १.७ | २.० | २.१ | १.४ | १.९ |
| 11 | खेलकुद सामग्री | १.९ | १.४ | १.७ | १.२ | १.८ | १.६ | १.४ | १.५ | १.६ |
| 12 | शौचालय | २.५ | २.० | २.४ | १.६ | २.३ | २.० | २.२ | १.९ | २.२ |
| 13 | पुस्तकालय/बुक कर्नरको उपलब्धता र प्रयोग | १.६ | १.२ | ०.९ | ०.८ | १.१ | १.० | ०.७ | ०.८ | १.० |

| क्र. सं. | जिल्ला → / सूचक/क्षेत्र ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 14 | विज्ञान प्रयोगशालाको उपलब्धता र प्रयोग | १.८ | १.१ | १.० | ०.७ | १.२ | ०.८ | १.२ | १.० | १.१ |
| 15 | घेराबार (कम्पाउण्डवाल) | १.९ | १.२ | २.५ | ०.८ | १.८ | ०.८ | २.१ | ०.६ | १.६ |
| 16 | कक्षाकोठामा प्रयोग हुने पाटी | २.६ | २.३ | २.३ | २.१ | २.६ | २.५ | १.९ | २.४ | २.३ |
| जम्मा प्राप्ताङ्क | | ३४.७ | २५.७ | ३०.३ | २०.१ | २९.७ | २४.० | २५.४ | २४.८ | २७.६ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| प्राप्ताङ्क प्रतिशत | | ७२.२२ | ५३.५४ | ६३.१२ | ४१.८६ | ६१.८८ | ५०.०० | ५२.८६ | ५१.५८ | ५७.५२ |




**शिक्षक र जनशक्ति**


यस कार्यसम्पादन परीक्षणअन्तर्गत विद्यालयमा उपलब्ध शिक्षक र जनशक्तिको योग्यता, क्षमता र प्रभावकारिताका आधारमा गरिएको अवस्थाको लेखाजोखा हेर्दा कक्षा र विषयको अनुपातमा कार्यसम्पादनमा आठै ओटा जिल्लाका विद्यालयको स्थिति राम्रो (औसत ७१.८१%) रहेको छ। ० (न्यूनतम वा उपलब्ध नभएको) देखि ३ (उत्तम) को स्केलमा आठै जिल्लाका विद्यालयको लैङ्गिक अनुपातको अवस्था हेर्दा सबै जिल्लाको स्थिति

कमजोर (औसत १.८) देखिन्छ, जसले विद्यालयमा पुरुष शिक्षकको अनुपात महिला शिक्षकको भन्दा बढी रहेको देखाउँछ । विद्यालयमा शिक्षकको नियुक्तिको अवस्था हेर्दा रसुवा (२.५) र डडेल्धुरा, कपिलवस्तु, म्याग्दी, सिरहा तथा ताप्लेजुङको स्थिति मध्यम (२.३) रहेको छ । विद्यालयमा शिक्षकको आइ .टी. प्रयोग क्षमताको अवस्था हेर्दा सबै जिल्लाको स्थिति कमजोर रहेको देखिन्छ । विद्यालयमा शिक्षकको उपस्थितिको अवस्था हेर्दा रसुवा (२.७), भक्तपुर, डडेल्धुरा, मुगु, ताप्लेजुङमा (२.५) तुलनात्मक रूपमा राम्रो देखिन्छ भने कपिलबस्तु (२.२) कमजोर देखिन्छ । प्र.अ. द्वारा गरिएको शिक्षकको कार्यसम्पादनस्तरको मूल्याङ्कनको लेखाजोखा गर्दा आठै जिल्लाको स्थिति मध्यम (२.२) देखिन्छ ।

**तालिका ११: विद्यालयमा उपलब्ध जनशक्तिका आधारमा विद्यालय कार्यसम्पादनको जिल्लागत स्थिति**

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा र विषयको अनुपातमा शिक्षक सङ्ख्या | २.३ | २.६ | १.९ | २.७ | २.४ | २.२ | २.४ | २.४ | २.३ |
| २ | शिक्षकको योग्यता | २.३ | २.६ | २.४ | २.३ | २.३ | २.६ | २.७ | २.५ | २.३ |
| ३ | लैङ्गिक अनुपात | १.८ | २.३ | १.६ | २.३ | १.९ | १.६ | १.९ | २.० | १.८ |
| ४ | नियुक्तिको प्रकार | २.१ | २.३ | २.३ | २.१ | २.३ | २.५ | २.३ | २.३ | २.१ |
| ५ | शिक्षकको आइ.टी. प्रयोगको क्षमता | १.९ | २.० | १.५ | २.२ | १.८ | १.१ | १.७ | १.८ | १.९ |
| ६ | शिक्षक उपस्थिति | २.५ | २.५ | २.२ | २.५ | २.४ | २.७ | २.३ | २.५ | २.५ |
| ७ | प्र.अ.द्वारा गरिएको शिक्षकको कार्यसम्पादन स्तरको मूल्याङ्कन | २.२ | २.४ | २.० | २.१ | २.५ | २.३ | २.० | २.३ | २.२ |
| जम्मा प्राप्ताङ्क | | १५.१ | १६.६ | १३.८ | १६.० | १५.६ | १५.१ | १५.२ | १५.८ | १५.१ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ |
| प्राप्ताङ्क प्रतिशत | | ७१.८१ | ७९.०७ | ६५.५८ | ७५.९५ | ७४.१५ | ७१.७६ | ७२.५७ | ७५.२७ | ७१.८१ |

चित्र ६. शिक्षक/जनशक्तिको जिल्लागत अवस्था




**समुदायको सहभागिता र लगानी**


समुदायले विद्यालयमा गरेको लगानी र विद्यालयका विविध कार्यमा जनाएको सहभागितालाई आधार मानेर गरिएको कार्यसम्पादन स्तर हेर्दा आठै जिल्लाको समग्र स्थिति सामान्य (५८.१५%) रहेको पाइयो । विभिन्न जिल्लाको ० देखि ३ को स्केलमा विद्यालय रहेको जग्गाजमिनको अवस्था मूल्याङ्कन गर्दा मुगु र ताप्लेजुङको स्थिति सबैभन्दा राम्रो (२.६) रहेको छ भने भक्तपुरको अवस्था सबैभन्दा कमजोर (१.६) रहेको देखिन्छ । विद्यालय भवनको अवस्थाको लेखाजोखा गर्दा आठै जिल्लामध्ये म्याग्दी जिल्लाको स्थिति मध्यम (२.१) देखिन्छ। अन्य सात जिल्लाका विद्यालयको स्थिति तुलनात्मक रूपमा कमजोर रहेको पाइयो । विद्यालयलाई प्रदान गरिने आर्थिक सहयोगको अवस्थाको स्थिति सबै जिल्लामा कमजोर रहेको देखिन्छ । विद्यालयमा समुदायको सहभागितालाई लेखाजोखा गर्दा म्याग्दी (२.४), भक्तपुर (२.३) मुगु (२.२) र डडेल्धुरा (२.१) मा मध्मम रहेको पाइयो भने सिरहाको अवस्था (१.६) उल्लिखित जिल्लाका विद्यालयको भन्दा कमजोर देखिन्छ ।

**तालिका १२. समुदायले विद्यालयमा गरेको लगानीको जिल्लागत अवस्था**

| क्र.सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जग्गा | १.६ | २.५ | २.१ | २.६ | २.४ | २.२ | २.५ | २.६ | २.३ |
| २ | भवन | १.६ | १.३ | १.४ | ०.८ | २.१ | १.२ | १.२ | १.८ | १.५ |
| ३ | आर्थिक सहयोग | १.५ | १.४ | १.४ | ०.७ | १.७ | ०.८ | १.२ | १.३ | १.३ |
| ४ | समुदाय सहभागिता | २.३ | २.१ | १.९ | २.२ | २.४ | १.८ | १.६ | १.८ | २.० |

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा प्राप्ताङ्क | ६.५ | ७.१ | ६.७ | ६.२ | ८.४ | ६.० | ६.४ | ७.४ | ७.० |
| | पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ |
| | प्राप्ताङ्क प्रतिशत | ५४.२५ | ५८.९९ | ५६.२२ | ५१.८९ | ७०.०० | ४९.६० | ५३.७० | ६२.०४ | ५८.१५ |

चित्र ७. समुदायको सहभागिता र लगानीको जिल्लागत स्थिति





## २.१.३ प्रक्रिया


विद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रम र शैक्षिक प्रक्रियासम्बन्धी अन्य सूचकहरूका आधारमा विद्यालय कार्यसम्पादनको जिल्लागत स्थिति हेर्दा भक्तपुर जिल्लाको स्थिति सबैभन्दा राम्रो (७३.०४%) र सिरहा जिल्लाको स्थिति सबैभन्दा कमजोर (४९.०६%) रहेको पाइयो । अन्य जिल्लामा डडेल्धुरा (६८.३३%), म्याग्दी (६४.४२%), रसुवा (६२.३२%), कपिलवस्तु (६२.०३%) को स्थिति मध्यमस्तरको छ भने तुलनात्मक रूपमा मुगु जिल्लाको स्थिति कमजोर (५६.५२%) रहेको देखिन्छ । प्रक्रियाका विभिन्न सूचकका पाइएको कार्यसम्पादनको सारांश मानलाई तालिका १३ मा देखाइएको छ र तिनीहरूको अलग अलग विश्लेषण पछिल्ला खण्डमा गरिएको छ ।

**तालिका १३. प्रक्रियामा आधारित विद्यालय कार्यसम्पादनको जिल्लागत स्थिति**

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा शिक्षण (पूर्णाङ्क ३०) | २०.३ | १६.९ | १५.८ | १२.६ | १७.३ | १६.० | १२.२ | १९.१ | १६.४ (५४.६६%) |
| २ | विद्यार्थी मूल्याङ्कन (पूर्णाङ्क १८) | १३.० | १२.९ | ११.४ | ८.६ | ११.४ | ११.५ | ८.४ | १२.६ | ११.३ (६२.७%) |
| ३ | शिक्षकको पेसागत विकास (पूर्णाङ्क २१) | १३.३ | ६.७ | ८.७ | ५.९ | ८.४ | ७.५ | ६.९ | ६.७ | ८.१ (३८.५७%) |
| ४ | नेतृत्व र व्यवस्थापन (पूर्णाङ्क ५१) | ३८.९ | ४२.२ | ३६.३ | ३६.४ | ३७.५ | ३७.० | २८.४ | ३९.१ | ३६.७ (७१.९%) |
| ५ | सह/अतिरिक्त क्रियाकलाप (पूर्णाङ्क १८) | १५.३ | १५.६ | १३.४ | १४.५ | १४.३ | १४.० | ११.८ | १४.३ | १४.० (७७.७७%) |
| जम्मा प्राप्ताङ्क | | १००.८ | ९४.३ | ८५.६ | ७८ | ८८.९ | ८६ | ६७.७ | ९१.८ | ८६.५ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | १३८ | १३८ | १३८ | १३८ | १३८ | १३८ | १३८ | १३८ | १३८ |
| प्राप्ताङ्क प्रतिशत | | ७३.०४ | ६८.३३ | ६२.०३ | ५६.५२ | ६४.४२ | ६२.३२ | ४९.०६ | ६६.५२ | ६२.६८ |

चित्र ८. प्रक्रियामा आधारित कार्यसम्पादनको जिल्लागत स्थिति





चित्र ९. प्रक्रिया अन्तर्गतका सूचकमा जिल्लास्तरको तुलनात्मक स्थिति

**कक्षा शिक्षण**

कक्षा शिक्षणको समग्र अवस्थालाई हेर्दा भक्तपुर जिल्लाका विद्यालयहरूको कार्यसम्पादन स्तरको अङ्क सबैभन्दा बढी (६७.५२%) रहेको छ भने सिरहा जिल्लाका विद्यालयहरुको कार्यसम्पादन स्तरको अङ्क सबैभन्दा कम (४०.६९%) रहेको छ । जिल्लागत औसतलाई हेर्दा कक्षा शिक्षणमा मुगु र सिरहा जिल्लाबाहेक अन्य जिल्लाका विद्यालयहरूको कार्यसम्पादन स्तर सामान्य देखिन्छ (तालिका १५) । कक्षा शिक्षणका विभिन्न क्षेत्रहरूको कार्यसम्पादनलाई ० (उपलब्ध नभएको वा अत्यन्त कमजोर) देखि ३ (उत्कृष्ट) को स्केलमा मापन गरी सोको मानलाई विश्लेषण गर्दा सबै जिल्लाका विद्यालयहरूमा योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, छलफल र अन्तरक्रियात्मक शिक्षण, शिक्षणमा प्रविधिको प्रयोग, वैयक्तिक भिन्नतामा आधारित सहयोगात्मक शिक्षण, शिक्षण सुधार योजना र कार्यमूलक अनुसन्धानको स्थिति तुलनात्मकरूपमा कमजोर देखिन्छ । यद्यपि भक्तपुर जिल्लाका विद्यालयहरूमा ती सूचकहरूको स्थिति अन्य जिल्लाका विद्यालयहरूभन्दा तुलनात्मकरूपमा राम्रो रहेको देखिन्छ । कक्षा शिक्षणका विभिन्न सूचकमा विद्यालय कार्यसम्पादनको तुलनात्मक अवस्थाको विवरण तलको तालिका र चित्रमा देखाइएको छ ।


**तालिका १४. कक्षा शिक्षणका विभिन्न सूचकमा विद्यालय कार्यसम्पादनको तुलनात्मक अवस्था**

| क्र.सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | योजना निर्माण | १.९ | १.२ | १.१ | ०.५ | १.२ | १.५ | १.२ | १.९ | १.३ |
| २ | शैक्षिक सामग्रीको प्रयोग | १.९ | १.३ | ०.८ | १.० | १.५ | १.३ | १.२ | १.८ | १.४ |
| ३ | छलफल र अन्तर क्रियात्मक शिक्षण | २.२ | १.९ | १.९ | १.७ | १.७ | १.८ | १.५ | २.१ | १.८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षणमा प्रविधिको प्रयोग | १.२ | ०.६ | ०.४ | ०.० | १.१ | ०.६ | ०.३ | ०.७ | ०.६ |
| ५ | वैयक्तित भिन्नतामा आधारित सहयोगात्मक शिक्षण | २.३ | १.७ | १.४ | १.४ | १.७ | १.३ | १.० | १.६ | १.६ |
| ६ | गृहकार्य | २.७ | २.४ | २.२ | २.१ | २.४ | २.० | १.७ | २.२ | २.२ |
| ७ | शिक्षणमा सकारात्मक पुनर्वल | २.७ | २.४ | २.५ | २.४ | २.४ | २.४ | २.० | २.६ | २.४ |
| ८ | शिक्षण सुधार योजना | १.६ | १.४ | १.४ | ०.४ | १.५ | १.४ | ०.८ | १.८ | १.३ |
| ९ | कार्यमूलक अनुसन्धान | १.३ | १.८ | १.९ | १.० | १.४ | १.८ | ०.५ | २.४ | १.५ |
| १० | कक्षाकोठा व्यवस्थापन | २.६ | २.३ | २.३ | २.१ | २.५ | २.२ | २.० | २.२ | २.३ |
| जम्मा प्राप्ताङ्क | | २०.३ | १६.९ | १५.८ | १२.६ | १७.३ | १६.० | १२.२ | १९.१ | १६.४ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० |
| प्राप्ताङ्क प्रतिशत | | ६७.५२ | ५६.३५ | ५२.६३ | ४२.१२ | ५७.५० | ५३.४९ | ४०.६९ | ६३.७७ | ५४.६० |

\

चित्र १०. कक्षा शिक्षण प्रभावकारिताको जिल्लागत स्थिति





**विद्यार्थी मूल्याङ्कन**

विद्यार्थी मूल्याङ्कनका विभिन्न क्षेत्रमा विद्यालयहरूले गरेको कार्यसम्पादनको समग्र स्थिति मध्यम (६२.८४%) रहेको छ । विद्यार्थी मूल्याङ्कनको क्षेत्रमा पनि भक्तपुर जिल्लाका विद्यालयहरूको कार्यसम्पादनको स्थिति राम्रो (७२.३३%) रहेको छ भने सिरहा जिल्लाको स्थिति सबैभन्दा कमजोर (४६.४५%) रहेको छ । विद्यार्थी मूल्याङ्कनको

क्षेत्रमा राम्रो कार्यसम्पादन गर्ने जिल्लामा डडेल्धुरा (७१.५२%) पनि रहेको रहेको छ । ताप्लेजुङ (६९.९६%), रसुवा (६४.०२%), कपिलवस्तु (६३.४६%) र म्याग्दी (६३.२४%) जिल्लाका विद्यालयको कार्यसम्पादन स्तर मध्यम रहेको छ । मूल्याङ्कनका विभिन्न क्षेत्रहरूको कार्यसम्पादनलाई ० (उपलब्ध नभएको वा अत्यन्त कमजोर) देखि ३ (उत्कृष्ट) को स्केलमा मापन गरी प्राप्त नतिजालाई जिल्लागत रूपमा तलको तालिका र चित्रमा देखाइएको छ ।

**तालिका १५. विद्यार्थी मूल्याक्तनका क्षेत्रमा भएका कार्यसम्पादनको जिल्लागत स्थिति**

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | निरन्तर विद्यार्थी मूल्याङ्कन | १.७ | २.३ | १.६ | १.७ | १.७ | १.८ | १.२ | २.३ | १.८ |
| २ | निर्माणात्मक मूल्याङ्न को प्रयोग | २.८ | २.४ | २.५ | १.८ | २.४ | २.४ | १.९ | २.५ | २.४ |
| ३ | प्रश्नपत्र निर्माण | २.३ | २.५ | २.४ | २.० | २.५ | २.७ | १.६ | २.७ | २.३ |
| ४ | उत्तरपुस्तिका परीक्षण | १.१ | १.३ | १.४ | ०.९ | १.० | १.३ | ०.९ | १.६ | १.२ |
| ५ | नतिजा प्रकाशन | २.८ | २.० | १.५ | १.१ | २.१ | १.५ | १.३ | १.६ | १.८ |
| ६ | परीक्षाफलको विश्लेषण र प्रयोग | २.३ | २.३ | २.० | १.३ | १.८ | १.९ | १.५ | २.० | १.९ |
| जम्मा प्राप्ताङ्क | | १३.० | १२.९ | ११.४ | ८.६ | ११.४ | ११.५ | ८.४ | १२.६ | ११.३ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ |
| प्राप्ताङ्क प्रतिशत | | ७२.३३ | ७१.५२ | ६३.४६ | ४७.९८ | ६३.२४ | ६४.०२ | ४६.४५ | ६९.९६ | ६२.८४ |




चित्र ११. विद्यार्थी मूल्याङ्कनमा आधारित कार्यसम्पादनको जिल्लागत स्थिति

## शिक्षकको पेसागत विकास


शिक्षकको पेसागत विकासको स्थिति तुलनात्मक रूपमा कमजोर (औसत ३८.७०%) रहेको देखिन्छ। शिक्षकको पेसागत विकाससँग सम्बन्धित कार्यसम्पादनको तुलनात्मक स्थितिलाई हेर्दा भक्तपुर जिल्लाको अवस्था राम्रो (६३.३१%) भए पनि मध्यमस्तरभन्दा माथि जान सकेको छैन। अन्य जिल्लाको हकमा मुगु जिल्लामा शिक्षकको पेसागत विकासको स्थिति सबैभन्दा कमजोर (२८.१४%) रहेको छ भने ताप्लेजुङ् (३२.०१), डडेल्धुरा (३२.०५%), सिरहा (३२.८०%), म्याग्दी (३९.७६%), कपिलवस्तु (४१.२५%) को तुलनात्मक रूपमा केही राम्रो भए पनि समग्रमा कमजोर नै रहेको छ। पेसागत विकासका विभिन्न सूचकहरूसँग सम्बन्धित कार्यसम्पादनलाई ० (उपलब्ध नभएको वा अत्यन्त कमजोर) देखि ३ (उत्कृष्ट) को स्केलमा लेखाजोखा गरी हेर्दा पेसागत विकासका लागि अवलम्बन गरिएका उपाय (औसत २.१) र तालिममा सहभागिताको अवस्था (औसत २.१) अधिकांश जिल्लामा मध्यम देखिन्छ। विद्यालयको आयोजनामा क्षमता विकास तालिम र स्रोत कक्षा सञ्चालन (औसत ०.४), स्मारिका, बुलेटिन, पत्रिका वा भित्तेपत्रिका प्रकाशन (औसत ०.४), अवलोकन भ्रमण (०.७), नियमित अध्ययन सामग्रीको व्यवस्था (औसत १.५) को अवस्था भने अधिकांश जिल्लामा कमजोर रहेको देखिन्छ।

**तालिका १६. शिक्षकको पेसागत विकासको तुलनात्मक स्थिति**

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पेसागत विकासका लागि अवलम्बन गरिएका उपाय | २.५ | २.० | २.० | २.० | २.१ | १.८ | २.० | २.१ | २.१ |
| २ | पेसागत विकासका तालिममा सहभागिता | २.३ | २.१ | २.४ | २.२ | २.१ | २.० | १.७ | २.१ | २.१ |
| ३ | विद्यालयको आयोजनामा क्षमता विकास तालिम/स्रोत कक्षा सञ्चालन | १.२ | ०.३ | ०.३ | ०.१ | ०.३ | ०.२ | ०.४ | ०.५ | ०.४ |
| ४ | स्मारिका, बुलेटिन, पत्रिका वा भित्तेपत्रिका प्रकाशन | १.५ | ०.३ | ०.२ | ०.१ | ०.४ | ०.१ | ०.२ | ०.४ | ०.४ |
| ५ | अवलोकन भ्रमण | १.७ | ०.४ | १.३ | ०.० | ०.५ | १.४ | ०.५ | ०.२ | ०.७ |
| ६ | नियमित अध्ययन सामग्रीको व्यवस्था | २.७ | ०.८ | १.७ | ०.७ | १.७ | १.२ | १.७ | ०.८ | १.५ |
| ७ | प्रोत्साहन/सुविधा | १.५ | ०.९ | ०.६ | ०.८ | १.३ | ०.८ | ०.५ | ०.७ | ०.९ |
| जम्मा प्राप्ताङ्क | | १३.३ | ६.७ | ८.७ | ५.९ | ८.४ | ७.५ | ६.९ | ६.७ | ८.१ |

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ |
| | प्राप्ताङ्क प्रतिशत | ६३.३१ | ३२.०५ | ४१.२५ | २८.१४ | ३९.७६ | ३५.८३ | ३२.८० | ३२.०१ | ३८.७० |

चित्र १२. शिक्षकको पेसागत स्थितिको जिल्लागत स्थिति





**नेतृत्व र व्यवस्थापन**

वि.व्य.स. र प्र.अ.को नेतृत्व र व्यवस्थापनको आधारमा विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्दा आठ जिल्लाका विद्यालयको औसत प्राप्ताङ्कको स्तर राम्रो (७२.०३%) देखिन्छ । ती जिल्लाहरूमध्ये डडेल्धुरा जिल्लामा वि.व्य.स. र प्र.अ.को नेतृत्व र व्यवस्थापनमा सबैभन्दा बढी अङ्क (८२.८२%) रहेको छ भने सिरहा जिल्लाका विद्यालयहरूमा नेतृत्व र व्यवस्थापनको अवस्था सबैभन्दा कमजोर (५५.७७%) रहेको छ । अन्य सबै जिल्लाको यस क्षेत्रमा कार्यसम्पादनको स्तर ७१.२५ देखि ७६.७६ प्रतिशत सम्म रहेको छ। ० देखि ३ को स्केलमा मापन गरिएका नेतृत्व र व्यवस्थापनअन्तर्गतका सूचकहरूमध्ये स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग (औसत ०.७), शिक्षक अभिभावक संघको गठन र क्रियाशीलता (औसत १.६) र शिक्षक अभिभावक संघको बैठक (औसत १.२) को अवस्था सबैभन्दा कमजोर रहेको छ । अन्य सूचकहरूमा कार्यसम्पादनको अवस्था मध्यम देखिन्छ। नेतृत्व र व्यवस्थापनको आधारमा विद्यालयको कार्यसम्पादनका विभिन्न सूचकको जिल्लागत नतिजालाई तलको तालिका र चित्रमा उल्लेख गरिएको छ।

**तालिका १७. नेतृत्व र व्यवस्थापनको आधारमा विद्यालयको कार्यसम्पादनको जिल्लागत स्थिति**

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वि.व्य.स.को गठन | २.८ | २.८ | २.० | २.३ | २.८ | १.६ | १.५ | २.३ | २.३ |
| २ | वि.व्य.स.को बैठक र निर्णय | २.५ | २.७ | २.५ | २.३ | २.५ | २.६ | २.३ | २.५ | २.५ |
| ३ | वि.व्य.स.को निर्णय कार्यान्वयन | २.९ | २.९ | २.७ | २.५ | २.८ | २.७ | २.७ | २.६ | २.८ |
| ४ | शिक्षक अभिभावक संघको गठन र क्रियाशीलता | १.९ | २.२ | १.३ | १.६ | १.९ | १.४ | ०.५ | २.२ | १.६ |
| ५ | शिक्षक अभिभावक संघको बैठक | १.४ | १.५ | १.२ | ०.९ | १.४ | १.४ | ०.४ | १.७ | १.२ |
| ६ | शि.अ.सं.को निर्णय कार्यान्वयन | २.६ | २.७ | १.९ | २.१ | २.३ | २.० | २.४ | २.५ | २.३ |
| ७ | अभिभावक भेला र निर्णय | २.४ | २.४ | २.२ | २.६ | २.२ | २.० | २.० | २.२ | २.२ |
| ८ | सामाजिक परीक्षण | २.० | २.४ | २.५ | २.२ | २.५ | २.५ | २.१ | २.७ | २.३ |
| ९ | शिक्षक स्टाफ बैठक र शैक्षिक निर्णय | २.६ | २.९ | २.६ | २.६ | २.५ | २.८ | २.७ | २.९ | २.७ |
| १० | महत्वपूर्ण विषयमा प्र.अ. को निर्णय | २.८ | २.८ | २.७ | २.७ | २.६ | २.८ | २.५ | २.६ | २.७ |
| ११ | वि.व्य.स.को निर्णय प्रक्रिया | २.८ | २.७ | २.७ | २.२ | २.७ | २.६ | २.६ | २.५ | २.६ |
| १२ | विद्यालय सुधार योजना | २.३ | २.६ | २.४ | २.३ | २.२ | २.६ | २.३ | २.५ | २.४ |
| १३ | बार्षिक योजना र कार्यक्रम तथा कार्यान्वयन | २.५ | २.६ | १.७ | १.४ | १.९ | २.४ | १.७ | २.२ | २.० |
| १४ | स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग | ०.८ | २.० | ०.४ | १.७ | ०.२ | ०.७ | ०.१ | ०.४ | ०.७ |
| १५ | सुशासन र पारदर्शिता | २.६ | २.७ | २.६ | २.४ | २.७ | २.२ | २.४ | २.५ | २.६ |
| १६ | अभिलेख व्यवस्थापन | २.६ | २.७ | २.७ | २.५ | २.५ | २.६ | २.५ | २.३ | २.५ |
| १७ | आर्थिक व्यवस्थापन | २.५ | २.८ | २.५ | २.५ | २.५ | २.४ | २.१ | २.७ | २.५ |
| जम्मा प्राप्ताङ्क | | ३८.९ | ४२.२ | ३६.३ | ३६.४ | ३७.५ | ३७.० | २८.४ | ३९.१ | ३६.७ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ |
| प्राप्ताङ्क प्रतिशत | | ७६.२० | ८२.८२ | ७१.२५ | ७१.३९ | ७३.४३ | ७२.४६ | ५५.७७ | ७६.७६ | ७२.०३ |

चित्र १३. नेतृत्व र व्यवस्थापनको जिल्लागत स्थिति




**सह तथा अतिरिक्त क्रियाकलाप**


विद्यालय कार्यसम्पादनमा सह तथा अतिरिक्त क्रियाकलापको स्थितिको औसत स्तर राम्रो (७७.८६%) पाइएको छ । यस क्षेत्रको कार्यसम्पादनमा सिरहा बाहेक सबै जिल्लाको स्थिति मध्यम देखिएको छ भने डडेल्धुरा जिल्लाका विद्यालयहरूको स्थिति सबैभन्दा राम्रो (८६.७७%) र सिरहा जिल्लामा सबैभन्दा कम (६५.३५%) रहेको देखिन्छ । अन्य जिल्लाका विद्यालयहरूको स्थिति त्यसको बीचमा रहेको देखिन्छ । सह तथा अतिरिक्त क्रियाकलापमा आठै ओटा जिल्लाका विद्यालयहरूको कार्यसम्पादनको नतिजालाई तलको तालिका र चित्रमा देखाइएको छ ।

**तालिका १८. विद्यालय कार्यसम्पादनमा सह तथा अतिरिक्त क्रियाकलापको स्थिति**

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सह/अतिरिक्त क्रियाकलापको योजना | २.८ | २.९ | २.३ | २.५ | २.५ | २.६ | २.२ | २.६ | २.५ |
| २ | सह/अतिरिक्त क्रियाकलाप योजनाको कार्यान्वयन | २.५ | २.४ | २.० | २.१ | २.२ | २.१ | १.७ | २.३ | २.२ |
| ३ | सह/अतिरिक्त क्रियाकलाप सञ्चालन | २.८ | २.९ | २.८ | ३.० | २.६ | २.७ | २.२ | २.८ | २.७ |
| ४ | प्रतियोगितामा विद्यालयको सहभागिता | २.४ | २.१ | २.४ | २.५ | २.२ | २.३ | २.४ | २.० | २.३ |

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | प्यूठान | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सह/अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता | २.५ | २.६ | २.४ | २.३ | २.३ | २.० | १.७ | २.४ | २.३ |
| ६ | बालक्लब, रेडक्रस, स्काउट, सदनको गठन | २.३ | २.८ | १.५ | २.२ | २.५ | २.३ | १.६ | २.२ | २.१ |
| जम्मा प्राप्ताङ्क | | १५.३ | १५.६ | १३.४ | १४.५ | १४.३ | १४.० | ११.८ | १४.३ | १४.० |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ |
| प्राप्ताङ्क प्रतिशत | | ८४.८६ | ८६.७७ | ७४.६५ | ८०.३० | ७९.३५ | ७७.५१ | ६५.३५ | ७९.२२ | ७७.८६ |

चित्र १४. सह/अतिरिक्त क्रियाकलापसँग सम्बन्धित कार्यसम्पादनको जिल्लागत स्थिति





## २.१.४ उपलब्धि

विद्यालयको कार्यसम्पादनमा लगानी र प्रक्रियाको तुलनामा उपलब्धिको अवस्था तुलनात्मक रूपमा राम्रो रहेको छ र आठै ओटा जिल्लाका विद्यालयहरूको विद्यार्थी उपलब्धिमा आधारित कार्यसम्पादनको औसत स्तर राम्रो (७४.६२%) रहेको छ । लगानी र प्रक्रियामा जिल्लागतरूपमा ठूलो अन्तर देखिए तापनि उपलब्धिमा आधारित कार्यसम्पादनमा खासै ठूलो अन्तर देखिदैन । उपलब्धिमा आधारित कार्यसम्पादनमा भक्तपुर जिल्लाका विद्यालयको औसत सबैभन्दा उच्च (८२.३१%) रहेको छ भने मुगु जिल्लाका विद्यालयको स्थिति सबैभन्दा

कमजोर (६७.९५%) रहेको छ । अन्य जिल्लाको हकमा म्याग्दी, ताप्लेजुङ, डडेल्धुरा, रसुवा र कपिलवस्तुको उपलब्धिमा आधारित कार्यसम्पादन क्रमश: ७९.७४%, ७५.६४%, ७३.०८%, ७२.३१% र ७१.७९% रहेको छ । शैक्षिक उपलब्धिका विभिन्न क्षेत्रमा जिल्लागत रूपमा प्राप्त नतिजालाई तलको तालिका र पछिल्ला खण्डमा थप व्याख्या गरिएको छ ।

**तालिका १९. उपलब्धिमा आधारित कार्यसम्पादनको जिल्लागत अवस्था**

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दर (पूर्णाङ्क १८) | १३.५ | ११.१ | १०.४ | १०.७ | १३.४ | ११.७ | १०.७ | १२.९ | ११.८ |
| | प्रतिशत | ७४.८४ | ६१.६४ | ५७.७५ | ५९.६० | ७४.५४ | ६४.८१ | ५९.२६ | ७१.५० | ६५.३९ |
| २ | सिकाइ उपलब्धि (पूर्णाङ्क १५) | ८.८ | ९.३ | ८.९ | ८.६ | ८.७ | ८.४ | ८.७ | ८.४ | ८.८ |
| | प्रतिशत | ५८.६९ | ६२.१२ | ५९.१५ | ५७.२७ | ५७.७८ | ५५.८७ | ५८.०६ | ५५.९७ | ५८.४८ |
| ३ | सेवाग्राही सन्तुष्टि (पूर्णाङ्क ६) | ४.८ | ३.९ | ४.३ | ३.५ | ४.५ | ४.१ | ३.८ | ४.२ | ४.२ |
| | प्रतिशत | ८०.३९ | ६४.२९ | ७०.८९ | ५९.०९ | ७४.४४ | ६९.०५ | ६२.५० | ६९.७५ | ६९.२४ |
| ४ | शिक्षकको पेसागत सन्तुष्टि (पूर्णाङ्क ६) | ५ | ४.२ | ४.४ | ३.७ | ४.५ | ४ | ४ | ४ | ४.३ |
| | प्रतिशत | ८२.६८ | ६९.६८ | ७३.०० | ६२.१२ | ७४.४४ | ६७.४६ | ६६.९० | ६७.२८ | ७१.२६ |
| जम्मा प्राप्ताङ्क | | ३२.१ | २८.५ | २८ | २६.५ | ३१.१ | २८.२ | २७.२ | २९.५ | २९.१ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| प्राप्ताङ्क प्रतिशत | | ८२.३१ | ७३.०८ | ७१.७९ | ६७.९५ | ७९.७४ | ७२.३१ | ६९.७४ | ७५.६४ | ७४.६२ |




**नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर**


विद्यार्थीहरू विद्यालयमा कत्तिको नियमित हुन्छन् र उनीहरूको विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर के कस्तो छ भन्ने आधारमा विद्यालयहरूको समग्र कार्यसम्पादन स्तर मध्यम (६५.३९%) देखिन्छ । यी सूचकहरूमा भक्तपुर जिल्लाको कार्यसम्पादन सबैभन्दा उच्च (७४.८४%) र कपिलवस्तुको सबैभन्दा कम अङ्क (५७.७५%) रहेको छ। यस आधारमा भएका कार्यसम्पादनमा म्याग्दी (७४.५४%) र ताप्लेजुङ (७१.५%) को अवस्था राम्रो देखिन्छ भने रसुवा (६४.८१%), डडेल्धुरा (६१.६४%), मुगु (५९.६०%) र सिरहा (५९.२६%) को कार्यसम्पादन मध्मम देखिन्छ। नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दरका आधारमा विद्यालय कार्यसम्पादनको जिल्लागत स्थितिलाई निम्नलिखित तालिका र चित्रमा देखाइएको छ ।

**तालिका २०. नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दरका आधारमा जिल्लागत कार्यसम्पादनको अवस्था**

| जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| नियमितता कक्षा ५ | २.२ | १.७ | १.४ | ०.७ | १.९ | १.६ | १.५ | १.५ | १.६ |
| नियमितता कक्षा ८ | २.१ | १.७ | १.४ | ०.६ | १.८ | १.७ | १.६ | १.६ | १.६ |
| विद्यालय छाड्ने दर – कक्षा ५ | २.० | २.२ | १.७ | २.० | २.३ | १.९ | १.८ | २.४ | २.० |
| विद्यालय छाड्ने दर – कक्षा ८ | २.० | १.७ | १.६ | २.२ | २.१ | १.७ | १.८ | २.३ | १.९ |
| कक्षा दोहोऱ्याउने दर – कक्षा ५ | २.८ | २.३ | २.२ | २.६ | २.८ | २.६ | २.० | २.७ | २.४ |
| कक्षा दोहोऱ्याउने दर – कक्षा ८ | २.७ | १.९ | २.३ | २.८ | २.७ | २.६ | २.४ | २.६ | २.४ |

| जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा प्राप्ताङ्क | १३.५ | ११.१ | १०.४ | १०.७ | १३.४ | ११.७ | १०.७ | १२.९ | ११.८ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ |
| प्राप्ताङ्क प्रतिशत | ७४.८४ | ६१.६४ | ५७.७५ | ५९.६० | ७४.५४ | ६४.८१ | ५९.२६ | ७१.५० | ६५.३९ |

चित्र १६. नियमिततामा वृद्धि र विद्यालय र कक्षा दोहोऱ्याउने दरमा कमी आएको आधारमा कार्यसम्पादनको जिल्लागत स्थिति





**सिकाइ उपलब्धि**

विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा विद्यालयको समग्र कार्यसम्पादन मध्यम (५८.४८%) रहेको छ भने यस क्षेत्रमा आठ ओटै जिल्लाको स्थितिमा ठूलो अन्तर रहेको छैन । सिकाइ उपलब्धिका आधारमा डडेल्धुरा जिल्लाको कार्यसम्पादन स्तर सबैभन्दा बढी (६२.१२%) र रसुवा जिल्लाको स्तर सबैभन्दा कम (५५.८७%) रहेको छ । अन्य जिल्लाको कार्यसम्पादन स्तर ६२.१२% र ५५.९७% बीचमा रहेको छ । तलको तालिका र चित्रले विद्यालय सिकाइ उपलब्धिको आधारमा विद्यालयको समग्र कार्यसम्पादनको जिल्लागत अवस्थाको चित्रण गर्दछ ।

**तालिका २१. विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा विद्यालय कार्यसम्पादनको जिल्लागत स्थिति**

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा ५ को नेपाली विषयमा गत २ वर्षको औसत सिकाइ उपलब्धिमा परिवर्तन | १.६ | १.९ | १.७ | १.७ | १.६ | १.९ | १.८ | २.० | १.८ |
| २ | कक्षा ५ को गणित विषयमा गत २ वर्षको औसत सिकाइ उपलब्धिमा परिवर्तन | १.७ | २.० | १.५ | १.६ | १.१ | १.५ | १.७ | १.७ | १.६ |
| ३ | कक्षा ८ को नेपाली विषयमा गत २ वर्षको औसत सिकाइ उपलब्धिमा परिवर्तन | २.३ | २.८ | २.२ | २.२ | २.२ | २.३ | २.० | २.१ | २.३ |
| ४ | कक्षा ८ को गणित विषयमा गत २ वर्षको औसत सिकाइ उपलब्धिमा परिवर्तन | १.६ | १.५ | २.४ | २.१ | १.९ | १.९ | २.२ | १.७ | १.९ |
| ५ | एस.एल.सी. औसत जिपए (GPA) | २.० | १.२ | १.१ | १.१ | १.९ | १.१ | १.१ | १.० | १.३ |
| जम्मा प्राप्ताङ्क | | ८.८ | ९.३ | ८.९ | ८.६ | ८.७ | ८.४ | ८.७ | ८.४ | ८.८ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ |
| प्राप्ताङ्क प्रतिशत | | ५८.६९ | ६२.१२ | ५९.१५ | ५७.२७ | ५७.७८ | ५५.८७ | ५८.०६ | ५५.९७ | ५८.४८ |

**चित्र १७. सिकाइ उपलब्धिको जिल्लागत स्थिति**




**सेवाग्राही सन्तुष्टि**

सेवाग्राही सन्तुष्टिको आधारमा कार्यसम्पादनको स्तर मध्यम (६९.२४%) रहेको छ। अभिभावक र विद्यार्थीलाई विद्यालयको सेवाप्रवाहमा कतिको सन्तुष्टि हुनुहुन्छ भनी ० (असन्तुष्ट) देखि ३ (अत्यन्त सन्तुष्ट) को स्केलमा लेखाजोखा गर्दा भक्तपुर जिल्लाका अभिभावकको सन्तुष्टिको अवस्था सबभन्दा राम्रो (२.४) रहेको देखिन्छ भने मुगु जिल्लाका अभिभावकको विद्यालयले प्रदान गर्ने सेवाप्रवाहप्रतिको सन्तुष्टिको अवस्था कमजोर (१.६) रहेको छ। आठै जिल्लामा विद्यालयले प्रदान गर्ने सेवाप्रवाहमा विद्यार्थीको सन्तुष्टिको स्थिति लेखाजोखा गर्दा भक्तपुर जिल्लाका विद्यार्थीहरूको अवस्था अन्य जिल्लाका विद्यालयहरूको तुलनामा राम्रो (२.५) देखिन्छ। विद्यार्थी सन्तुष्टिको स्तर ० – ३ को स्केलमा हेर्दा कपिलवस्तु, म्याग्दी, ताप्लेजुङका विद्यालयका कार्यसम्पादन औसत सन्तुष्टि स्तर २.२, रसुवामा २.१ पाइयो भने डडेल्धुरा, मुगु र सिरहाको स्थिति १.९ कमजोर देखिन्छ।

**तालिका २२. विद्यालय कार्यसम्पादनमा सेवाग्राही सन्तुष्टिको जिल्लागत अवस्था**

| क्र. सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अभिभावक सन्तुष्टि | २.४ | १.९ | २.१ | १.६ | २.३ | २.० | १.८ | २.० | २.० |
| २ | विद्यार्थी सन्तुष्टि | २.५ | १.९ | २.२ | १.९ | २.२ | २.१ | १.९ | २.२ | २.१ |
| जम्मा प्राप्ताङ्क | | ४.८ | ३.९ | ४.३ | ३.५ | ४.५ | ४.१ | ३.८ | ४.२ | ४.२ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| प्राप्ताङ्क प्रतिशत | | ८०.३९ | ६४.२९ | ७०.८९ | ५९.०९ | ७४.४४ | ६९.०५ | ६२.५० | ६९.७५ | ६९.२४ |

चित्र १८. विद्यालय कार्यसम्पादनमा सेवाग्राही सन्तुष्टिको जिल्लागत स्थिति



**शिक्षकको पेसागत सन्तुष्टि**


शिक्षकको पेसागत सन्तुष्टिलाई आधार मानी आठै ओटा जिल्लाका विद्यालयको कार्यसम्पादनको समग्र स्तर हेर्दा स्तर राम्रो (७१.२६%) देखिन्छ । शिक्षकहरूलाई आफ्नो पेसामा कतिको सन्तुष्ट छन् भनी लेखाजोखा गर्न सन्तुष्टिलाई दुईओटा क्षेत्रमा हेरी ० (असन्तुष्ट) देखि ३ (अत्यन्त सन्तुष्ट) को स्केलमा सन्तुष्टि मापन गरिएको थियो । पहिलो क्षेत्रका रूपमा विद्यालयको कार्य प्रगतिप्रति शिक्षकको सन्तुष्टिको अवस्थालाई हेरिएको थियो । भक्तपुर जिल्लाका शिक्षकहरूको सन्तुष्टिको स्थिति सबैभन्दा राम्रो (२.५) देखिन्छ । यसैगरी ० (असन्तुष्ट) देखि ३ (अत्यन्त सन्तुष्ट) को स्केलमा हेर्दा म्याग्दीका शिक्षकहरूको औसत सन्तुष्टि स्तर २.२, डडेल्धुरा, कपिलवस्तु र रसुवामा २.१ र ताप्लेजुङमा २.० रहेको देखिन्छ । मुगु र सिरहामा शिक्षकहरूको औसत सन्तुष्टि स्तर सबैभन्दा कमजोर अर्थात् १.९ रहेको छ ।

यसैगरी आफ्नो पेसामा शिक्षकहरू कतिको सन्तुष्ट छन् भनी गरिएको मूल्याङ्कनमा भक्तपुर जिल्लाका शिक्षकहरू सबैभन्दा बढी सन्तुष्ट (२.५) रहेको पाइयो । अन्य जिल्लाहरूमा कपिलवस्तु र म्याग्दीमा शिक्षकहरूको औसत सन्तुष्टि स्तर २.३, डडेल्धुरा, सिरहा र ताप्लेजुङमा २.१, र रसुवामा २.० रहेको देखिन्छ भने मुगु जिल्लाका शिक्षकहरूको पेसागत सन्तुष्टिको स्तर सबैभन्दा कमजोर अर्थात् १.९ रहेको छ ।

**तालिका २३. शिक्षकको पेसागत सन्तुष्टिका आधारमा कार्यसम्पादनको जिल्लागत स्थिति**

| क्र.सं. | जिल्ला → / सूचक ↓ | भक्तपुर | डडेल्धुरा | कपिलवस्तु | मुगु | म्याग्दी | रसुवा | सिरहा | ताप्लेजुङ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयको कार्यप्रगति सम्बन्धमा सन्तुष्टि | २.५ | २.१ | २.१ | १.९ | २.२ | २.१ | १.९ | २.० | २.१ |
| २ | आफ्नो पेसा सम्बन्धमा सन्तुष्टि | २.५ | २.१ | २.३ | १.९ | २.३ | २.० | २.१ | २.१ | २.२ |
| जम्मा प्राप्ताङ्क | | ५.० | ४.२ | ४.४ | ३.७ | ४.५ | ४.० | ४.० | ४.० | ४.३ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| प्राप्ताङ्क प्रतिशत | | ८२.६८ | ६९.८४ | ७३.०० | ६२.१२ | ७४.४४ | ६७.४६ | ६६.९० | ६७.२८ | ७१.२६ |

चित्र १९. शिक्षकको पेसागत सन्तुष्टिको जिल्लागत स्थिति




## २. कार्यसम्पादनको सामान्य प्रवृत्ति

- कार्यसम्पादनको समग्र स्थितिमा भक्तपुर जिल्लाका विद्यालयहरूको स्तर राम्रो र सिरहा र मुगु जिल्लाको स्थिति कमजोर रहेको छ ।
- लगानी राम्रो भएका विद्यालयहरूको समग्र कार्यसम्पादन पनि राम्रो रहेको छ र कमजोर लगानी भएका विद्यालयहरूको कार्यसम्पादन पनि कमजोर नै रहेको छ ।
- सामान्यतया पहाडी जिल्लाभन्दा तराईका विद्यालयहरूको क्षेत्रफल बढी रहेको छ ।
- सबै जिल्लाका विद्यालयहरूमा कक्षाकोठाको उपलब्धता र प्रयोग तथा कक्षाकोठामा प्रयोग हुने पाटीको स्थिति राम्रो रहेको छ ।
- विज्ञान प्रयोगशालाको उपलब्धता र प्रयोग, खेल मैदान, खेल सामग्री, चमेना गृह र सेवाको अवस्था र शिक्षण सिकाइमा कम्प्युटरको प्रयोग सबै जिल्लामा कमजोर रहेको छ ।
- विद्यालयमा उपलब्ध जनशक्ति (शिक्षक) को अवस्था सबै जिल्लामा राम्रो मानिन्छ ।
- शिक्षकको सूचना प्रविधि प्रयोगको क्षमता अधिकांश जिल्लामा कमजोर रहेको छ ।
- डडेल्धुरा बाहेक सबै जिल्लामा महिला शिक्षकको तुलनामा पुरुष शिक्षकको सङ्ख्या उच्च रहेको छ ।
- शिक्षकको योग्यता, कक्षा र विषयको अनुपातमा शिक्षक सङ्ख्या, शिक्षक उपस्थिति दर, प्र.अ.द्वारा गरिएको शिक्षकको कार्यसम्पादन स्तरको मूल्याङ्कन अधिकांश जिल्लामा राम्रो रहेको छ ।
- विद्यालयमा समुदायको लगानी र सहभागिता अधिकांश जिल्लामा कमजोर रहेको छ ।

- प्रक्रियाका क्षेत्रमा राम्रो भएका विद्यालयहरूको समग्र कार्यसम्पादन पनि राम्रो रहेको छ र प्रक्रियाका क्षेत्रमा कमजोर भएका विद्यालयहरूको कार्यसम्पादन पनि कमजोर नै रहेको छ ।
- भक्तपुर जिल्ला बाहेक अन्य जिल्लामा शिक्षकको पेसागत विकासको अवस्था अत्यन्तै कमजोर रहेको छ ।
- सह तथा अतिरिक्त क्रियाकपलापमा सबै जिल्लाका विद्यालयहरूको कार्यसम्पादन स्तर राम्रो रहेको छ ।
- कक्षा शिक्षणमा योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, छलफल र अन्तरक्रियात्मक शिक्षण, प्रविधिको प्रयोग, कार्यमूलक अनुसन्धान र शिक्षण सुधार योजनाको स्थिति सबै जिल्लामा कमजोर रहेको छ ।
- कक्षा शिक्षणअन्तर्गत गृहकार्य, शिक्षणमा सकारात्मक पुनर्वल र गृहकार्यको प्रयोग सबै जिल्लामा सन्तोषजनक रहेको देखिन्छ ।
- सिरहा जिल्लाबाहेक अन्य सबै जिल्लामा विद्यार्थी मूल्याङ्कनको समग्र स्थिति सन्तोषजनक रहेको छ ।
- अधिकांश जिल्लामा निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्था, उत्तर कुन्जिका प्रयोग गरी उत्तरपुस्तिका परीक्षण गर्ने अभ्यास र परीक्षाफलको विश्लेषण र प्रयोगको अवस्था कमजोर रहेको छ ।
- शिक्षकको पेसागत विकासको स्थिति सबै जिल्लामा कमजोर रहेको देखिन्छ । पेसागत विकासका क्षेत्र अन्तर्गत तालिममा सहभागिताको स्थिति सन्तोषजनक देखिएपनि विद्यालयको आयोजनामा क्षमता विकास तालिम र स्रोत कक्षा सञ्चालन, स्मारिका, बुलेटिन, पत्रिका वा भित्तेपत्रिका प्रकाशन, अवलोकन भ्रमण, नियमित अध्ययन सामग्रीको व्यवस्था र प्रोत्साहन र सुविधाको अवस्था सबै जिल्लामा कमजोर रहेको छ ।
- शिक्षक अभिभावक संघको क्रियाशीलता सबै जिल्लामा अत्यन्तै कमजोर देखिन्छ ।
- स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको अवस्था सबै जिल्लामा कमजोर देखिन्छ ।
- विद्यालयको अभिलेख र आर्थिक व्यवस्थापन, सुशासन र पारदर्शिता, शिक्षक स्टाफ बैठक र शैक्षिक निर्णय, वि.व्य.स.को बैठक, निर्णय निर्माण र कार्यान्वयनको स्थिति अधिकांश विद्यालयहरूमा राम्रो देखिन्छ ।
- विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित कार्यसम्पादनस्तरमा जिल्लागत स्थितिमा ठूलो अन्तर देखिदैन ।
- उच्च पहाडी जिल्ला (जस्तै ताप्लेजुङ) र तराईका जिल्ला (जस्तै सिरहा) मा कक्षा ५ र ८ का विद्यार्थीको नियमितता कमजोर रहेको छ ।
- कक्षा ८ को नेपाली विषय बाहेक विषयगत सिकाइ उपलब्धिको स्थिति सबै जिल्लामा कमजोर रहेको छ । भक्तपुर बाहेक सबै जिल्लामा माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) को औसत उपलब्धि कमजोर रहेको छ ।
- विद्यालयको सेवा प्रवाहमा विद्यार्थी भन्दा अभिभावक कम सन्तुष्ट रहेका छन् ।
- उच्च कार्यसम्पादन भएका जिल्लाका (जस्तै भक्तपुर) शिक्षक नै पेसाप्रति सबैभन्दा सन्तुष्ट रहेका छन् ।

## २.३ सिफारिस र सुझाव

### २.३.१ नीतिगत सुझाव

- कार्यसम्पादनको जिल्लागत अन्तरलाई लेखाजोखा गरी विद्यालयहरूलाई समतामा आधारित (equity-based) सहयोगको नीति निर्धारण गर्ने ।
- विद्यालयहरूको भौतिक अवस्थामा ठूलो अन्तर देखिएकोले भौतिक अवस्थामा सहयोग गर्ने केन्द्रीय र स्थानीय नीति निर्धारण गर्न ।
- विज्ञान प्रयोगशालाको उपलब्धता र प्रयोग, खेल मैदान, खेल सामग्री, चमेना गृह र सेवाको लागि केन्द्रीय, प्रादेशिक र स्थानीय सरकारले दिने सहयोगका सम्बन्धमा स्पष्ट नीति निर्धारण गर्ने ।
- विद्यालयमा कम्प्युटरलाई विषय र माध्यमको रूपमा शिक्षण गर्ने सम्बन्धमा स्पष्ट नीतिको निर्माण गर्ने ।
- शिक्षकको पेसागत विकासमा राज्यले दिने अवसर र सुविधामा स्पष्ट नीति निर्माण गर्ने ।

### २.३.२ कार्यक्रमगत सुझाव

- कमजोर कार्यक्षमता भएका जिल्लालाई आवश्यक क्षेत्रमा थप जनशक्ति र सहयोगका कार्यक्रम ल्याउने ।
- पेसागत विकासका अवसर वृद्धि गर्ने कार्यक्रम ल्याई त्यसमा सबै शिक्षकको पहुँच सुनिश्चित गर्ने ।
- विद्यालयहरूलाई कार्यसम्पादनका कमजोर पक्षहरूलाई केलाई योजना तथा कार्यक्रम निर्माण गराई लागू गराउन सहयोग पुऱ्याउने ।
- शैक्षिक सामग्रीको प्रयोग, छलफल र अन्तरक्रियात्मक शिक्षण, शिक्षणमा प्रविधिको प्रयोग, कार्यमूलक अनुसन्धान र शिक्षण सुधार योजनाको प्र.अ., स्रोतव्यक्ति र स्थानीय निकायबाट प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने ।
- राम्रो कार्यसम्पादन गर्ने विद्यालय (जस्तैः भक्तपुर) बाट अन्य कमजोर क्षेत्रबाट सिकाइ प्राप्त गर्न अवलोकन भ्रमणको अवसर र कार्यक्रम निर्माण गर्ने ।
- शैक्षिक उपलब्धि वृद्धि गर्न हरेक विद्यालयले सिकाइ उपलब्धि सुधार योजना बनाई कार्यान्वयन गर्ने ।
- अधिकांश विद्यालयका कक्षाहरूमा शैक्षिक सामग्रीहरूको प्रयोग न्यून हुने गरेको पाइएको तथा नविनतम प्रविधिहरू पनि प्रयोग गरेको नपाइएको हुनाले समयसापेक्ष नवीन प्रविधि, सृजनात्मक विधि र शैक्षिक सामग्रीहरू प्रयोगमा प्राथमिकता दिने ।
- विद्यालयहरूमा निरन्तर मूल्याङ्कन प्रभावकारी रूपमा सञ्चालन भएको नपाइएकोले निरन्तर मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।
- विद्यालयमा गुणात्मक सुधार ल्याउनका लागि निरन्तर सुपरिवेक्षण तथा अनुगमन गर्ने व्यवस्था गर्नुपर्ने । त्यसका लागि स्रोत व्यक्ति, विद्यालय निरीक्षक तथा जिल्ला शिक्षा कार्यालयका पदाधिकारीहरूको संयन्त्र बनाई निरन्तर अनुगमनलाई प्रभावकारी बनाउने ।

- विद्यालय तथा समुदायको सम्बन्ध अधिकांश ठाउँमा कमजोर पाइएको कारणबाट विद्यालय तथा समुदायबीचको सम्बन्ध सुधार हुने कार्यक्रम ल्याइनु पर्ने ।
- विद्यालय कार्यसम्पादन परीक्षणको सूचकहरू विश्लेषणगरी विद्यालयमा सुधार ल्याउने योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- विभिन्न संघ संगठनबाट प्रश्नपत्र बनाई परीक्षा सञ्चालन गर्ने प्रथालाई दुरुत्साहित गरी विद्यालय आफैले प्रश्नपत्र बनाई परीक्षा सञ्चालन गर्ने ।
- विद्यालयको गुणात्मक पक्षमा सुधार ल्याउनका लागि समुदायको सहभागिता बढाउन समुदायका प्रबुद्ध वर्ग तथा विद्यालयका शिक्षकहरूबीच हातेमालो कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षकको पेसागत विकासका लागि विभिन्न कार्यक्रमहरू (जस्तैः कार्यमूलक अनुसन्धान, तालिम सञ्चालन, पत्रिका प्रकाशन तथा शैक्षिक भ्रमणका कार्यक्रम) सञ्चालन गर्नुपर्ने ।
- शिक्षकहरूको तालिममा शैक्षिक योजना निर्माण, प्रश्नपत्र निर्माण, उत्तर कुन्जिका निर्माण तथा नतिजा तयारी र विश्लेषण जस्ता विषयमा जोड दिनुपर्ने ।
- अधिकांश जिल्लामा विज्ञान प्रयोगशाला र पुस्तकालय बुक कर्नरको व्यवस्थापन कमजोर पाइएकोले सो को प्रभावकारी व्यवस्थापन गर्नुपर्ने ।
- विद्यार्थीको औसत उपलब्धि न्यून देखिएको अवस्थामा कक्षा शिक्षणमा सुधार ल्याउनुपर्ने ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन समयमा गर्नुपर्ने र तिनीहरूलाई क्रियाशील बनाउने प्रयास गर्नुपर्ने ।
- शिक्षण सिकाइमा कम्प्युटरको प्रयोगलाई प्राथमिकता दिई तदनुरूप विद्यालयलाई स्थानीय निकाय समेतको लगानीमा कम्प्युटर उपलब्ध गराउनु पर्ने र शिक्षकलाई आवश्यक तालिम उपलब्ध गराउनुपर्ने ।

## २.४ निष्कर्ष

विद्यालयको कार्यसम्पादनमा जिल्लागतरूपमा उल्लेख्य अन्तर देखिएको छ । यस अन्तरमा लगानी, प्रकिया र उपलब्धिका सूचकहरूअनुसार कुनै जिल्लामा कुनै निश्चित पक्ष राम्रो भएको र अन्य पक्ष कमजोर रहेको पनि देखिन्छ । तर कार्यसम्पादनका समग्र पक्षमा उपल्लो नतिजा प्राप्त गर्न लगानी, प्रकिया र उपलब्धिका प्राय सबै सूचकहरू राम्रो हुन जरुरी छ । जस्तैः लगानीका कतिपय पक्षमा (विद्यालयको हाता, भवन, फर्निचर, योग्य शिक्षक, समुदायको लगानी इत्यादि) राम्रो हुँदाहुँदै पनि सिरहा जिल्लाका विद्यालयको कार्यसम्पादनको स्तर कमजोर रहेको देखिन्छ । तसर्थ, कार्यसम्पादनका कुन कुन क्षेत्रमा के कस्तो कमीकमजोरी रहेको छ पहिचान गरी विद्यालयले सुधारको योजना निर्माण गर्न सके कार्यसम्पादनमा देखिएको विद्यालयगत र जिल्लागत अन्तर कम हुन सक्दछ ।

# खण्ड ३ः स्रोतकेन्द्र स्तरीय कार्यसम्पादन परीक्षणको नतिजा

यस खण्डमा आठै ओटा जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादनको नतिजालाई जिल्लागत रूपमा एकीकृत गरी तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । यसमा कार्यसम्पादनको समष्टिगत र प्रत्येक सूचकमा आधारित अलग अलग विश्लेषण समावेश गरिएको छ भने सोको आधारमा कार्यसम्पादनका सामान्य प्रवृत्ति र आवश्यक सिफारिस र सुझाव प्रस्तुत गरिएको छ ।


## ३.१ स्रोतकेन्द्रको कार्यसम्पादनको तुलनात्मक अवस्था

स्रोतकेन्द्रहरूको कार्यसम्पादनको समष्टिगत नतिजा सामान्य (५६.३%) देखिन्छ । तुलनात्मक रूपले हेर्दा म्याग्दी, डडेल्धुरा र रसुवा जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादन अरु जिल्ला स्रोतकेन्द्रहरूको भन्दा केही राम्रो देखिन्छ। तलको तालिकामा देखाइएअनुसार समष्टिगत कार्यसम्पादनमा सिरहा जिल्लाका स्रोतकेन्द्रहरूको स्थिति (५१.५%) सबैभन्दा कम देखिन्छ । अन्य जिल्लाहरूका स्रोतकेन्द्रहरूको कार्यसम्पादन पनि औसतभन्दा कमजोर देखिएको छ । तुलनात्मकरूपमा हेर्दा नतिजाको सूचकमा स्रोतकेन्द्रहरूको कार्यसम्पादन सबैभन्दा कमजोर देखिएको छ। यो सूचकको जम्मा भार २० रहेकोमा औसत प्राप्ताङ्क ६.२ (३१%) मात्र छ। नतिजामा ताप्लेजुङ (४.८) र भक्तपुर (५.०) का स्रोतकेन्द्रहरूको कार्यसम्पादन सबैभन्दा कमजोर देखिएको छ। त्यसैगरी सिरहा र डडेल्धुराका स्रोतकेन्द्रहरूको नतिजामा कार्यसम्पादनको प्राप्ताङ्क ५.५ मात्र रहेको छ ।

**तालिका २४. स्रोतकेन्द्र कार्यसम्पादनको तुलनात्मक अवस्था**

| क्र.सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्रोतकेन्द्रको योजना निर्माण, कार्यान्वयन र केन्द्र व्यवस्थापन (भार १५ ) | ७.६ | ७.३ | ८.४ | ७.५ | ८.९ | १०.० | ७.० | ९.५ | ८.३ (५५.३३%) |
| २ | स्रोतकेन्द्र स्तरीय कार्यक्रम सञ्चालन (भार १०) | ६.४ | ६.७ | ५.६ | ६.८ | ६.८ | ६.६ | ५.२ | ६.५ | ६.३ (६३.०%) |
| ३ | स्रोतकेन्द्रमा तथ्याङ्क तथा अभिलेख व्यवस्थापन (भार १५) | १०.१ | ९.५ | ९.२ | १२.० | ९.१ | ११.१ | १०.६ | १०.० | १०.२ (६६.६६%) |
| ४ | विद्यालयका कार्यक्रममा सहजीकरण/अनुगमन (भार १०) | ७.४ | ७.४ | ६.४ | ७.० | ६.३ | ७.८ | ७.८ | ९.० | ७.३ (७३.०%) |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयमा स्रोतकेन्द्रको सहयोग (भार २०) | १२.४ | १३.७ | ११.३ | १२.६ | १०.४ | १३.३ | १२.४ | १४.४ | १२.५ (६२.५%) |
| ६ | नतिजा (भार २०) | ४.८ | ५.० | ५.५ | ७.७ | ७.९ | ६.७ | ७.४ | ५.५ | ६.२ (३१.०%) |
| ७ | प्रवर्तनात्मक कार्य (भार ५) | २.४ | २.६ | २.३ | २.३ | २.७ | २.६ | २.० | २.५ | २.४ (४८.०%) |
| ८ | सेवाग्राही सन्तुष्टि ( भार ५) | २.७ | २.९ | २.९ | ३.३ | २.९ | ३.५ | ३.० | २.८ | ३.० (६०.०%) |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| प्राप्ताङ्क/प्रतिशत | | ५३.८ | ५५.० | ५१.५ | ५९.२ | ५४.९ | ६१.५ | ५५.३ | ६०.१ | ५६.३ |



चित्र २० – स्रोतकेन्द्रको कार्यसम्पादनको समष्टिगत नतिजा

### ३.१.१ स्रोतकेन्द्रको योजना निर्माण, कार्यान्वयन र केन्द्र व्यवस्थापन

स्रोतकेन्द्रको योजना निर्माण, कार्यान्वयन र केन्द्र व्यवस्थापनको आधारमा जिल्लाहरूको कार्यसम्पादन मूल्याङ्कन गर्दा म्याग्दी जिल्लाको स्थिति सबैभन्दा राम्रो (६६.७%) देखिएको छ भने मुगु जिल्लाको कार्यसम्पादन सबैभन्दा कमजोर (४६.८%) देखिएको छ । डडेल्धुरा (६३.४%) र कपिलवस्तु (५९.६%) जिल्लाको समग्र स्थिति औसतभन्दा राम्रो देखिन्छ । त्यस्तै सिरहा जिल्लाको कार्यसम्पादन औसतभन्दा केही बढी देखिएको छ भने ताप्लेजुङ र रसुवा जिल्लाको कार्यसम्पादन औसतको हाराहारी मात्र छ । तलको तालिकाले देखाएअनुसार


स्रोतकेन्द्र सुधार योजना (RCIP) निर्माण र कार्यान्वयनमा सबै जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादन कमजोर देखिन्छ। ० देखि ३ को स्केलमा मापन गर्दा स्रोतकेन्द्र सुधार योजना (RCIP) निर्माण र कार्यान्वयनमा स्रोतकेन्द्रहरूको कार्यसम्पादनको औसत अङ्क सबैभन्दा अर्थात् क्रमश: १.१ र ०.९ छ।

**तालिका २५. स्रोतकेन्द्रको योजना निर्माण, कार्यान्वयन र केन्द्र व्यवस्थापन अवस्थाको जिल्लागत स्थिति**

| क्र. सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक कार्ययोजना निर्माण | १.९ | १.८ | २.३ | २.६ | २.५ | २.६ | १.४ | २.३ | २.२ |
| २ | वार्षिक कार्ययोजना कार्यान्वयन | २.० | १.१ | २.० | २.० | १.८ | २.२ | २.१ | २.४ | २.० |
| ३ | मासिक कार्ययोजना निर्माण | २.० | १.९ | २.४ | २.० | २.४ | २.६ | २.६ | २.५ | २.३ |
| ४ | मासिक कार्ययोजना कार्यान्वयन | १.६ | १.५ | २.१ | १.५ | १.७ | २.६ | २.५ | २.५ | २.० |
| ५ | स्रोतकेन्द्र सुधार योजना (RCIP) निर्माण | १.१ | १.० | १.० | १.३ | १.२ | १.२ | ०.८ | ०.९ | १.१ |
| ६ | स्रोतकेन्द्र सुधार योजना (RCIP) कार्यान्वयन | १.३ | ०.९ | ०.९ | १.१ | ०.७ | ०.९ | ०.४ | ०.५ | ०.९ |
| ७ | स्रोतकेन्द्र कार्यालय व्यवस्थापन | १.१ | १.९ | २.० | १.० | २.५ | १.८ | १.० | २.८ | १.७ |
| ८ | सूचना तथा सञ्चार व्यवस्थापन | १.० | २.४ | १.५ | १.९ | १.५ | २.० | ०.४ | १.५ | १.५ |
| ९ | स्रोतकेन्द्र व्यवस्थापन समितिको गठन र क्रियाशीलता | १.६ | ०.८ | ०.९ | ०.१ | १.८ | २.२ | १.५ | १.९ | १.४ |
| जम्मा प्राप्ताङ्क | | १३.६ | १३.१ | १५.१ | १३.५ | १६.१ | १८.० | १२.६ | १७.१ | १५.० |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | २७ | २७ | २७ | २७ | २७ | २७ | २७ | २७ | २७ |
| प्राप्ताङ्क प्रतिशत | | ५०.५ | ४८.६ | ५५.९ | ५०.० | ५९.६ | ६६.७ | ४६.८ | ६३.४ | ५५.६ |

त्यसैगरी स्रोतकेन्द्र व्यवस्थापन समितिको गठन र क्रियाशीलता, सूचना तथा सञ्चार व्यवस्थापन र स्रोतकेन्द्र कार्यालय व्यवस्थापनको सूचकमा स्रोतकेन्द्रहरूको कार्यसम्पादनको स्तर क्रमश: १.४, १.५, र १.७ रहेको छ।

चित्र २१ - स्रोतकेन्द्रको योजना निर्माण, कार्यान्वयन र केन्द्र व्यवस्थापनको जिल्लागत स्थिति




## ३.१.२ स्रोतकेन्द्र स्तरीय कार्यक्रम सञ्चालन

कार्यक्रम सञ्चालनका आधारमा स्रोतकेन्द्रहरूको कार्यसम्पादनमा औसत प्राप्ताङ्क समग्र रूपमा हेर्दा सामान्य (६३.१%) देखिएको छ । तलको तालिकामा देखाइए अनुसार यो आधारमा कपिलवस्तु (६७.९%), रसुवा (६७.७%) र भक्तपुर (६६.७%) जिल्लाको कार्यसम्पादन औसतभन्दा राम्रो देखिएको छ भने ताप्लेजुङ, म्याग्दी र डडेल्धुरा जिल्लाको कार्यसम्पादन औसतको हाराहारी मात्र छ। कार्यक्रम सञ्चालनको आधारमा मुगु र सिरहा जिल्लाको समग्र कार्यसम्पादन सबैभन्दा कमजोर देखिएको छ ।


न्यूनतम ० देखि अधिकतम ३ को स्केलमा मापन गरी कार्यक्रम सञ्चालनका विभिन्न सूचकहरूमा स्रोतकेन्द्रहरूले प्राप्त गरेको औसत प्राप्ताङ्क विश्लेषण गर्दा विषय शिक्षक बैठक (१.०), कार्यमूलक अनुसन्धान (१.५) र सरोकारवालाको क्षमता अभिवृद्धि (१.६) मा स्रोतकेन्द्रहरूको कार्यसम्पादनको स्तर कमजोर देखिन्छ । यी सबै सूचकहरूमा मुगु जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादन कमजोर छ ।

**तालिका २६. स्रोतकेन्द्र स्तरीय कार्यक्रम सञ्चालनको जिल्लागत अवस्था**

| क्र. सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.अ. बैठक | २.७ | २.८ | २.९ | २.१ | २.७ | २.९ | २.६ | २.९ | २.७ |
| २ | विषय शिक्षक बैठक | १.३ | १.० | १.८ | ०.९ | ०.८ | ०.८ | ०.६ | ०.६ | १.० |
| ३ | कार्यमूलक अनुसन्धान र अन्य अनुसन्धान | १.८ | १.९ | १.३ | १.६ | १.५ | १.३ | १.३ | १.५ | १.५ |

| क्र. सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | परीक्षा व्यवस्थापन | २.३ | २.१ | ०.९ | २.८ | २.६ | २.६ | २.१ | ३.० | २.३ |
| ५ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | २.१ | १.९ | ०.९ | २.५ | २.० | २.२ | २.३ | २.१ | २.० |
| ६ | शिक्षकको पेसागत विकास र तालिम | १.६ | २.४ | १.९ | २.३ | २.२ | २.३ | ०.८ | १.९ | १.९ |
| ७ | सह तथा अतिरिक्त क्रियाकलाप | २.० | २.३ | १.९ | २.४ | २.५ | २.४ | २.० | २.० | २.२ |
| ८ | सरोकारवालाको क्षमता अभिवृद्धि (प्र.अ., वि.व्य.स., शि.अ.सं., गा.शि.स./न.शि.स.) | १.६ | २.० | १.८ | १.८ | २.० | १.४ | ०.८ | १.५ | १.६ |
| जम्मा प्राप्ताङ्क | | १५.४ | १६.० | १३.५ | १६.३ | १६.३ | १५.८ | १२.४ | १५.५ | १५.१ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ |
| प्राप्ताङ्क प्रतिशत | | ६४.० | ६६.७ | ५६.१ | ६७.७ | ६७.९ | ६५.६ | ५१.६ | ६४.६ | ६३.१ |

चित्र २२ - स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालनको जिल्लागत स्थिति



### ३.१.३ स्रोतकेन्द्रमा तथ्याङ्क तथा अभिलेख व्यवस्थापन


तालिकामा देखाइएअनुसार तथ्याङ्क तथा अभिलेख व्यवस्थापनमा स्रोतकेन्द्रहरूको औसत प्राप्ताङ्क सामान्य (६७.८%) देखिन्छ । तथ्याङ्कले देखाए अनुसार रसुवा, म्याग्दी र मुगु जिल्लाका स्रोतकेन्द्रहरू अरु जिल्लाका स्रोतकेन्द्रहरू भन्दा तथ्याङ्क तथा अभिलेख व्यवस्थापनमा सबल देखिएका छन् ।

**तालिका २७. स्रोतकेन्द्रमा तथ्याक्त तथा अभिलेख व्यवस्थापनको जिल्लागत स्थिति**

| क्र.सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय तथ्याङ्क सङ्कलन र सत्यापन | २.१ | २.३ | २.५ | ३.० | २.१ | २.५ | २.६ | २.४ | २.४ |
| २ | साक्षरता तथा विद्यालय बाहिरका बालबालिकाको तथ्याङ्क | १.४ | १.४ | १.३ | १.९ | १.१ | १.७ | १.८ | २.३ | १.५ |
| ३ | तथ्याङ्क विश्लेषण र प्रकाशन | २.१ | १.५ | १.४ | २.० | १.३ | २.० | २.० | १.८ | १.८ |
| ४ | प्रवोधिकरण र सम्प्रेषण | १.६ | १.८ | १.५ | २.० | १.७ | २.३ | १.९ | १.६ | १.८ |
| ५ | शैक्षिक उपलब्धि अभिलेख व्यवस्थापन र विश्लेषण | २.१ | १.८ | १.५ | २.६ | १.९ | २.३ | २.० | १.४ | १.९ |
| ६ | शिक्षक का.स.मू. व्यवस्थापन | २.९ | २.८ | २.८ | २.९ | २.८ | २.७ | २.५ | २.६ | २.८ |
| जम्मा प्राप्ताङ्क | | १२.१ | ११.४ | ११.० | १४.४ | १०.९ | १३.३ | १२.८ | १२.० | १२.२ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ |
| प्राप्ताङ्क प्रतिशत | | ६७.५ | ६३.२ | ६१.१ | ७९.९ | ६०.६ | ७४.१ | ७०.८ | ६६.७ | ६७.८ |

यो सूचकमा कपिलवस्तुका स्रोतकेन्द्रहरू सबैभन्दा कमजोर देखिएका छन् । ती स्रोतकेन्द्रहरूको कार्यसम्पादनको औसत प्राप्ताङ्क प्रतिशत ६०.६ मात्र छ । त्यस्तै सिरहा (६१.१%), भक्तपुर (६३.२%), डडेल्धुरा (६६.७%) र ताप्लेजुङ (६७.५%) जिल्लाका स्रोतकेन्द्रहरूको तथ्याङ्क तथा अभिलेख व्यवस्थापनका कार्यसम्पादनको स्तर सामान्य नै देखिन्छ ।

चित्र २३ - स्रोतकेन्द्रमा तथ्याङ्क तथा अभिलेख व्यवस्थापनको जिल्लागत स्थिति




## ३.१.४ विद्यालयका कार्यक्रममा सहजीकरण र अनुगमन


स्रोतकेन्द्रहरूको एउटा महत्त्वपूर्ण कार्य भनेको विद्यालयहरूको अनुगमन र ती विद्यालयहरूका क्रियाकलापमा सहजीकरण गर्नु हो । यो सूचकको समष्टिगत प्राप्ताङ्क (औसत ७३.४%) हेर्दा स्रोतकेन्द्रहरूको समग्र कार्यसम्पादन मध्यम देखिन्छ । कपिलवस्तु (६२.९%), सिरहा (६४.१%) र रसुवा (७०.२%) बाहेक अरु जिल्लाका स्रोतकेन्द्रहरूको विद्यालयका कार्यक्रममा सहजीकरण र अनुगमनमा कार्यसम्पादन औसतभन्दा राम्रो देखिएको छ ।

**तालिका २८. स्रोतकेन्द्रद्वारा विद्यालयका कार्यक्रममा सहजीकरण र अनुगमनको जिल्लागत स्थिति**

| क्र. सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | प्यूठान | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम र पाठ्यपुस्तकको उपलब्धता, कार्यान्वयन र अनुगमन | १.९ | २.१ | २.० | २.१ | १.८ | २.१ | २.३ | २.४ | २.१ |
| २ | छात्रवृत्ति वितरण र अनुगमन | १.७ | २.५ | २.७ | २.३ | २.४ | २.४ | २.० | ३.० | २.३ |
| ३ | भौतिक सुविधा विस्तार | १.९ | १.८ | १.७ | १.९ | १.७ | २.३ | २.४ | २.४ | २.० |
| ४ | लेखापरीक्षण र बेरुजु फर्छौट | २.२ | १.९ | २.० | २.४ | २.१ | १.९ | २.० | २.६ | २.१ |
| ५ | वि.व्य.स. गठन | २.८ | २.८ | २.० | १.९ | १.८ | ३.० | २.९ | ३.० | २.५ |

| क्र. सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | शि. अ. सं. गठन | २.६ | २.५ | १.४ | २.० | १.४ | २.८ | २.९ | २.८ | २.३ |
| ७ | सामाजिक लेखापरीक्षण | २.३ | २.० | १.६ | २.३ | २.० | १.९ | २.३ | २.८ | २.१ |
| जम्मा प्राप्ताङ्क | | १५.५ | १५.५ | १३.५ | १४.८ | १३.२ | १६.३ | १६.४ | १८.९ | १५.४ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ |
| प्राप्ताङ्क प्रतिशत | | ७३.८ | ७३.८ | ६४.१ | ७०.२ | ६२.९ | ७७.८ | ७८.० | ८९.९ | ७३.४ |

चित्र २४ - स्रोतकेन्द्रद्वारा विद्यालय कार्यक्रमको सहजीकरण/अनुगमनको जिल्लागत स्थिति





## ३.१.५ विद्यालयमा स्रोतकेन्द्रको सहयोग

स्रोतकेन्द्रहरूले विद्यालयको शैक्षिक क्रियाकलापमा प्रत्यक्षरूपमा सहयोग गर्दछन् । तल दिइएको तालिकामा देखाइए अनुसार विद्यालयहरूलाई गर्ने सहयोगको सूचकमा स्रोतकेन्द्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको औसत प्रतिशत ६२.४ रहेको छ । यो प्राप्ताङ्क सामान्य स्तरको रहे तापनि ४ जिल्ला - कपिलवस्तु, सिरहा, मुगु, र ताप्लेजुङमा स्रोतकेन्द्रहरूको कार्यसम्पादन औसत भन्दा कमजोर रहेको छ । यीमध्ये कपिलवस्तुका स्रोतकेन्द्रहरूको प्राप्ताङ्क सबैभन्दा कमजोर रहेको छ । विद्यालयहरूलाई पुऱ्याउने सहयोगको आधारमा डडेल्धुरा जिल्लाका स्रोतकेन्द्रहरू सबैभन्दा अगाडि देखिन्छन् । यो सूचक भित्रका उपसूचकहरूको औसत प्राप्ताङ्क हेर्दा नमुना कक्षा प्रदर्शन र सिकाइ उपलब्धि सुधार योजनामा स्रोतकेन्द्रहरूको कार्यसम्पादन सबैभन्दा कमजोर देखिन्छ ।

**तालिका २९. विद्यालयमा स्रोतकेन्द्रको सहयोगको जिल्लागत स्थिति**

| क्र. सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय सुपरिवेक्षणको योजना | २.१ | २.४ | २.३ | २.५ | २.६ | २.४ | ३.० | ३.० | २.५ |
| २ | विद्यालय सुपरिवेक्षणको नियमितता | २.४ | २.४ | २.५ | २.५ | २.४ | २.४ | २.८ | २.८ | २.५ |
| ३ | सुपरिवेक्षणका क्रममा कक्षा अवलोकन | १.९ | २.० | १.८ | २.३ | १.८ | १.८ | १.१ | २.१ | १.८ |
| ४ | प्रअ/शिक्षकसँग बैठक | १.९ | २.१ | १.७ | १.१ | १.१ | १.९ | १.५ | २.० | १.७ |
| ५ | नमुना कक्षा प्रदर्शन | ०.९ | १.९ | १.३ | १.५ | १.२ | १.८ | १.१ | १.६ | १.४ |
| ६ | सिकाइ उपलब्धि सुधार योजना | १.७ | २.१ | १.० | १.८ | ०.९ | १.६ | १.३ | १.८ | १.५ |
| ७ | निरन्तर विद्यार्थी मूल्याङ्कन, कार्यान्वयन र अनुगमन | २.२ | १.८ | १.४ | १.६ | ०.९ | २.१ | २.३ | १.९ | १.८ |
| जम्मा प्राप्ताङ्क | | १३.० | १४.४ | ११.९ | १३.३ | १०.९ | १३.९ | १३.० | १५.१ | १३.१ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ |
| प्राप्ताङ्क प्रतिशत | | ६१.९ | ६८.५ | ५६.७ | ६३.१ | ५१.९ | ६६.३ | ६१.९ | ७२.० | ६२.४ |

चित्र २५ - विद्यालयमा स्रोतकेन्द्रको सहयोगको जिल्लागत स्थिति




### ३.१.६ नतिजा

नतिजाको सूचकमा स्रोतकेन्द्रहरूको समग्र कार्यसम्पादन कमजोर (३१.६%) देखिन्छ । तालिकामा देखाइए अनुसार जम्मा २१ पूर्णाङ्क रहेको यो सूचकमा समग्र स्रोतकेन्द्रहरूको औसत प्राप्ताङ्क ६.६ (३१.६%) मात्र रहेको छ । यो सूचकमा ताप्लेजुङ जिल्लाका स्रोतकेन्द्रहरूको स्थिति (२४.१%) सबैभन्दा कमजोर देखिन्छ भने कपिलवस्तुका स्रोतकेन्द्रहरूको कार्यसम्पादन ३९.५% सबैभन्दा राम्रो रहेको देखिन्छ । नतिजाको सूचकमा भक्तपुर, ताप्लेजुङ, सिरहा र डडेल्धुरा जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादन औसतभन्दा कमजोर देखिन्छ । नतिजाअन्तर्गत कक्षा १० पूरा गर्ने दर, कक्षा १–५ को खुद भर्ना दर र कक्षा १–८ को खुद भर्ना दरमा स्रोतकेन्द्रहरूले पाउने औसत प्राप्ताङ्क सबैभन्दा कमजोर देखिन्छ ।

**तालिका ३०. स्रोतकेन्द्रस्तरीय विद्यार्थी नतिजाको जिल्लागत अवस्था**

| क्र. सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा ५ का विद्यार्थीको सिकाइ उपलब्धि स्तर | १.६ | १.६ | १.६ | १.६ | १.५ | १.१ | २.१ | २.३ | १.६ |
| २ | कक्षा ८ का विद्यार्थीको सिकाइ उपलब्धि स्तर | १.४ | १.१ | १.९ | १.६ | १.८ | १.९ | १.९ | २.१ | १.७ |
| ३ | कक्षा १० का विद्यार्थीको सिकाइ उपलब्धि स्तर | ०.५ | ०.५ | १.१ | १.० | ०.९ | १.४ | १.० | ०.३ | ०.९ |
| ४ | आधारभूत तहमा विद्यार्थी टिकाउदर | ०.६ | १.० | १.१ | १.१ | १.४ | १.१ | १.० | १.० | १.० |
| ५ | कक्षा १० पूरा गर्ने दर | ०.३ | ०.६ | ०.८ | ०.६ | ०.८ | १.२ | १.० | ०.२ | ०.७ |
| ६ | कक्षा १-५ को खुद भर्ना दर | ०.४ | ०.३ | ०.९ | १.१ | १.२ | ०.५ | १.० | ०.५ | ०.७ |
| ७ | कक्षा १-८ को खुद भर्ना दर | ०.४ | ०.१ | ०.७ | १.० | ०.७ | ०.५ | १.१ | ०.५ | ०.६ |
| जम्मा प्राप्ताङ्क | | ५.१ | ५.३ | ५.७ | ८.१ | ८.३ | ७.१ | ७.८ | ६.६ | ६.६ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ |
| प्राप्ताङ्क प्रतिशत | | २४.१ | २५.० | २७.३ | ३८.७ | ३९.५ | ३३.७ | ३६.९ | ३१.३ | ३१.६ |

चित्र २६ - स्रोतकेन्द्रमा उपलब्ध तथ्याङ्कको आधारमा विद्यालयको नतिजाको जिल्लागत स्थिति





### ३.१.७ प्रवर्तनात्मक कार्य

प्रवर्तनात्मक कार्यको आधारमा हेर्दा समग्र जिल्लाका स्रोतकेन्द्रहरूको स्थिति कमजोर (औसत ४८.३१%) देखिन्छ । यो सूचकको आधारमा मुगु जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादन ३९.५८% (सबैभन्दा कमजोर) देखिएको छ भने कपिलवस्तुका स्रोतकेन्द्रहरूले ५३.३३% (सामान्य) अङ्क प्राप्त गरेका छन् । त्यसैगरी सिरहा, रसुवा र ताप्लेजुङ जिल्लाका स्रोतकेन्द्रहरूको प्रवर्तनात्मक कार्यमा प्राप्त गरेको अङ्क आठओटै जिल्लाको औसत प्राप्ताङ्कभन्दा कम देखिन्छ ।

**तालिका ३१. प्रवर्तनात्मक कार्यमा स्रोतकेन्द्रको कार्यसम्पादनको जिल्लागत स्थिति**

| क्र. सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रवर्तनात्मक कार्य | २.१ | २.० | १.९ | २.० | १.८ | २.१ | २.३ | २.४ | २.१ |
| २ | स्थानीय स्रोत परिचालन गरी थप कार्यक्रम सञ्चालन | ०.७ | १.१ | १.१ | ०.८ | १.४ | १.० | ०.१ | ०.६ | ०.९ |
| जम्मा प्राप्ताङ्क | | २.९ | ३.१ | २.७ | २.८ | ३.२ | ३.१ | २.४ | ३.० | २.९ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| प्राप्ताङ्क प्रतिशत | | ४७.६२ | ५२.०८ | ४५.४५ | ४५.८३ | ५३.३३ | ५१.३९ | ३९.५८ | ५०.०० | ४८.३१ |

चित्र २७- स्रोतकेन्द्रमा हुने प्रवर्तनात्मक कार्यको जिल्लागत स्थिति





## ३.१.८ सेवाग्राही सन्तुष्टि

सेवाग्राही सन्तुष्टिको आधारमा समग्र स्रोतकेन्द्रहरूको कार्यसम्पादनको स्थिति सामान्य (औसत ५९.८%) मात्र देखिन्छ । यो सूचकमा २ जिल्ला - रसुवा र म्यागदीका स्रोतकेन्द्रहरूको प्राप्ताङ्क मात्र औसतभन्दा बढी छ । बाँकी ६ जिल्लाका स्रोतकेन्द्रहरूको प्राप्ताङ्क प्रतिशत औसत प्राप्ताङ्क भन्दा कम देखिन्छ । ती मध्ये ताप्लेजुङ (५४.०%) र डडेल्धुरा (५५.६%) का स्रोतकेन्द्रहरूको कार्यसम्पादन सबैभन्दा कमजोर देखिन्छ ।

**तालिका ३२. सेवाग्राही सन्तुष्टि स्रोतकेन्द्रको कार्यसम्पादनको जिल्लागत स्थिति**

| क्र. सं. | जिल्ला / सूचक/क्षेत्र | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक | १.७ | २.४ | २.० | २.३ | २.१ | २.३ | २.० | १.९ | २.१ |
| २ | अभिभावक | १.७ | १.३ | १.५ | १.९ | १.६ | २.० | १.५ | १.९ | १.७ |
| ३ | अन्य (नागरिक समाज, NGOs, CBOs) | १.४ | १.९ | १.६ | २.० | १.५ | २.० | १.९ | १.३ | १.७ |
| जम्मा प्राप्ताङ्क | | ४.९ | ५.३ | ५.२ | ५.९ | ५.२ | ६.३ | ५.४ | ५.० | ५.४ |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ |
| प्राप्ताङ्क प्रतिशत | | ५४.० | ५८.३ | ५७.६ | ६५.३ | ५७.८ | ७०.४ | ५९.७ | ५५.६ | ५९.८ |

**चित्र २८ - स्रोतकेन्द्रको कार्यसम्पादनमा सेवाग्राही सन्तुष्टिको जिल्लागत स्थिति**




## ३.२ कार्यसम्पादनको सामान्य प्रवृत्ति

- तुलनात्मक रूपमा हेर्दा नतिजाको सूचकमा समग्र स्रोतकेन्द्रहरूको स्थिति सबैभन्दा कमजोर देखिन्छ । यो सूचकमा औसत प्राप्ताङ्क ३१.६% मात्र छ ।
- प्रवर्तनात्मक कार्यमा पनि स्रोतकेन्द्रहरूको समग्र कार्यसम्पादन कमजोर (४८.३१%) देखिएको छ । यो सूचकमा मुगु जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादन सबैभन्दा कमजोर देखिएको छ ।
- स्रोतकेन्द्र सुधार योजना (RCIP) कार्यान्वयनका सूचकमा मुगु (०.४) र डडेल्धुरा (०.५) का स्रोतकेन्द्रहरूको स्थिति सबैभन्दा कमजोर देखिन्छ ।
- मुगु जिल्लाका स्रोतकेन्द्रहरूको समग्र कार्यसम्पादन कमजोर देखिन्छ। विभिन्न सूचकहरूको कार्यसम्पादन मूल्याङ्कन गर्दा स्रोतकेन्द्र सुधार योजना (RCIP) निर्माण (०.८), स्रोतकेन्द्र कार्यालय व्यवस्थापन (१.०), वार्षिक कार्ययोजना निर्माण (१.४) र सूचना तथा सञ्चार व्यवस्थापनमा (०.४) मुगु जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादन कमजोर देखिन्छन् ।
- स्रोतकेन्द्र व्यवस्थापन समितिको गठन र क्रियाशीलतामा म्याग्दी जिल्लाका स्रोतकेन्द्रहरूबाहेक अरु जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादन सन्तोषजनक छैन । यो सूचकमा रसुवा जिल्ला स्रोतकेन्द्रहरूको कार्यसम्पादन एकदम कमजोर (०.१) रहेको छ । त्यस्तै यो सूचकमा भक्तपुर र सिरहा जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादनको स्तर क्रमश: ०.८ र ०.९ मात्र देखिन्छ ।
- विषय शिक्षक बैठक, कार्यमूलक अनुसन्धान र सरोकारवालाको क्षमता अभिवृद्धिमा स्रोतकेन्द्रहरूको कार्यसम्पादन कमजोर देखिएको छ ।
- शिक्षकको पेसागत विकास र तालिममा पनि स्रोतकेन्द्रहरूको कार्यसम्पादन कमजोर देखिन्छ । मुगु र ताप्लेजुङ जिल्लाका स्रोतकेन्द्रहरू शिक्षकको पेसागत विकास र तालिममा कमजोर देखिएका छन् ।

- स्रोतकेन्द्रद्वारा विद्यालयका कार्यक्रममा सहजीकरण र अनुगमनमा औसत अङ्क ७३.४% रहेको छ भने यसमा सिरहा सबैभन्दा कमजोर (६४.१%) र डडेल्धुराको सबैभन्दा राम्रो (८९.९%) रहेको छ ।
- भौतिक सुविधा विस्तारमा स्रोतकेन्द्रहरूको कार्यसम्पादन अरु सूचकहरूमा भन्दा कमजोर देखिन्छ । यीमध्ये कपिलवस्तु र सिरहाका स्रोतकेन्द्रहरूको कर्यसम्पादनको स्तर सबैभन्दा कमजोर देखिन्छ ।
- विद्यालयहरूमा स्रोतकेन्द्रको सहयोगको आधारमा कपिलवस्तु जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादनको स्तर सबैभन्दा न्यून (५१.९%) देखिन्छ । बिशेषगरी सिकाइ उपलब्धि सुधार योजना र निरन्तर विद्यार्थी मूल्याङ्कन, कार्यान्वयन र अनुगमनमा कपिलवस्तु जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादन कमजोर देखिन्छ ।
- विद्यार्थी नतिजाको सूचकमा सबै जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादनको स्तर कमजोर देखिन्छ । यो सूचकमा ताप्लेजुङ र भक्तपुर जिल्लाका स्रोतकेन्द्रहरूको कार्यसम्पादन सबैभन्दा कमजोर देखिन्छ ।
- स्थानीय स्रोत परिचालन गरी थप कार्यक्रम सञ्चालन गर्ने सवालमा डडेल्धुरा, मुगु, रसुवा र ताप्लेजुङ जिल्लाका स्रोतकेन्द्रहरू अरु जिल्लाका तुलनामा कमजोर देखिन्छन् । त्यस्तै प्रवर्तनात्मक कार्यमा कपिलवस्तु र सिरहाका स्रोतकेन्द्रहरूको कार्यसम्पादन कमजोर देखिन्छ ।
- अभिभावकहरूको सन्तुष्टि आधारमा समग्र स्रोतकेन्द्रहरूको कार्यसम्पादनको स्तर कमजोर देखिन्छ ।

## ३.३ **सिफारिस र सुझावहरू**

### ३.३.१ **नीतिगत सुझावहरू**

- स्रोतकेन्द्रहरूले नतिजामुखी कार्यक्रमहरूको निर्माण गरी विद्यालयहरूको सहकार्यमा लागू गर्ने ।
- प्रवर्तनात्मक कार्यक्रमहरूको निर्माण गर्नको लागि सबै विद्यालयहरूमा शिक्षकहरूले प्रयोग गर्ने ज्ञान र सीपहरूको लेखाजोखा गर्नको लागि निर्देशिका बनाउने ।
- कार्यमूलक अनुसन्धानलाई प्रभावकारी बनाउन शिक्षकहरूलाई अनुसन्धान खर्च उपलब्ध गराउने ।
- स्थानीय स्रोतहरू परिचालन गर्नको लागि स्थानीय स्रोत परिचालन समिति बनाउने । यो समितिले विद्यालय र समुदायको सहयोगमा स्थानीय स्रोत र साधनहरूको प्रयोग गर्न सहयोग गर्दछ ।
- सिकाइ र विद्यालय केन्द्रित कार्यक्रमहरूमा जोड दिनुपर्ने ।

### ३.३.२ कार्यक्रमगत सुझावहरू

- विषयगत शिक्षकहरूको बैठक नियमितरूपमा बोलाउने ।
- शिक्षकहरूको पेसागत विकासका लागि नियमितरूपमा तालिम र अन्य आवश्यक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- कार्यमूलक अनुसन्धानको प्रयोगलाई प्रभावकारी बनाउन नियमितरूपमा शिक्षकहरूको बैठक बोलाउने र अनुभव आदान प्रदान गर्न लगाउने । यसका साथै कक्षाकोठामा कार्यमूलक अनुसन्धानको उपयोगिताको लेखाजोखा गर्ने ।
- विद्यालय केन्द्रित कार्यक्रमहरू बनाई लागू गर्ने । यसका लागि विद्यालयका आवश्यकताहरू सङ्कलन गर्ने ।
- स्रोतकेन्द्र सुधार योजना (RCIP) निर्माण र स्रोतकेन्द्र सुधार योजना (RCIP) कार्यान्वयन गर्नका लागि स्रोत व्यक्तिहरूको क्षमता वृद्धि गर्ने कार्यक्रमहरू बनाई लागू गर्ने ।

## ३.४ निष्कर्ष

समष्टिगत रूपमा स्रोतकेन्द्रहरूको कार्यसम्पादनको स्तर सन्तोषजनक देखिएको छैन । स्रोतकेन्द्रहरूको सबैभन्दा कमजोर कार्यसम्पादनको स्तर विद्यार्थी नतिजामा देखिएको छ । त्यसैगरी योजना निर्माण र कार्यान्वयन र प्रवर्तनात्मक कार्यमा पनि स्रोतकेन्द्रहरूको कार्यसम्पादन कमजोर देखिन्छ । यो तथ्यले स्रोतव्यक्तिहरूलाई योजना निर्माण र कार्यान्वयनसँग सम्बन्धित तालिमहरू नियमित रूपमा दिनुपर्ने देखिन्छ । त्यसैगरी कार्यमूलक अनुसन्धानलाई कसरी कक्षाकोठासँग जोड्न सकिन्छ भन्ने ज्ञान र सीप पनि स्रोत व्यक्तिहरूलाई दिनुपर्ने देखिन्छ । यो नतिजाले के कुरा इङ्गित गर्दछ भने स्रोतकेन्द्रहरूलाई कि त थप सुधार गरी यसलाई प्रभावकारी बनाइनु आवश्यक छ या त यसको विकल्प खोज्नु पर्ने देखिन्छ ।

# खण्ड ४: जिल्ला शिक्षा कार्यालयको कार्यसम्पादन नतिजाको विश्लेषण

यस खण्डमा आठै ओटा जिल्ला शिक्षा कार्यालयको कार्यसम्पादन नतिजालाई विभिन्न सूचकका आधारमा अलग अलग र समष्टिगत रूपमा विश्लेषण गरिएको छ ।

## ४.१ कार्यसम्पादनको तुलनात्मक अवस्था


जिल्ला शिक्षा कार्यालयहरूको समष्टिगत कार्यसम्पादन नतिजा सामान्य (औसत ६१.९%) देखिएको छ। तलको तालिकामा देखाइए अनुसार समग्र नतिजाको आधारमा म्याग्दी जि.शि.का.को कार्यसम्पादन अरु जिल्लाको भन्दा उच्च (७६.३%) देखिएको छ। त्यसैगरी रसुवा र डडेल्धुरा जि.शि.का.का कार्यसम्पादनका औसत प्राप्ताङ्क क्रमश: ७३.८% र ७२.७% रहेको छ। म्याग्दी, रसुवा र डडेल्धुरा जिल्लाका जि.शि.का.को कार्यसम्पादन स्तर ७०% भन्दा माथि रहेकोले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको ढाँचाअनुसार त्यो कार्यसम्पादनलाई मध्यमस्तरको मान्न सकिन्छ ।

**तालिका ३३. जि.शि.का.हरूको कार्यसम्पादनको तुलनात्मक अवस्था**

| क्र.सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | योजना निर्माण, कार्यान्वयन (भार १२ ) | ५.० | ९.५ | ७.५ | ९.० | ७.५ | ८.० | ८.० | ९.० | ७.९ (६५.८३%) |
| २ | जिल्ला स्तरीय कार्यक्रम सञ्चालन (भार १०) | ५.२ | ५.७ | ६.२ | ७.९ | ५.० | ६.९ | ३.८ | ६.२ | ५.९ (५९.०%) |
| ३ | विद्यालय सुपरिवेक्षण तथा अनुगमन (भार १५) | ३.१ | १०.६ | १२.५ | १०.६ | ६.३ | ११.९ | २.५ | ११.३ | ८.६ (५७.३३%) |
| ४ | तथ्याङ्क तथा अभिलेख व्यवस्थापन (भार १०) | ६.३ | ७.१ | ८.३ | ८.३ | ९.२ | ९.२ | ७.९ | ९.६ | ८.२ (८२.०%) |
| ५ | आन्तरिक व्यस्थापन प्रक्रिया (भार भार १०) | ५.९ | ८.५ | ७.८ | ८.१ | ५.२ | ९.६ | ५.६ | ८.९ | ७.५ (७५.०%) |
| ६ | शैक्षिक व्यवस्थापकीय पक्ष (भार १५) | ६.४ | १०.५ | ११.८ | ९.५ | ७.३ | ८.२ | ६.८ | ११.८ | ९.० (६०.०%) |

| क्र. सं. | जिल्ला / सूचक | ताप्लेजुङ | भक्तपुर | सिरहा | रसुवा | कपिलवस्तु | म्याग्दी | मुगु | डडेल्धुरा | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | नतिजा (भार २०) | ८.१ | २.४ | ६.२ | १२.९ | ११.४ | १४.८ | ६.७ | ९.५ | ९.० (४५.०%) |
| ८ | प्रवर्तनात्मक कार्य (भार ४) | १.३ | ३.३ | ३.३ | ४.० | २.७ | ४.० | २.७ | ४.० | ३.२ (८०.०%) |
| ९ | सेवाग्राही सन्तुष्टि ( भार ४) | २.७ | २.७ | २.१ | ३.५ | १.६ | ३.७ | २.७ | २.४ | २.७ (६७.५%) |
| पूर्णाङ्क (प्राप्त हुन सक्ने अधिकतम अङ्क) | | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| प्राप्ताङ्क/प्रतिशत | | ४४.० | ६०.३ | ६५.८ | ७३.८ | ५६.१ | ७६.३ | ४६.६ | ७२.७ | ६१.९ |

सिरहा जि. शि. का. को कार्यसम्पादनको प्राप्ताङ्क प्रतिशत (६५.८%) औसतभन्दा बढी देखिन्छ । समग्र कार्यसम्पादनको विश्लेषण गर्दा ताप्लेजुङ र मुगु जि. शि. का. को स्थिति अत्यन्तै कमजोर देखिन्छ । यी जिल्लाहरूको प्राप्ताङ्क प्रतिशत क्रमश: ४४.०% र ४६.६% मात्र देखिन्छ। त्यसैगरी भक्तपुर र कपिलवस्तु जि. शि. का.हरूको प्राप्ताङ्क प्रतिशत क्रमश: ६०.३% र ५६.१% देखिन्छ।




जिल्ला शिक्षा कार्यालयहरूले विभिन्न सूचकहरूमा प्राप्त गरेको औसत प्राप्ताङ्क हेर्दा नतिजाको सूचकमा जि.शि.का.हरूको समग्र स्थिति न्यून (४५.०%, औसत प्राप्ताङ्क ९.००) देखिन्छ । यो सूचकमा भक्तपुर जि.शि.का.को स्थिति सबैभन्दा कमजोर (औसत प्राप्ताङ्क २.४) देखिन्छ भने म्याग्दी जि.शि.का.को कार्यसम्पादन

सबैभन्दा उच्च छ (१४.८) । त्यसैगरी विद्यालय सुपरिवेक्षण तथा अनुगमनमा मुगु, ताप्लेजुङ, र कपिलवस्तु जि.शि.का.को कार्यसम्पादन औसत (८.६) भन्दा कमजोर छ। योजना निर्माण र कार्यान्वयनमा जि.शि.का.हरूको समग्र स्थिति मध्यम (६५.८३%, जम्मा प्राप्ताङ्क ७.९) देखिए तापनि ताप्लेजुङ, सिरहा, र कपिलवस्तु जि.शि.का.हरूको कार्यसम्पादन औसतभन्दा कमजोर देखिछ । जिल्ला स्तरीय कार्यक्रम सञ्चालनमा समग्र जि.शि.का.हरूको कार्यसम्पादन मध्यम भएपनि तुलनात्मक रूपमा कमजोर (५९.०%) देखिएको छ । यो सूचकमा ताप्लेजुङ, भक्तपुर, कपिलवस्तु र मुगु जि.शि.का.हरूको कर्यसम्पादन औसतभन्दा कमजोर छ । विद्यालय सुपरिवेक्षण तथा अनुगमनमा पनि जि.शि.का.हरूको कार्यसम्पादन मध्यम (५७.३३%) देखिएको छ। यो सूचकमा ताप्लेजुङ, कपिलवस्तु र मुगु जि.शि.का. को कार्यसम्पादन औसतभन्दा कम देखिएको छ। तथ्याङ्क तथा अभिलेख व्यवस्थापनको सवालमा जि.शि.का.हरूको समग्र कार्यसम्पादन मूल्याङ्कन राम्रो (८२.०%) देखिन्छ भने शैक्षिक व्यवस्थापकीय पक्षमा जि.शि.का.हरूको कार्यसम्पादन मध्यम (६०.०%) मात्र देखिन्छ ।

## ४.२ कार्यसम्पादनको सामान्य प्रवृत्ति

- ताप्लेजुङ र मुगु जि.शि.का.हरूको कार्यसम्पादन सबैभन्दा कमजोर देखिन्छ ।
- नतिजाको आधारमा समग्र जि.शि.का.हरूको कार्यसम्पादन सबैभन्दा कमजोर देखिन्छ । यो सूचकमा भक्तपुर जि.शि.का.को कार्यसम्पादनको स्तर सबैभन्दा कमजोर छ ।
- विद्यालय सुपरिवेक्षण तथा अनुगमनमा ताप्लेजुङ र मुगु जि.शि.का.को कार्यसम्पादनको स्तर अत्यन्तै न्यून देखिन्छ ।
- जिल्ला स्तरीय कार्यक्रम सञ्चालनमा मुगु जि.शि.का.को कार्यसम्पादन स्तर सबैभन्दा कमजोर देखिन्छ भने योजना निर्माण र कार्यान्वयनमा ताप्लेजुङ जि.शि.का.को कार्यसम्पादनको स्तर सबैभन्दा कमजोर छ।
- शैक्षिक व्यवस्थापकीय पक्षमा पनि ताप्लेजुङ जि.शि.का.को कार्यसम्पादन अरु जि.शि.का.को भन्दा कमजोर छ ।

## ४.३ सिफारिस र सुझावहरू

### ४.३.१ नीतिगत सुझावहरू

- जि.शि.का.को कार्यसम्पादन सुधार गर्नका लागि एकै खालको सुधार नीतिभन्दा पनि जिल्लाहरूको विभिन्न सूचकहरूको अवस्था हेरेर जिल्ला स्तरीय सुधार योजनाहरू बनाउनुपर्दछ ।
- नतिजा सुधार गर्नको नतिजामुखी कार्यक्रमहरूको निर्माण गरी लागू गर्नुपर्दछ ।
- विद्यालयको सुपरिवेक्षणकार्यलाई प्रभावकारी बनाउन सुपरिवेक्षण क्यालेन्डर बनाई लागू गर्नुपर्दछ ।
- जिल्ला स्तरीय कार्यक्रम सञ्चालनको लागि विद्यालयहरूको सहभागितामा विस्तृत कार्ययोजना बनाउँदा राम्रो हुन्छ ।

### ४.३.२ कार्यक्रमगत सुझावहरू

- नतिजामा सुधार गर्नकोलागि विद्यालय र विद्यार्थी केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने । यसका लागि शिक्षकहरूको क्षमता वृद्धि गर्ने तालिमहरूको योजना गर्ने ।
- नतिजामा कमजोर देखिएका जिल्लाहरू (भक्तपुर, सिरहा, मुगु र ताप्लेजुङ) मा नतिजामुखी कार्यक्रमहरू सञ्चालन गर्ने ।
- जिल्ला स्तरीय कार्यक्रम सञ्चालन गर्नको लागि विद्यालयहरूको सहभागिता बनाउने ।
- योजना निर्माण र कार्यान्वनमा सुधार गर्न नियमित रूपमा प्रअहरूको बैठक आयोजना गर्ने ।

## ४.४ निष्कर्ष

जि.शि.का.को समष्टिगत नतिजा हेर्दा हिमाली जिल्लाहरू (मुगु र ताप्लेजुङ) को कार्यसम्पादनको स्तर न्यून देखिन्छ । सबैजसो सूचकमा यी जिल्लाका जि.शि.का.हरूको कार्यसम्पादन कमजोर देखिन्छ । विभिन्न सूचकहरूमा जि.शि.का.हरूको कार्यसम्पादन विश्लेषण गर्दा नतिजाको स्तर अत्यन्तै न्यून देखिन्छ। तर तथ्याङ्क र अभिलेख तथा प्रवर्तनात्मक कार्यको सवालमा भने जि.शि.का.हरूको कार्यसम्पादन मध्यम देखिन्छ। जिल्ला स्तरीय कार्यक्रम सञ्चालन र विद्यालय सुपरिवेक्षण तथा अनुगमनमा पनि जि.शि.का.हरूको कार्यसम्पादन सन्तोषजनक देखिएको छैन । यसर्थ यी कमजोर सूचकहरू लक्षित गरी सुधारका योजनाहरू बनाउनु पर्ने देखिन्छ ।

# खण्ड ५. विद्यालय, स्रोतकेन्द्र र जि.शि.का. कार्यसम्पादन नतिजाको तुलनात्मक अवस्था

फरक फरक क्षेत्र, सूचक र उपसूचकहरूका आधारमा विभिन्न शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण गरिएको हुनाले, विद्यालय, स्रोतकेन्द्र र जि.शि.का.हरूको कार्यसम्पादन नतिजाको तुलनात्मक अध्ययन गर्न कठिन छ। यद्यपि, कार्यसम्पादनको समष्टिगत मानको जिल्लागत औसत र केही समान प्रकृतिका सूचकहरूको आधारमा निम्नलिखित तुलनात्मक बुँदाहरू प्रस्तुत गरिएको छ :

## ५.१ समष्टिगत नतिजाको विश्लेषण

- कार्यसम्पादनको समष्टिगत नतिजालाई हेर्दा जि.शि.का. र स्रोतकेन्द्रहरूबीचको कार्यसम्पादन स्तरमा अन्तरसम्बन्ध देखिन्छ । अर्थात्, राम्रो कार्य सम्पादन गर्ने जि.शि.का. अन्तर्गतका स्रोतकेन्द्रहरूको कार्यसम्पादन पनि राम्रै पाइएको छ र कमजोर कार्यसम्पादन भएका जिल्लाका स्रोतकेन्द्रको कार्यसम्पादन पनि कमजोर नै देखिन्छ (जि.शि.का. सिरहा बाहेक जहाँ जि.शि. का. को कार्यसम्पादनस्तरमा केही समयदेखि सुधार आएकोले त्यसको प्रत्यक्ष प्रभाव स्रोतकेन्द्रहरूमा पुग्न समय लागेको हुन सक्छ) । उदाहरणका लागि सबैभन्दा राम्रो कार्यसम्पादन गर्ने जि.शि.का. मा म्याग्दी पर्दछ भने राम्रो कार्यसम्पादन गर्ने स्रोतकेन्द्र रहेको जिल्ला पनि म्याग्दी नै रहेको छ। त्यसैगरी कमजोर कार्यसम्पादन गर्ने जि.शि.का. ताप्लेजुङका स्रोतकेन्द्रहरूको कार्यसम्पादन पनि कमजोर नै रहेको छ ।
- जि.शि.का. र स्रोतकेन्द्रहरूको कार्यसम्पादनको अवस्था र स्तरको भने विद्यालयको कार्यसम्पादनमा खासै सम्बन्ध रहेको पाइएन । जस्तैः सबैभन्दा राम्रो कार्यसम्पादन गर्ने विद्यालयहरू रहेको भक्तपुर जिल्लाका जि.शि.का. र स्रोतकेन्द्रहरूको कार्यसम्पादन स्तर अन्य जिल्ला (जस्तैः म्याग्दी, रसुवा र डडेल्धुरा) भन्दा कमजोर छ भने जि.शि.का. र स्रोतकेन्द्रहरूको कार्यसम्पादन स्तर कमजोर रहेको ताप्लेजुङ जिल्लाका विद्यालयको कार्यसम्पादन स्तर सामान्य रहेको छ। यसबाट विद्यालयहरूको कार्यसम्पादनमा जि.शि.का. र स्रोतकेन्द्रको भन्दा पनि विद्यालयको आफ्नै प्रयास महत्त्वपूर्ण हुन्छ भन्ने देखिन्छ।

## ५.२ सूचकमा आधारित तुलनात्मक अवस्था

- समग्र कार्यसम्पादनको स्तर मूल्याङ्कन गर्दा सबै शैक्षिक निकायहरू नतिजाको सूचकमा कमजोर देखिन्छन् । यो सूचकमा स्रोतकेन्द्रहरूको कार्यसम्पादनको स्तर सबैभन्दा कमजोर छ ।
- सेवाग्राही सन्तुष्टिको आधारमा हेर्दा पनि स्रोतकेन्द्रहरूको कार्यसम्पादन विद्यालय र जि.शि.का.को भन्दा

कमजोर देखिएको छ ।

- शिक्षकहरूको पेसागत विकासको अवस्था अरु शैक्षिक निकायहरूका कर्मचारीको पेसागत विकासको अवस्थाभन्दा कमजोर देखिन्छ ।
- योजना निर्माणमा विद्यालयहरूको कार्यसम्पादन स्तर जि.शि.का. र स्रोतकेन्द्रहरूको भन्दा कमजोर छ ।
- आफ्नो निकायसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने सवालमा जि.शि.का.हरू भन्दा स्रोतकेन्द्रहरूको कार्यसम्पादन स्तर केही राम्रो देखिन्छ ।
- विद्यालय सुपरिवेक्षण तथा अनुगमनमा जि.शि.का.हरूको कार्यसम्पादन स्रोतकेन्द्रहरूको भन्दा कमजोर देखिन्छ ।
- तथ्याङ्क तथा अभिलेख व्यवस्थापनमा जि.शि.का.हरूको कार्यसम्पादन स्रोतकेन्द्रहरूको कार्यसम्पादनभन्दा केही राम्रो देखिएको छ ।
- प्रवर्तनात्मक कार्यमा जि.शि.का.हरूको कार्यसम्पादन उच्च देखिन्छ भने यो सूचकमा स्रोतकेन्द्रहरूको कार्यसम्पादन अति कमजोर छ ।
- सेवाग्राही सन्तुष्टिको सवालमा भने जि.शि.का. र स्रोतकेन्द्रहरूको कार्यसम्पादन स्तर समान रहेको छ ।

# खण्ड ६. समग्र सिफारिस र सुझावहरू

यस खण्डमा विद्यालय, स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयको कार्यसम्पादन परीक्षणका नतिजाका आधारमा निश्चित नीतिगत र कार्यक्रमगत सिफारिस र सुझावहरू प्रस्तुत गरिएका छन् ।

## ६.१ नीतिगत सुधारकालागि सिफारिस र सुझावहरू

- विद्यालयहरूले कार्यसम्पादन परीक्षणबाट औंल्याइएका क्षेत्रमा सुधार गर्न स्थानीय निकायको सहकार्यमा निश्चित योजना बनाउने नीति स्थानीय निकायमार्फत तयार गरिनुपर्दछ । मुगु र सिरहा जिल्लाका विद्यालयहरूको कार्यसम्पादन सुधार गर्न स्थानीय निकायको सहयोगमा विशेष नीति र कार्यक्रमहरूको निर्माण गर्नुपर्ने देखिन्छ ।
- विद्यालय शिक्षा हेर्ने केन्द्रीय र प्रादेशिक निकायले विद्यालयहरूको भौतिक स्थिति सुधार गर्नका लागि जिल्लाका सम्पूर्ण विद्यालयहरूको विस्तृत अध्ययन गरी आवश्यक योजना बनाउन सक्ने गरी नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- भक्तपुर, कपिलवस्तु र म्याग्दी बाहेकका जिल्लाका विद्यालयहरूको भौतिक अवस्था (जस्तैः चमेना गृह, पुस्तकालय, विज्ञान प्रयोगशाला, तथा शिक्षण सिकाइमा कम्प्युटरको प्रयोग) कमजोर देखिएकोले यी जिल्लाहरूको विद्यालयहरूको भौतिक अवस्था सुधार गर्न स्थानीय निकाय र विद्यालय व्यवस्थापन समितिहरूले सहकार्य गरी स्थानीय स्रोतको खोजी गर्ने नीतिगत र कार्यक्रमगत व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- लैङ्गिक अनुपात सुधार गर्न महिला शिक्षकहरूको सङ्ख्या बढाउन स्थानीय रूपमा र केन्द्रबाट नियुक्त हुने कोटामा महिला शिक्षकलाई प्राथमिकता दिने नीति विद्यालय र स्थानीय तहमा तयार गरिनुपर्छ ।
- शिक्षकहरूको सूचना प्रविधि प्रयोगको क्षमता सुधार गर्न र विद्यालयमा सूचना प्रविधि सुविधाहरू उपलब्ध गराउन स्थानीय निकायको सहकार्यमा निश्चित नीति तयार गरिनुपर्दछ ।
- समुदायको सहभागिता बढाउन विद्यालयहरूमा समुदायमा आधारित कार्यक्रम निर्माण गर्ने नीति विद्यालय सुधार योजनामा उल्लेख हुनुपर्दछ ।
- कक्षा शिक्षणमा सुधार ल्याउनको लागि शिक्षण सिकाइलाई बालकेन्द्रित र परिणाममुखी बनाउन विद्यालयलाई सिकाइ सुधार योजना निर्माण गर्न आवश्यक पर्ने प्राविधिक र भौतिक सहयोग पुऱ्याउने नीति केन्द्रीय र स्थानीय तहमा निर्माण गरिनुपर्दछ ।
- शिक्षकहरूको पेसागत विकासलाई सुधार गर्न राम्रो कार्यसम्पादन गर्ने शिक्षकहरूलाई प्रोत्साहन र सुविधाको व्यवस्था गर्ने र कमजोर शिक्षकलाई थप तालिमको अवसर उपलब्ध गराउने नीतिगत व्यवस्था

गरिनुपर्दछ ।

- शिक्षक अभिभावक संघको गठन, बैठक र क्रियाशीलतालाई जोड दिन स्थानीय र केन्द्रीय निकाय मार्फत अनुगमन र सहयोग पुऱ्याउने नीति तयार गरिनुपर्दछ ।
- हरेक विद्यालयहरूलाई प्रवर्तनात्मक कार्यहरूको खोजी गरी विद्यालयहरूमा लागू गर्न प्रोत्साहित गर्नुका साथै त्यस्ता प्रवर्तनात्मक कार्य गर्ने विद्यालयहरूलाई पुरस्कार वा प्रोत्साहन दिने स्थानीय निकायको नीति हुनुपर्दछ ।
- सिकाइ उपलब्धि सुधार गर्न हरेक विद्यालयले निश्चित नीति र कार्यक्रम बनाइ लागू गर्नुपर्दछ र यसमा स्रोतव्यक्तिले आवश्यक सहयोग पुऱ्याउनुपर्दछ ।
- नतिजा शीर्षकमा स्रोतकेन्द्रहरूको कार्यसम्पादन सुधार गर्नको लागि हरेक स्रोतकेन्द्रले आफ्नो सेवाक्षेत्र भित्रका विद्यालयहरूको शैक्षिक उपलब्धिको विवरण अद्यावधिक राखी तोकिएका सूचकहरूको गणना गर्नुपर्दछ ।
- स्रोतकेन्द्र सुधार योजना (RCIP) निर्माण र कार्यान्वयनको लागि आवश्यक नीति नियमहरू बनाउने । साथै कक्षा अवलोकन र प्रअ र शिक्षकसँग बैठकहरूलाई प्रभावकारी बनाउन आवश्यक योजनाहरू बनाउनु पर्दछ ।
- उत्तरदायित्वको स्पष्ट ढाँचा निर्माण गरी विद्यार्थीको सिकाइप्रति उत्तरदायी हुने परिपाटीका लागि स्पष्ट नीतिगत व्यवस्था गरिनु आवश्यक देखिन्छ ।

## ६.२ कार्यक्रमगत सुधारका लागि सिफारिस र सुझावहरू

- जिल्ला, स्थानीय र विद्यालय तहमा शिक्षकको पेसागत विकाससँग सम्बन्धित कार्यक्रमहरू तयार गरी त्यस्ता कार्यक्रमको नियमितरूपमा सञ्चालन गर्नु पर्दछ । पेसागत विकासका लागि प्राप्त अवसरमा प्र.अ.द्वारा सबैको समान अवसरको सुनिश्चितता गर्नुपर्दछ ।
- कक्षा शिक्षणलाई प्रभावकारी बनाउने सीपमा आधारित तालिमहरू सञ्चालन गर्ने । यस्ता तालिमहरूले योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, शिक्षण सुधार योजना, शिक्षणमा प्रविधिको प्रयोग, तथा कार्यमूलक अनुसन्धानलाई प्रभावकारी बनाउने उपायहरूलाई जोड दिनुपर्दछ ।
- विद्यालयतहमा निश्चित योजना र कार्यक्रम बनाई उत्तरपुस्तिका परीक्षण र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउन प्र.अ.ले पहल गर्नुपर्दछ । साथै नतिजा प्रकाशन तथा परीक्षाफलको विश्लेषण र प्रयोग गर्ने सम्बन्धी शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने स्थानीय र केन्द्रीय तहबाट शिक्षकलाई आवश्यक तालिमको व्यवस्था गर्नुपर्दछ ।
- स्रोतव्यक्ति र स्थानीय निकायले विद्यालयहरूलाई शिक्षकको क्षमता विकास गर्न तालिम तथा स्रोत कक्षा सञ्चालन गर्न सहयोग गर्नु उपयुक्त देखिन्छ । साथै, विद्यालय तहमा शिक्षकहरूलाई अवलोकन भ्रमण तथा स्वअध्ययन सामग्रीहरू उपलब्ध गराउने ।

- विद्यालय, स्रोतकेन्द्र र स्थानीय निकायद्वारा स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोगमा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू निर्माण गरी सञ्चालन गर्न उपयुक्त हुन्छ ।
- अधिकांश विद्यालयहरूको एस.एल.सी. मा औसत GPA कमजोर देखिएकोले प्र.अ.द्वारा विषयगत शिक्षकहरूलाई सिकाइ सुधार योजना बनाई शिक्षण गर्न लगाउनुका साथै त्यसको प्रत्यक्ष सुपरिवेक्षण र अनुगमन गर्नु पर्दछ ।
- स्रोतव्यक्तिहरूलाई योजना निर्माण, कार्यान्वयन र केन्द्र व्यवस्थापनसँग सम्बन्धित क्षमता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ । यसका साथै स्रोतव्यक्तिहरूलाई स्रोतकेन्द्र स्तरीय सिकाइ उपलब्धिका विवरण अद्यावधिक गराउन लगाउनु पर्दछ ।
- स्रोतकेन्द्रहरूले नियमित रूपमा विषय शिक्षकहरूको बैठक र कार्यमूलक अनुसन्धानलाई प्रभावकारी बनाउनको लागि विद्यालयहरूसँग सहकार्य गरी विद्यालयलाई आवश्यक पर्ने प्राविधिक सहयोग प्रदान गर्नु उपयुक्त देखिन्छ ।
- निरन्तर मूल्याङ्कनलाई प्रभावकारी बनाउनको लागि स्रोत व्यक्तिहरूले विद्यालयहरूलाई आवश्यक पर्ने सहयोग प्रदान गर्नु उपयुक्त हुन्छ । खास गरी स्रोतव्यक्तिहरूले निरन्तर मूल्याङ्कनका फाराम कसरी भर्ने र कसरी सिकाइ प्रगतिको अभिलेख राख्ने भन्ने बारेमा छोटो तालिम दिन सकिन्छ ।
- स्रोतकेन्द्रहरूले नियमित रूपमा नमुना कक्षा प्रदर्शन र सिकाइ उपलब्धि सुधार योजना बनाई आफ्नो क्षेत्रभित्रका विद्यालयहरूलाई सुपरिवेक्षण सहयोग प्रदान गर्नु आवश्यक देखिन्छ ।
- जि.शि.का.हरूले नियमित रूपमा जिल्ला स्तरीय कार्यक्रम सञ्चालनको अवस्था लेखाजोखा गरी प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि जिम्मेवारीसहितको योजना र नीति निर्माण गर्नु उपयुक्त हुन्छ ।

## ६.३ कार्यसम्पादन परीक्षण नतिजाको प्रयोग

- यो कार्यसम्पादन परीक्षणको नतिजा समग्र विद्यालयहरूको कार्यसम्पादन सुधार गर्नका लागि योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन गर्ने आधारको रूपमा प्रयोग गर्न सकिन्छ ।
- विद्यालयहरूको विभिन्न क्षेत्र र सूचकहरूमा कार्यसम्पादन स्तरको आधारमा नीति, योजना र कार्यक्रमहरूको निर्माण र कार्यान्वयनको लागि यो अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई प्रयोग गर्न सकिन्छ । जस्तैः भौतिक अवस्था र समुदायको सहभागिता र लगानीको आधारमा विद्यालयहरूको कार्य सम्पादन कमजोर देखिएकोले यी क्षेत्रहरूको स्तर बढाउन विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- शिक्षकको पेसागत विकासका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्नका लागि यो कार्यसम्पादनको नतिजालाई प्रयोग गर्न सकिन्छ ।
- विद्यालयहरूको लगानी, प्रक्रिया र समग्र नतिजा सुधार गर्नको लागि कुन कुन सूचकमा बढी काम गर्नुपर्दछ भनी योजना तयार गर्दा यो कार्यसम्पादनको नतिजालाई प्रयोग गर्न सकिन्छ ।

- विद्यार्थी मूल्याङ्कन र कक्षा शिक्षणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने कुराको लेखाजोखा गर्न र आवश्यक कार्यक्रमहरू सञ्चालन गर्नको लागि यो अध्ययनको नतिजाहरू उपयोगी हुन्छन् ।
- कार्यमूलक अनुसन्धान, शैक्षिक सामग्रीहरूको प्रयोग, र शिक्षण सुधार योजनाहरूको वर्तमान स्थिति बुझ्न यो कार्यसम्पादन मूल्याङ्कनले सहयोग पुर्याउँछ ।
- जिल्लागत र विद्यालयगतरूपमा विद्यार्थीहरूको सिकाइ उपलब्धिको स्थिति के कस्तो छ भन्ने थाहा पाउनको लागि यो कार्यसम्पादनको नतिजा उपयोगी स्रोत हुनसक्छ ।
- समग्र स्रोतकेन्द्रहरूको कार्यसम्पादनको अवस्था थाहा पाउन र आवश्यक सुधारका उपायहरूको खोजी गर्न यो अध्ययनको नतिजा उपयोगी हुनसक्छ ।
- जि.शि.का.हरूले विभिन्न क्षेत्रहरूमा गरेका कार्यहरूको स्तर बुझ्न र सुधारका लागि आवश्यक नीति र कार्यक्रमहरूको निर्माण र कार्यान्वयन गराउनमा यो कार्यसम्पादनको नतिजाहरू उपयोगी हुन सक्छन् ।
- नीतिगत र कार्यक्रमिक सुधार तथा परिवर्तन गरी कार्यसम्पादनमा सुधारका लागि सरकारका विभिन्न तहले यो कार्यसम्पादन परीक्षणका नतिजा र पृष्ठपोषणलाई आधार मान्न सक्दछन् भने कार्यसम्पादन परीक्षण गरिएका विद्यालय तथा निकायहरू आफैंले पनि यी नतिजा र पृष्ठपोषणका आधारमा आफ्ना योजना, कार्यक्रम तथा अभ्यासहरूमा सुधार तथा परिवर्तन गरी कार्यसम्पादनमा सुधार गर्न सक्दछन् ।

## ६.४ आगामी समयमा कार्यसम्पादन परीक्षण प्रतिवेदन तयारीका लागि सिफारिस र सुझावहरू

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कार्यसम्पादन परीक्षणका तथ्याङ्कहरू प्रविष्ट गर्न छुट्टै सफ्टवेयर निर्माण गर्नुपर्दछ र छनौट भएका संस्थालाई सोसम्बन्धी आवश्यक तालिम उपलब्ध गराउनुपर्दछ ।
- छनौट भएका संस्थाले कार्यसम्पादन परीक्षण पश्चात् प्राप्त तथ्याङ्कहरूको कम्प्युटरमा दोहोरो प्रविष्ट गरी विज्ञको सहयोगमा त्यस्ता तथ्याङ्कमा त्रुटि नरहेको कुरा एकीन गर्नुपर्दछ ।
- कार्यसम्पादन परीक्षणबाट विभिन्न सूचकहरूमा देखिन सक्ने सम्बन्धको लेखाजोखा गर्न प्राप्त नतिजाको तथ्याङ्कशास्त्रीय विश्लेषणमा आधारित छुट्टै अध्ययन प्रतिवेदन तयार गर्नुपर्दछ ।

# सन्दर्भसूची

INTOSAI (2015). *Standards and guidelines for perofmance auditing based on INTOSAI's stamdards and practical experiences.* Copenhagen: INTOSAI. Retrieved from http://www.issai.org/media/13517/performance_audit_guidelines_e.pdf

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७२), *जिल्ला शिक्षा कार्यालय कार्यसम्पादन परीक्षण साधन २०७२, स्रोतकेन्द्र कार्यसम्पादन परीक्षण साधन २०७२ र सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण साधन २०७२,* भक्तपुरः शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७३), *शैक्षिक निकाय कार्यसम्पादन परीक्षणको ढाँचा २०७३,* भक्तपुरः शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७३ क), *कार्यसम्पादन परीक्षण प्रतिवेदन - २०७२,* भक्तपुरः शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।